
ISSN 2091-1769

# शब्द संयोजन

वर्ष २२, अङ्क ६, पूर्णाङ्क २५७, २०८२ असोज



# शुभारम्भ



## कृष्ण धरावासी

हिमालमाथि धेरैले पुस्तकहरू लेखेका छन् । ती सबैको म यहाँ चर्चा गर्दिन । यो पुस्तकका बारेमा केही लख्नुअघि एउटा किताबबारे केही भन्न मन लागेको छ । मैले योभन्दा पहिले मनोयोगले पढेको हिमालमाथि उपन्यासका रूपमा लेखिएको किताब हो -जानकीप्रसाद पराजुलीको 'हिमालको भरिया' । यस किताबले हिमालको दुःखलाई जसरी देखाएको छ मैले भवानीको किताबमा पनि ती दुःखहरू महसुस गरिरहेँ । पढ्नथालेपछि नछोडी पानाहरू पल्टिएका कारण चाहिँ यस पुस्तकले गरेको यात्रामा पाठकलाई पनि सँगसँगै तान्दै, डोहोर्‍याउँदै, ठेल्दै गन्तव्यसम्म लगिरहने आख्यानात्मक लेखनशैली, व्याख्यानको आकर्षण, यात्रीभित्र रहेको चुनौती स्वीकार गर्ने आत्मशक्ति आदि हुन् । लेखकले यसअघि पनि हिमालक्षेत्रको भ्रमण गरेका संस्मरणहरू प्रकाशन गरिसकेकीले यस पुस्तकमा उनको लेखनशैलीतिर पाठकचेतले अलमल गरिरहनु थिएन । ती लेखहरूले नै उनको लेखनशक्तिको सीमाको निर्धारण गरिसकेकै हो । लेखकले एक्लै हिमालीयात्रामा निस्कन गरेको आँट नै पाठकका लागि पहिलो पठनचुनौती थियो । किताबका हरेक पानामा लेखकले यात्रालाई त्यहाँसम्म पुर्‍याउलिन् के हौजस्तो लागिरहन्छ तर उनलाई तानेको हिमालीसौन्दर्यको लठारोले हिउँका भिराला र अक्करिला गोरेटाहरू पनि अलमल्ल परेर बाटो दिइरहन्छन् । यात्रा भनेको बाटोको खराबी र लक्ष्यको दूरी होइन रहेछ । यात्रा त इच्छा र अठोटको झोलुङ्गे साँघु रहेछ जसले हल्लाउँदै, रिँगटा लगाउँदै पनि पारि पुर्‍याउने रहेछ । यो यात्राभरि भवानी खतिवडालाई हामी पाठकले लड्यो लड्यो, खुस्क्यो खुस्क्यो, समात समात भन्दै पारि पुर्‍याइरहनुपर्छ । पाठकलाई यति सास्ती दिने हिमाल चाहिँ किन चढ्नुपरेको होला के !

*(नियात्राकार भवानी खतिवडाको 'प्रणाम सगरमाथा' नियात्रासङ्ग्रहको 'पाण्डुलिपि पढेरै चकित भएँ' शीर्षकको भूमिकाबाट साभार)*

❖ सम्पादकीय

# भदौ २३

## असमयमै निमोठिएका मुनाहरूप्रति
## हार्दिक श्रद्धाञ्जली !

# भदौ २४

# आशा...!

## यस अङ्कमा


**विशेष संवाद**

समुदाय...- *आभा सेतु सिंह/१०*

**गीत/कविता/**

गीत -*लीलाराज दाहाल/२६*

चोकको...- *मधुर भट्टराई/२७*

भानु बनेर... - *ओमप्रसाद कोइराला/२८*

मौन...- *यशोदा अधिकारी/३६*

सपना- *ख्यालमान राई (सुच्चा)/३७*

हेलिकप्टर- *रामचन्द्र दाहाल/५२*

पुजारी...- *डा. गोविन्दप्रसाद आचार्य/५३*

एउटा- *केशव थापा/६४*

**अनुवाद/कविता**

सम्झना/आध्यात्मिक.../

आश्चर्य- *काजिमिर्याज बुर्नट/२०*

**लघुकथा/विलोम लघुकथा**

खिर... - *डा. विष्णुप्रसाद दाहाल/३८*

अदृश्य- *नारदप्रसाद आचार्य 'सुदामा'/४५*

युवती...- *दीपक लोहनी/५०*

मेरो...- *पद्मप्रसाद शर्मा/५१*

**यसपटक**

*भवानी खतिवडा/७*

**निसमालोचना/संस्मरण/नियात्रा/समीक्षा**

'मछलीवाला'... - *नन्दलाल आचार्य/२१*

विजय... - *तारा गाउँले/२९*

अमेरिकाको... - *रमेश पोखरेल/३९*

सत्र... - *डा. घनश्याम न्यौपाने 'परिश्रमी'/४६*

४५६औं साहित्य... - *डा. राजेन्द्रप्रसाद अधिकारी/५४*

**स्थायी स्तम्भ**

**शिखर व्यक्तित्व**

*आख्यानकार इन्द्र सुन्दास/६*

**निरन्तर...**

वासुदेव अधिकारी/५७

**समाचार**/६१

**अनूभूति**

*प्रा. डा. रमेशप्रसाद भट्टराई/६३*



**शब्द-संयोजन** (मासिक साहित्यिक प्रकाशन) वर्ष २२ अङ्क ६ पूर्णाङ्क २५७/२०८२ असोज

जिप्रकाका द.नं. ९४/२०६०/०६१

**सल्लाहकार** : डा. मोदनाथ प्रश्रित, प्रा. डा. जीवेन्द्र देव गिरी, राम विनय प्रा. केशव सुवेदी, ई. महेन्द्र गुरुङ

**प्रधान सम्पादक तथा प्रकाशक**: वासुदेव अधिकारी

**कार्यकारी सम्पादक**: रमेश पोखरेल

**सम्पादक**: सुमी लोहनी, रूपक अलङ्कार

**अन्तर्वार्ता संयोजन**: अच्युत घिमिरे

**वेभ संयोजन**: प्रशान्त खरेल

**कला**: गणेशकुमार जी.सी.

**आवरण चित्र**: गुगल

**प्रतिनिधि**: पुण्यप्रसाद खरेल(झापा), डा. हरिप्रसाद तिमिल्सिना (नेपालगन्ज), नमुना शर्मा (चितवन)

Email : s_samyojan@yahoo.com website: sahityasandhya.org.np

**मुद्रण**: विनायक प्रेस, धोबिधारा, काठमाडौँ, मो.९८४१४४७३२२

**साजसज्जा**: टच क्रिएसन प्रा. लि., फोन ०१-५३१५४४८

# आख्यानकार इन्द्र सुन्दास

नेपाली साहित्यको इतिहासमा नेपाली भाषा र विकासका निमित्त सम्पूर्ण जीवन समर्पण गर्ने विशिष्ट व्यक्तित्वको विभिन्न कालखण्डमा उदय भइरहन्छ । त्यस्तै विशिष्ट व्यक्तित्वमध्ये एक हुन् इन्द्र सुन्दास । आधुनिक नेपाली साहित्यको इतिहासमा सुन्दासलाई अलग्याएर नेपाली साहित्यको अध्ययन गर्न सकिदैन । इन्द्र सुन्दासको जन्म १९७६ मा दार्जीलिङमा भएको हो । उनका पिताको नाम सन्तवीर सुन्दास र माताको नाम बालुमाया सुन्दास थियो । घरको जेठो सन्तानका रूपमा उनको जन्म भएको हो । उनको पुर्ख्यौलीको विषयमा भने उनका बाजे शवमाया आचार्य नाम गरेकी एक सुन्दरी कन्यासित मोहमा परी प्रेम विवाह गरेका कारण तत्कालीन कट्टर जातीय विभेदको सिकार हुने भयले नेपाल छोडी मुग्लान पसेका थिए भन्ने कुरा जानकारीमा रहेको पाइन्छ ।

सुन्दासको वाल्यावस्था जन्मथलो सिपाहीधुरामा नै बित्यो । उनको प्रारम्भिक शिक्षाको सुरुवात जन्मथलोबाट नै भएको थियो । हुने बिरुवाको चिल्लो पात भनेझैँ उनी लेखपढमा सानैदेखि सिपालु थिए । नेपाली साहित्यप्रति रुचि उनमा सानै अवस्थादेखि थियो । उनी सूर्यविक्रम ज्ञावली, धरणीधर शर्मा, पारसमणि प्रधानजस्ता धुरन्धर गुरुको साथ भएका थिए । उनको पहिलो कथा परिवर्तन पत्रिकामा 'सर्वोपकारी' शीर्षकमा छापिएको थियो । जीवनजगत्लाई नजिकबाट हेरेका सुन्दासका कथाहरूमा पनि जीवन र जगत्का विषयहरू मुख्य रूपमा आएका हुन्छन् । साथै गुरुप्रसाद मैनाली र रूपनारायण सिंहका जस्तै उनका कथामा पनि रोमान्टिक भावधारा अनि ग्राम्य जनजीवनका परिदृश्य रहेका भेटिन्छन् । उनका 'चामलको महँगी', 'काशी', 'अद्भुत रोग', 'खाजा' आदि उत्कृष्ट आख्यानहरू प्रकाशित भएका छन् ।

उनी एक असल कथाकार हुनुका साथै एक सफल उपन्यासकार पनि हुन् । उनका 'जुनेली', 'रेखा', 'नियति', 'पद्मा नदीको माझी' आदि उपन्यास पनि प्रकाशित भएका छन् । यसका साथै विविध भाषामा रहेका आख्यानहरूलाई नेपाली भाषामा अनुवाद गर्ने कार्यमा पनि उनको महत्त्वपूर्ण योगदान रहेको छ । जीवनको उत्तरार्धमा उनलाई डायबिटिज रोगले सताउन थालेको थियो । जसका कारण सन २००३ मा ८५ वर्षको उमेरमा यस संसारबाट सदाका लागि उनी बिदा भए । उनी यस संसारमा नभए पनि उनका कृत्यले उनलाई नेपाली समाज र नेपाली साहित्यमा सधैँ अमर बनाउने छ भन्ने कुरामा कुनै अत्युक्ति हुँदैन ।

*-रूपेश अधिकारी*

# यसपटक



## ❖ भवानी खतिवडा

वि.सं.२०३० असार १२ मा उदयपुर जिल्लाको नेपालटारमा माता अम्बिकादेवी खतिवडा र पिता डिल्लीप्रसाद खतिवडाकी सुपुत्रीका रूपमा जन्मिएकी भवानी खतिवडाले त्रिभुवन विश्वविद्यालयबाट कृषि डिप्लोमा, बी.एड., कानुनमा एलएलबी र ग्रामीण विकासमा स्नातकोत्तर उत्तीर्ण गरी हाल नेपाल सरकारको सेवामा रहनुभएको छ। हाल तीनकुने, काठमाडौँमा बसोवास गरिरहेकी खतिवडाका 'घामभन्दा पहिले' नियात्रा २०७८, 'चारखोलाको आँगनीमा' पद्यनियात्रा २०७९, 'आकाश ओढेको डोल्पो' नियात्रा २०८०, 'प्रणाम सगरमाथा' नियात्रा २०८१ जस्ता नियात्राका कृति प्रकाशित भएका छन्। 'छन्द सारथी', 'हिमाल हेर्ने पाइलाहरू', 'नेपाली प्रतिनिधि नियात्रा'जस्ता कृतिको सम्पादनसमेत उहाँले गर्नुभएको छ। विभिन्न पुरस्कार तथा सम्मानसमेत प्राप्त गर्नुभएकी र विभिन्न सङ्घसंस्थामा क्रियाशीलता पनि देखाइरहनुभएकी खतिवडा प्रकृतिको जीवन्त चित्रण गर्ने, सामाजिक बेथितिलाई शालीन ढङ्गले उजागर गर्ने र रूपान्तरणको ध्वन्यार्थ बडो सुन्दर तरिकाले सम्प्रेषण गर्ने, सुन्दर विम्ब प्रयोगका माध्यमबाट सिर्जनालाई अत्यन्त कलात्मक पार्ने स्रष्टा हुनुहुन्छ। स्रष्टा खतिवडाका तीनओटा कविता हामीले 'यसपटक' स्तम्भमा समावेश गरेका छौँ।

शार्दूलविक्रीडित छन्दको 'त्यो जुरेली चरी' शीर्षकको कवितामा प्रकृतिको अत्यन्त मनोहारी एवम् सुरम्य वर्णन गरिएको छ र जुरेली चरीको स्वच्छ, निश्छल, स्वतन्त्र जीवनचर्याको वर्णनका माध्यमबाट मानवीय स्वतन्त्रताको अपेक्षासमेत गरिएको छ। 'युवा हे ! देशमा फिर' शीर्षकको कवितामा युवाले यो मुलकको विकास हाँक्नसक्छन्, युवाले नै अन्याय अत्याचारको अन्त्य गर्नसक्छन् र परिवर्तन गर्नसक्छन् तर तिनै देश बनाउने युवा पलायन भइरहेको पीडाका जीवन्त चित्रणका माध्यमबाट युवालाई आफ्नै देशमा रगतपसिना बगाउन आह्वान गरिएको छ। 'कृपा शारदाको मिलोस् लेख्नलाई' शीर्षकको कवितामा सङ्घर्षमा रमाउन, सत्कर्म गर्न, बाधा, पीडा र दुःख सहने र उद्देश्यमा अडिग रहने सामर्थ्य प्राप्तिको अपेक्षा गरिएको छ।

# त्यो जुरेली चरीको

डाली डाली चिरबिर गरी भुर्भुराई डुलेको
खोजी गर्दै जल र कनिका आँगनीमा भुलेको
क्वैली बोल्दा मृदु लयसँगै तालमा रौसिएको
देखेँ मैले अभिनव-कला त्यो जुरेली चरीको ।

छर्दै आए रविकिरणले शीतमा स्वर्ण रङ्ग
उठ्छन् मेरा पनि हृदयमा कल्पनाका तरङ्ग
कल्पैँ मीठो धुन मधुरिमा प्रीतिको बाँसुरीको
नौलो जादू प्रकटित हुँदा त्यो जुरेली चरीको ।

यो स्वच्छन्दी प्रिय पवनले स्पर्श गर्दा मलाई
उर्ली आयो प्रणय-सरिता चित्तमा छङ्छङाई
झल्को आयो अझ रहरिलो प्रीत पोख्ने झरीको
हेर्दाहेर्दै अनुपम कला त्यो जुरेली चरीको ।

नाच्छे आफ्ना रहर बटुली स्वच्छ राखेर चाख
हुन्छे आल्हादित प्रकृतिको स्निग्ध पाएर काख
डाँफे मैना ढुकुर र सुगा कोकले गौँथलीको
साटूँ माया हृदयभरिको त्यो जुरेली चरीको ।

डुल्छन् कैले नयन वनका फूलमा पालुवामा
फुल्छन् कैले रहर मनका खोँचमा बालुवामा
यी आँखा नै झलमल हुने शृङ्खला-जिन्दगीको
देखेँ यस्तै समय सुखको त्यो जुरेली चरीको ।

# कृपा शारदाको मिलोस् लेख्नलाई

तिमी आँट देऊ म ऊर्जा बटुल्छु
तिमी भाव देऊ म सङ्गीत भर्छु
बितोस् जिन्दगी सिर्जनामा रमाई
कृपा शारदाको मिलोस् लेख्नलाई !

यिनै सिर्जनामा खुसी साँच्नलाई
खपी विघ्नबाधा सकूँ हाँस्नलाई
उठूँ नित्य सत्सिर्जना जग्मगाई
कृपा शारदाको सदा होस् मलाई !

जलाई दियो ध्वान्त फाल्नै छ बाँकी
सयौँ दुःखका छिद्र टाल्नै छ बाँकी
डटी कर्ममा हिँड्नुपर्दा रमाई
कृपा शारदाको सदा होस् मलाई !

म खोल्सी, बढूँ सिन्धुमा मिल्नलाई
सकूँ काव्यका बागमा फुल्नलाई
भरूँ शब्दमा सृष्टि सौन्दर्यलाई
कृपा शारदाको सदा होस् मलाई !

परून् जत्ति आघात पीडा मलाई
सकूँ बाँच्न उत्साह-आशा जगाई
बनोस् सिर्जना जिन्दगीको कमाइ
कृपा शारदाको मिलोस् लेख्नलाई !

# युवा हे ! देशमा फिर

छन् बाहु वज्रझैँ तिम्रा सुनामी रोक्न सक्तछौ
छन् दीप्त चेतना तिम्रा अँध्यारो छेक्न सक्तछौ
छ उत्साह झनै अग्लो सक्छौ गर्न पराक्रम
हे युवा ! श्रममा तिम्रा फुल्छन् उद्यम नूतन ।

तिम्रा सङ्घर्षले मात्रै उठ्छन् निर्माणका जग
तिम्रै सङ्कल्पले खुल्छन् सिर्जनाका नयाँ पथ
सक्छौ पौरुषले आफ्नो हिमालसरि अग्लिन
सक्छौ संज्ञानले उठ्तै जूनताराहरू छुन ।

नकारात्मकतालाई सक्छौ शून्य बनाउन
सारा अन्यायका खाल्डा सक्तछौ तह लाउन
तिमी जागे जिमी हाँस्छिन् फक्रन्छन् चेतनाहरू
तिमी लागे धराभित्रै उम्रन्छन् सृजनाहरू ।

हो, तिमी हार्न जान्दैनौ जालीझेली कसैसित
तिम्रै विचारले हुन्छ देश यो आत्मजागृत
तिमी सम्भावना आफैँ, पिपासु ज्ञानका तिमी
हौ युगीन प्रभापुञ्ज नव-सन्धानका तिमी ।

तर हे देशका रत्न ! गयौ अन्तै रमाउन
प्यारो यो जन्मभूलाई सक्छौ बिर्सेर बिर्सन ?
भारा छ देशको सम्झी युवा हे ! देशमा फिर
तीव्र उन्नतिको यात्रा थाल यो देशखातिर ।


'अविच्छिन्न प्रकाशित भइरहेको
साहित्यिक पत्रिका
**शब्द-संयोजन**
मासिक' पढ्नुहोस् ।




❖ आभा सेतु सिंह

# समुदाय र जातका नाममा मात्र होइन आर्थिक रूपमा पछाडि परेका ब्राह्मण क्षेत्रीहरूका लागि पनि आरक्षणको व्यवस्था गर्नुपर्छ

सन १९७४ जुलाइ १४ मा भारतको बिहारमा माता प्रमिला सिन्हा र पिता सहिन्द्रप्रसाद सिंहकी सुपुत्रीका रूपमा जन्मिएकी र जङ्गबहादुर सिंहसँग वैवाहिक जीवनमा बाँधिएपछि राजविराज नगरपालिका वडा नं.८ सप्तरीमा बसोवास गरिरहेकी आभा कुमारी साहित्यमा आभा सेतु सिंहका नामबाट कलम चलाउँछिन्। वाणिज्यशास्त्रमा एम.बी.ए.सम्मको शिक्षा हासिल गरेकी उनले तिस वर्षसम्म मानवअधिकार, महिलाअधिकारका बारेमा अध्ययन अध्यापन गरेकी छिन् । समाजसेवा, पत्रकारिता र साहित्य सृजनामा रुचि राख्ने आभा अहिले पनि डेढ दर्जनभन्दा बढी सङ्घसंस्थामा क्रियाशील रहेकी छिन्। उनको विभिन्न क्षेत्रको सक्रियताका लागि एक दर्जन मान, सम्मान तथा पुरस्कारद्वारा उनलाई सम्मानित तथा पुरस्कृत गरिएको छ। मधेसी आयोगकी सदस्यसमेत रहेकी उनको हिन्दीमा एउटा कवितासङ्ग्रहसमेत प्रकाशित भएको छ। अहिलेको समयकी यिनै सक्रिय स्रष्टासँग दलित चेतनासँग सम्बन्धित लघुअनुसन्धानका लागि साहित्यकार जयन्ती स्पन्दनले लिनुभएको अन्तर्वार्ता यहाँ समावेश गरिएको छ।

***जयन्तीः मानिसलाई किन दलित भनिएर सम्बोधन गरिएको हो ?***

**आभाः** हालको सामाजिक व्यवस्थाअनुसार दलित शब्दले अछुत जातिको रूपमा चिनिने मानिसको समूहलाई सम्बोधन गर्छ । सबभन्दा उत्पीडित सामाजिक रूपमा बहिष्कृत भएका जातिलाई दलित भनी चिनाउन नेपालको संवैधानिक व्यवस्थामा नै उल्लेख गरिएको छ तर दलित शब्दको अर्थ लाग्ने गरी विश्लेषण गर्ने हो भने दल+लुप्त=दललुप्त अर्थात् दल समूहरहित परिवारलाई मेरो विचारमा दलित भनिन्छ ।

विकासवादी सिद्धान्तअनुसार सामाजिक विकासका क्रममा जातिप्रथाको उत्पत्ति भयो । पछि गएर सभ्यताको लामो र मन्द विकासका कारण जातिप्रथामा केही विकृति पनि आयो । यसमा सबभन्दा ठुलो विकृति भनेको छुवाछुतको प्रचलन हो । कालान्तरमा शिक्षाको प्रभावले गर्दा यो अमानवीय प्रचलन सामाजिक सबालको रूपमा बहसको विषय बनेको छ । यस विषयमा म पनि जातिव्यवस्था हिन्दु समाजको सबभन्दा विकृति हो भन्न चाहन्छु । जातीय व्यवस्था कहिले र कसरी सुरुवात भयो भन्ने कुरामा चाहिँ मतभेद छ । पूर्वी सभ्यताको अध्ययन गर्ने हो भने भारतमा धर्म र जातिको सामाजिक श्रेणी ब्रिटिस औपनिवेशिक शासनका समयमा प्रचलित थियो । यसको विकास ऋग्वेद र मनुस्मृतिजस्तो धर्मग्रन्थको मद्दतले भएको हो ।

इसाइ मिसिनरीअनुसार सन १९३७ मा भारतमा ७२ जाति छन् भनिएको थियो । ती जातिहरूमा हिन्दु, मुसलमान, सिख र अरबलाई अलग अलग जातिका रूपमा लेखिन्थ्यो । पी.ए.सोरोकिनको पुस्तक सोसल मोबिलिटीमा लेखिएअनुसार मानव जातिको इतिहाससम्म स्तर विभाजनविनाको समानता एउटा कालमा मात्र हो । अर्का समाजशास्त्री सी.एच.फुलेका अनुसार वर्गविभेद वंशानुगत हुन्छ जसलाई जाति भनिन्छ । अर्को मतका अनुसार पारिवारिक व्यवसायअनुसार जाति उत्पन्न भयो । साम्प्रदायिक मतअनुसार जब विभिन्न सम्प्रदाय सङ्गठित भएर छुट्टाछुट्टै जातिको निर्माण गर्छन् तब यसैलाई जातिप्रथाको उत्पत्ति भनिन्छ ।

परम्परागत मतअनुसार यो प्रथा बाहुनले विभिन्न कार्यका आधारमा जातको नामकरण गऱ्यो । मनुस्मृतिअनुसार ऋग्वेदका आधारमा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र चार जातमा विभाजन गरियो ।

यसरी श्रममा आधारित सामाजिक विकासका क्रममा जातिप्रथाको उत्पत्ति हुन पुगेको देखिन्छ ।

***जयन्तीः दलित शब्दको औचित्य के हो ?***

**आभाः** दलित शब्दले त्यस समुदायलाई सम्बोधन गर्छ जुन दलित, दलितरहित दमन गरिएको परिवार समूहलाई चिनाउने सन्दर्भसँग जोडिएको छ । कुनै कालखण्डमा नकारात्मक सोचबाट उत्पत्ति भएको दलित शब्द वर्तमान सन्दर्भमा समावेशीकरण गर्न गराउन, पहिचान गर्ने औजारका रूपमा राज्य, समाज र परिवारलाई धार्मिक, आर्थिक, सामाजिक, राजनीतिक आदि समस्याग्रस्त क्षेत्रलाई उकास्न र सामाजिक समावेशीकरणमा सहजीकरण गर्न दलित समुदायको प्रतिनिधिमूलक दलित शब्द आजको समयमा सकारात्मक विभेदका लागि अत्यन्तै औचित्यपूर्ण मान्नुपर्छ ।

***जयन्तीः शूद्र र दलित एउटै हो त ?***

**आभाः** वैदिक वर्ण व्यवस्थाअनुसार चौथो वर्ण अर्थात् सबभन्दा तल्लो दर्जामा शूद्रलाई राखिएको छ । 'शूद्र' शब्दले सेवामूलक भावलाई जनाउँछ । पुरानो धर्मशास्त्रमा दलित शब्दको प्रयोग देखिँदैन । समाज विकासको पहिलो चरणमा सेवा गर्ने व्यक्ति परिवार वा समूहलाई शूद्र जातिको समूहमा राखिएको थियो । जसअन्तर्गत ब्राह्मण, क्षेत्री र वैश्यको घरमा कडा परिश्रम गर्नुपर्ने काम जस्तै घरको सरसफाइ, खेतबारीमा हलो जोत्ने, अनाज बालीको संरक्षण गर्ने, गोरु भैँसी मर्दा फाल्ने र घरबाहिर काम गर्ने, समूह समूहमा विभाजन भई काम गर्ने जातिलाई दलित भन्दै गर्दा दलित समुदायको उत्पत्ति भएको हो भन्ने मेरो तर्क हो।

कतिपय समाजशास्त्रीहरू दलित र शूद्रमा अन्तर छ भन्दछन् । समाजशास्त्रीहरूका अनुसार पानी नचल्ने अछुत जो छ ऊ आर्थिक, सामाजिक, राजनीतिक रूपमा पछाडि परेको हुन्छ त्यसैले उसलाई दलित भन्ने गरिएको हो। जातिप्रथाको व्यवहारलाई हेर्दा शूद्र र दलित एउटै समूह वर्णभित्र पर्दछन् । पहिलाको जमानामा तेली सुँडीको समेत पानी नचल्ने होइन कि बिहान उठेर अनुहारसमेत हेर्न नहुने वर्णव्यवस्था थियो।

भारतका ज्योतिषाचार्य इतिहासकार संवैधानिक शोधकर्ता एवम् अधिवक्ता योगेश मिश्रले शूद्र र दलितको तुलना पित्तल र सुनबाट गर्नुभएको छ । उहाँका अनुसार दलित सुन हो भने शूद्र पित्तल हो । दलित बाहुन क्षेत्री वैश्य जो कोही हुनसक्छ तर शूद्र ऋग्वेदअनुसार शरीरको खुट्टाको उपमा दिइएको छ। भारतको संविधान निर्माण गर्ने डाक्टर भीमराव अम्बेडकरले शूद्रलाई आर्य भनेका छन् । यसको अर्थ शूद्र र दलितमा अन्तर छ भनिएको हो। मनुस्मृतिले शूद्र जातिलाई सेवकका रूपमा लिएको छ । यसको अर्थ अछुत भनिएको होइन । शूद्रलाई गृह आश्रमको अतिरिक्त कुनै पनि आश्रममा जान निषेध गरिएको छ। यो अमानवीय कार्य हो।

नेपालका धर्मशास्त्री दिनबन्धु पोखरेलका अनुसार शूद्र भन्ने र अछुत भन्ने फरक कुरा हो। शूद्र भनेको गुण, स्वभाव र कर्म हो। जसको अर्थ सेवामूलक कार्य, राष्ट्र, समाज र मानव सेवा भन्ने हुन्छ । अछुतचाहिँ प्रभुत्ववादी, सामन्तवादी र अहङ्कारवादी कृत्रिम मानसिकता हो। यससँग कुनै पनि शास्त्रको कुनै पनि सम्बन्ध छैन । भागवत् सप्तम स्कन्ध अध्याय २ श्लोक २४ ले शूद्रको परिभाषा यसरी दिएको छ कि 'शूद्र भनेको जन्म होइन कर्म हो। त्यसमा पनि सेवा हो। सेवा गर्ने व्यक्ति वा समूह शूद्र हो। जस्तै राष्ट्रसेवक, समाजसेवक, परोपकारीका लागि सेवा गर्ने आदि।'

***जयन्तीः किन शूद्रलाई अछुत मानिएको होला ?***

**आभाः** अछुत व्यवस्था अध्यात्मिक प्रक्रियाको एउटा अंश हो र यसमा विकसित भएको व्यवस्था हो। हरप्पा सभ्यतापूर्व अध्यात्मिक व्यवस्था त थियो तर मूर्तिपूजा थिएन । मूर्तिपूजा हरप्पा सभ्यताको अन्तबाट सुरु भयो भनिन्छ। त्यसै समयमा समाजको विकासक्रमलाई व्यवस्थित गर्न वर्ण व्यवस्थालाई पनि व्यवस्थित गरियो । वर्ण व्यवस्थाको चर्चा आध्यात्मिक र धार्मिक ग्रन्थहरूमा गरेको पाइन्छ।

शूद्र अछुत हो भन्ने कुनै पनि ठाउँमा चर्चा गरिएको पाइँदैन । नेपालमा छुवाछुत प्रथा हटाउन भएको इतिहासमा विजयप्रसाद मिश्रको भनाइअनुसार छुवाछुत प्रथा सर्वप्रथम भारतमा आर्य समाजबाट सुरुवात भएको हो । आर्य समाजले ब्राह्मण, क्षेत्री र वैश्य गरी तीन भागमा आफूलाई विभाजन गरे । ब्राह्मण र क्षेत्रीको आपसी मतभेदका कारण चौथो वर्ण शूद्रको विभाजन भयो । आर्य समाजको वर्ण व्यवस्थाअन्तर्गत चार प्रमुख वर्णको वर्णन भए तापनि आर्य समाजमा व्यक्तिले आफ्नो वर्ण व्यवस्थाभन्दा फरक वा त्यो वर्णको समाजले बनाइएको मूल्यमान्यताविपरीत व्यवहार गर्दा उसलाई अपवित्र कार्य गरेको भन्दै समाजबाट बहिष्कृत गर्थे र उसले छोएको पानी नखाने, उसको वासस्थान नजाने र समाजमा पनि कसैले आफ्नो घर आउन नदिने, सामूहिक भोजभतेरमा भाग लिन नदिने, विवाह व्रतबन्धमा सहभागी हुन नदिने भनी समाजबाट निष्काशन गर्ने गर्दा नै अछुत प्रथाको चलन सुरु भएको थियो ।

पूर्वकालमा हरेक जात वर्णभित्र माञ्जन हुन्थे । वर्ण र जातले मनाएका सामाजिक मूल्यमान्यताविपरीत कार्य गर्नेलाई माञ्जनको अगाडि उभ्याउँथे र माञ्जनको निर्देशनमा समाजबाट बहिष्कृत गरिन्थ्यो । यसरी समूहलाई दलविहीन बनाएर आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि पारियो । जसलाई बिस्तारै दलित भन्न थालियो । त्यही दलविहीन जातिलाई अछुत जाति पनि भन्न थालियो । भारतमा त्यही अछुत जातिलाई महात्मा गान्धीले हरिजन र भारतीय संविधानको अनुसूचीमा दलित भनेर उल्लेख गरियो ।

***जयन्ती: दलितभित्र शूद्र पर्छन् कि शूद्रभित्र दलित पर्छन् ?***

**आभा**: न दलितभित्र शूद्र पर्छन् न शूद्रभित्र दलित पर्छन् । दलित वर्ण व्यवस्थाअनुसार चारै वर्णको मूल्य-मान्यता मानिने क्रममा त्रुटि गरिएर निष्काशित गरिएको दलित वर्ग हो । शूद्र वर्णाश्रम व्यवस्थाअनुसार समाजरूपी शरीरको चौथो अङ्ग हो । जसले श्रम गरेबापत अर्थ नदिएर जमिन्दारहरूले उसको गाँस, वास र कपासका लागि निम्नस्तरीय व्यवस्था गरिदिने प्रचलन थियो । यसले गर्दा उनीहरू जमिन्दारका रैती मानिन्थे ।

***जयन्ती: वर्णाश्रम धर्मअनुसार ब्राह्मण, क्षेत्री र वैश्यलाई किन दलित नभनिएको ?***

**आभा**: धर्म दर्शनमा मानव समाज, ज्ञान, विज्ञान, जीवनका कर्तव्य र व्यक्तित्व विकासलाई चार वर्गमा विभाजन गरिएको छ । यो विभाजन क्रमाङ्कले अध्ययनको दायरालाई परिभाषित गरेको छ । नेपालका धर्मशास्त्री खप्तडस्वामीले वर्णाश्रम व्यवस्थालाई वंशानुक्रम र वातावरण दुबै पक्षलाई ध्यानमा राखेर बनाइएको सामाजिक व्यवस्थालाई वर्णाश्रम धर्म वा वर्णाक्रम व्यवस्था भनेका छन् । ऋग्वेदकालीन वर्णव्यवस्थाको ब्राह्मण, क्षेत्री, वैश्य र शूद्रलाई प्लेटोले वर्ण भनी वर्ग समाजलाई तीन भागमा विभाजन गरेको पाइन्छ । जसमा :

१. उच्च वर्ग- राजा, दार्शनिक, उच्च प्रशासक, यस समूहलाई वैदिक दृष्टिले ब्राह्मण भन्न सकिन्छ । यसको काम निरन्तर अध्ययन अध्यापन हो ।

२.मध्यम वर्ग- सैनिक, रक्षक र प्रशासन

सहायक वर्ग, यसलाई वैदिक दृष्टिले क्षेत्री भन्न सकिन्छ । जसको काम समाज रक्षाका लागि अस्त्र-शस्त्र राख्दा चलाउनु हो ।

३. निम्न वर्ग- कृषक, कारिगर र सेवक' वर्ग पर्दछ। वैदिक समाजका दुई वर्ण वैश्य र शुद्रलाई यसमा समावेश गर्न सकिन्छ।

जहाँसम्म ब्राह्मण क्षेत्री, वैश्यलाई किन दलित नभनिएको ? भन्ने सबालमाथि प्रकाश पार्दा मानिसको स्वभावलाई विश्लेषण गर्नुपर्दछ । मेरो विचारमा ब्राह्मण, क्षेत्री, वैश्यलाई दलित नमान्नुको मुख्य कारण स्वभाव हुन सक्छ । गीतामा भनिएको छ, 'हरेक मानिस जन्मले शूद्र हो र कर्मले ब्राह्मण, क्षेत्री र वैश्य बनाउँछ' तर व्यवहारमा भने फरकपन देखिनु बिडम्बना हो । अर्थात् गीतामा श्रीकृष्णको भनाइलाई मानवविकासक्रमसँग जोडेर नियाल्यौँ भने आदिम कालमा हामी सबै शूद्र वा दलित थियौँ । जति वेला हाम्रो रहनसहन जनावरकै जस्तो थियो ।

***जयन्तीः हिमाल, पहाड, तराईमा कुन कुन जातलाई दलित भनेर सम्बोधन गरिएको हो ?***

**आभाः** विशेष गरेर पहाड र तराईमा दलित जातिको बसोवास बढी छ । यस आधारमा पहाडमा ७ जाति गन्धर्व, दमाईं, वादी, विश्वकर्मा, सार्की, च्यामे, पोडे र तराईमा १९ जातिलाई दलित समुदायमा समेटेको देखिन्छ। तिनीहरूमा ककैहिया, कलर, कोरी, खटिक, खत्वे, चमार, चिडियामार, डोम, तत्मा, दुसाध, धोवी, पासी, बाँतर, मुसहर, मेस्तर, सरभङ्ग आदि छन् ।

***जयन्तीः विशेष गरेर दलितहरू कुन धर्म मान्ने गर्छन् ?***

**आभाः** विशेष गरेर दलितहरूले हिन्दु धर्म मानेको पाइन्छ । केहीले भने क्रिस्चियन धर्म मान्ने गरेका छन् ।

***जयन्तीः दलितभित्र पनि दलित छन्, पानी बाराबार छ भनिन्छ । के यो साँचो हो ? हो भने किन ?***

**आभाः** वर्णाश्रम धर्मले दलितभित्र पनि अन्तरदलित समस्या उत्पन्न गराएको वास्तविकतामा देख्न सकिन्छ । सामन्तवादी संस्कारले अन्तरदलित समस्या उत्पन्न गराएर आफूअनुकूलको शासन गर्दै आएको छ । दलितभित्र पनि छुवाछुत हुनुको मुख्य कारण गरिबी, अशिक्षा, राज्यको मूल प्रवाहमा पहुँच नहुनु, अशिक्षा र बेरोजगारी आदि रहेका छन् । पछि आएर उनीहरूको स्थितिमा सुधार देखिएको छ । उदाहरणका लागि सप्तरीका सामाजिक अभियन्ता जुगती मरिक र असरफी सदाका कुरा गर्न सकिन्छ। मरिक भनेको डोम र सदा भनेको मुसहर हो। मुसहरले डोमले छोएको खाँदैन तर यी दुईजना दलित सशक्तीकरणका लागि सँगसँगै काम गर्छन् र सँगै खान्छन् । यी दुईजनासँग बाहुनहरूमा पनि बाराबारको स्थिति छैन। आफ्नो घरमा पनि बाहुनहरूले खुवाउँछन् किनभने उनीहरू सामाजिक मूलधारमा शिक्षित भएर प्रवेश गरेका हुन् ।

***जयन्तीः दलितहरू कहाँ, कसरी र के व्यवसाय गरी बसेका छन् ?***

**आभाः** अब दलितहरूको गाँस, वास र कपासको कुरा गर्ने हो भने आजभन्दा तीन दशकअगाडिसम्म ऐलानी जग्गा वा

जमिनदारको जग्गामा झुप्रो बनाएर बस्दै थिए, पछि जमिनदारले आफ्नो नाममा लालपुर्जा कायम गराए । दलितहरू आज पनि भूमिहीन भई सरकारी जग्गामा परम्परित व्यवसाय गरेर बसेका छन् । झन्डै ९९% दलितहरू झुप्रो बनाई बसेका छन् । केहीले पर्वमा बाजागाजा बजाउने, विभिन्न सामग्री बनाउने कुम्हारहरूले माटोका भाँडाकुँडा बनाउने गर्छन् । कतिले आफ्नो पेसा छाडेर देशभित्र मजदुरी गरेर कष्टकर जीवन बिताएका छन् तर पनि पहिलाभन्दा आज मर्यादित जीवन यापन गरिरहेका छन् ।

***जयन्तीः दलित समुदायमा धर्म संस्कारकोपालनागराउनेपुरोहितकारूपमाको रहन्छ ?***

**आभाः** खास गरेर मधेसतिर धर्म संस्कारको पालना गराउने पुरोहितहरू नै हुन्छन् । बाहुनहरूले दलितले पकाएको भात खाँदैनन् । यहाँसम्म कि क्षेत्रीहरूले पनि पकाएको दालभात खाँदैनन् । तिनीहरू प्रायःजसो पुरी, जेरी, नान, चिउरा दही खान्छन् । पूजापाठपछि दानदक्षिणा लिने तर खाना नखाने परम्परा लाजमर्दो मान्नुपर्छ ! यस्तो घृणित छुवाछुत प्रथा हटाउनु अनिवार्य छ ।

***जयन्तीः प्रायः दलितहरूलाई सिनो खुवाउने प्रचलन थियो भनिन्छ ? किन सिनो खान स्वीकार गरिएको होला ?***

**आभाः** जहाँसम्म दलितहरूलाई सिनो खुवाउने वा खाने प्रचलनको कुरा छ, यो प्रथा गरिबीमाथिको हेला हो । वर्तमान कालमा सिनो खाने प्रथा गैरकानुनी मानिन्छ । यदि कुनै कालखण्डमा थियो भने यसको कारण गरिबी नै थियो किनभने रोगव्याधी लागेर मरेको जनावरको मासु हुनेखानेले खाँदैनन् । मासु महँगो भएका कारण गरिबहरू मरेको जनावरको मासु खान्थे होला । जीवित जनावरलाई काटेर खाँदा मासु भयो । मरेको जनावरको मासु खाँदा सिनो भयो । आज पनि हामीले मासुपसलमा मासु किन्दा त्यो सिनो हो अर्थात् रोगव्याधी लागेर मरेको खसी बोका, कुखुरा आदि काटेर राखेको मासु पनि कसले हेर्छ ? त्यो स्वस्थ वा सिनो हो भनेर ! यसर्थ सिनो खुवाउँदै, हेला गर्दै, फोहोरी भन्नु र अछुत बनाएर छोएको नखानु अपराध हो ।

***जयन्तीः किन अन्यायमा पर्दा पनि शूद्र दलितहरू एक मत भएर सङ्घर्ष गरी न्याय प्राप्त गर्ननसकेका हुन् ?***

**आभाः** यो सबाल निरीहताको पराकाष्ठा हो । अहिले दलितहरू निकै सङ्गठित छन् । उनीहरूको हितका लागि अवस्था परिवर्तन भइसकेको छ । दलित समुदायको न्यायका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय थुप्रै कानुनहरू बनेका छन् । यसर्थ अब दलित वा शूद्र भनेर हेला गर्दैनन् । दोस्रो अञ्जानबस हेला गरिहाल्यो भने पनि उनीहरूले सङ्गठित भई प्रतिकार गरेका सयौँ घटनाहरू उजागर भइसकेका छन् ।

***जयन्तीः के दलितहरूले गैरदलितहरूसँग नाता कुटुम्ब गरेका छन् ?***

**आभाः** दलित र गैरदलितका बिचमा नाता कुटुम्ब कायम गर्ने कुरोमा थुप्रै युवायुवतीले सामाजिक रीतिरिबाजको प्रतिकार गर्दै कोर्टम्यारिज गरेको पाइन्छ । अदालतहरूमा कोर्टम्यारिजका प्रशस्तै घटना पाइन्छन् । युवा पुस्ताले दलित-गैरदलितबिचको बिहेवारीको

नाता सम्बन्ध स्थापित गरिरहेका छन् । समय लाग्ला तर दलित-गैरदलितबिचको भेदभाव पूर्णरूपले अन्त्य हुने दिन आउँछ।

***जयन्तीः दलित परिवार वा दलित समुदायभित्र महिलाहरूको अवस्था कस्तो देखिन्छ ? दलित महिलाहरूको दिनचर्या कसरी बित्ने गरेको छ ?***

**आभाः** हुन त आजको परिप्रेक्ष्यमा हरेक समुदायका अधिकांश महिलाहरू घरभित्र र घरबाहिर दुबै ठाउँमा काम गरिरहेका छन् । यस हिसाबमा दलित-गैरदलित दुबै समुदायका महिलाको दिनचर्या बिहानदेखि बेलुकासम्म एउटै प्रकारको हुन्छ । बिहान ५ बजेदेखि ९ बजेसम्म घरको काम गर्ने र ९ बजेदेखि ५ बजेसम्म बाहिरको काम गर्ने अनि पुनः ५ बजे बेलुकीदेखि राति १०-११ बजेसम्म घरको काम गर्ने । कामको प्रकृति पुरुषसरह नै महिलाको शिक्षामा भर पर्छ । गैरदलित समुदायका ९५% प्रतिशत पढेका भएकाले उनीहरू कुनै कुनै कार्यालयमा काम गर्छन् । दलित महिला ९९% निरक्षर भएकाले प्रायः खेतमा मजदुरी गर्छन् । जेजस्तै भए पनि दलित महिलाको कमाइले घरपरिवार चलेको पाइन्छ किनभने ९५% पुरुषहरू जाँडरक्सीलगायत अन्य मादकपदार्थको सेवनमा आफ्नो कमाइ सखाप बनाउँछन् । यसरी हेर्दा दलित समुदायका महिलाहरू बिहानदेखि बेलुकासम्म मजदुरी गर्छन्, दुःखले सन्तान हुर्काउँछन् र बुढेसकालमा अभावको सामना गर्न बाध्य हुन्छन् ।

***जयन्तीः प्रायः दलित महिला पछि पर्नुका कारण के के हुन् ?***

**आभाः** दलित महिला पछि पर्नुका मुख्य कारण गरिबी, अशिक्षा र जनचेतनाको अभावका साथै कृषि र उद्योगमा आधुनिकीकरण नहुनु हो । दलित समुदाय र दलित महिला गरिबी र अशिक्षाका कारण पहिलादेखि नै पछि परेका थिए तर हाल हरेक क्षेत्रमा वैज्ञानिक प्रविधिका कारण दलित वा आर्थिक रूपले पछि परेका व्यक्ति/परिवारहरूको मजदुरी गरेर खाने बाटो पनि लगभग बन्द भएको देखिन्छ । पुरुषहरू दिल्ली, पन्जाब, लुधियाना, कालापहाड आदि ठाउँमा गएर केही आर्जन गर्छन् तर महिलाहरू त्यही मजदुरीको काम पनि नपाएर कष्टपूर्ण जीवन जिउन बाध्य छन् ।

***जयन्तीः दलित महिलाहरूको शिक्षा र स्वास्थ्यमा कस्तो पहुँच छ ?***

**आभाः** बाल्यकालीन अवस्थादेखि नै अधिकांश दलित महिलाहरूले गैरदलितका घरमा काम गरी आफ्नो पेट पाल्ने गरेका कारण पढाइतर्फ ध्यान दिन सकेनन् वा दिएर पनि पाएनन् । हुन त पछिल्लो चरणमा आएर सरकारले दलित छात्रवृत्तिलगायत अन्य व्यवस्था गरेको छ । विद्यालयमा दिउँसो खाजाको व्यवस्था आदि गरेको छ तर उनीहरूले काममा व्यस्त रहनुपर्ने हुँदा समय दिन सक्दैनन् । 'भोको पेट न हो त भजन गोपाला' भनेजस्तो दलित महिलाको अवस्था छ । त्यस्तै स्वास्थ्यका कुरा गर्नुपर्दा पनि भिटामिनयुक्त पोषिलो खाना नपाएर दाउरिनुपरेको छ । सरकारले स्वास्थ्यसम्बन्धी व्यवस्था गरेको भए पनि जनचेतनाको कमीका कारण सूचनामा दलित महिलाको पहुँच छैन । यसले गर्दा निःशुल्क स्वास्थ्य उपचार पनि प्राप्त गर्न सक्दैनन् । समग्रमा भन्नुपर्दा स्वास्थ्य र

शिक्षामा दलित महिलाको पहुँच अति न्यून रहेको देखिन्छ।

***जयन्ती: वर्तमानकालीन अवस्थामा दलित समुदाय र विशेष गरी महिलाहरूका लागि सरकारी संयन्त्रबाट कस्तो भूमिका निर्वाह गर्नुपर्ने देख्नुहुन्छ ?***

**आभाः** हुन त बालविकासदेखि रोजगार ीसम्मको पहुँचका लागि गरिएको व्यवस्थामा दलित बालबालिका र महिलाहरूका लागि सरकारले आर्थिक, सामाजिक, राजनैतिक, शिक्षा, स्वास्थ्य, रोजगार आदि पर्छन् तर कार्यान्वयन प्रक्रिया फितलो, कर्मचारीतन्त्रमा भ्रष्टाचारी, जनप्रतिनिधि बफादार नहुनु र स्वयम् सचेत नहुनुका कारण चाहिने जति सुधार आउन सकेको छैन। जहाँसम्म सरकारको कुरा गर्ने हो भने कतिपय कुरा जनप्रतिनिधिलाई नै थाहा छैन। सरकार भनेकै विभिन्न तह र तप्काका कर्मचारी, वडासदस्यदेखि राष्ट्रपतिसम्मको जनप्रतिनिधि, निगरानी गर्ने विभिन्न आयोग र नागरिक समाज तथा सचेत उपभोक्ता होइन र ? हामी एकअर्कासँग सुविधाको मात्र खोजी गर्दछौँ। प्राप्त सुविधालाई सही सदुपयोग पनि गर्दैनौँ। हामीमा इमान्दारिता हराउँदै गएको छ। जति नियम बनाए पनि भ्रष्टाचारको अन्त्य हुँदैन। भ्रष्टाचारको अन्त्य नभएसम्म दलित समुदायका दलित महिला मात्र होइन कुनै समुदायको पनि कल्याण हुँदैन।

***जयन्ती: नेपाली समाजमा अन्य वर्णका जातिहरूमा जस्तै शूद्र वा दलितहरूमा पनि पुरुषसत्ता हाबी हुने गरेको छ ?***

**आभाः** जुन समुदायका पुरुषहरूलाई आफैँ थिचिए, पिसिएको, दबाइएको, पछाडि पारिएको छ त्यस समाजका पुरुषहरूले महिलालाई के दमन गर्छन् होला ? आदिकालदेखि नै घरबाहिर काम गर्ने दलित र शूद्र महिलालाई छुट छ। मलाई लाग्दैन कि शूद्र वा दलित समाजमा पुरुषसत्ता हाबी छ किनभने गरिबीका कारण सपरिवार मिलेर काम गर्छन्। मिलेर काम गरे मात्र उनीहरूको दैनिक आवश्यकता परिपूर्ति गर्न सक्ने हुँदा कहिलेकाहीँ खटपट परे पनि मिल्ने प्रयास गरेको पाइन्छ।

***जयन्ती: दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रत एकै किसिमको हुन्छ ? हुन्छ भने किन ? र हुँदैन भने किन ?***

**आभाः** दलित र गैरदलितहरूको कर्मकाण्ड, तीर्थव्रतको समानता वा असमानताको कुरा गर्ने हो भने गैरदलितहरूका बिच पनि फरक कर्मकाण्ड हुन्छ। फरक रीतिरिबाज हुन्छ। बाहुन, क्षेत्री, वैश्यबिच पनि फरक फरक वेशभूषा र संस्कृति हुन्छन्। क्षेत्री क्षेत्रीबिच पनि गोत्र र कुलदेवी-कुलदेवताको आधारमा धर्म र संस्कारको कर्मकाण्ड फरक हुन्छ तर सबैले वैदिक सनातन धर्ममा केन्द्रित भएर गर्छन्। तीर्थव्रत सबै एउटै किसिमको हुन्छ किनभने सबैले वर्णाश्रम धर्म र संस्कारलाई आधार बनाएर नै सामाजिक गतिविधिको परिपालना गरेका हुन्छन्।

***जयन्ती: के तपाइँ दलित शब्दप्रति सहमत हुनुहुन्छ ?***

**आभाः** जुन शब्दबाट त्यो समाजको कल्याण हुन्छ त्यो शब्दमा असहमतिको कुरै हुँदैन। दलित शब्द राज्यको अनुसूचीमा भएका जातिका

लागि प्रयोग गर्ने शब्द हो । यसैले सूचीकृत जातिलाई राज्य व्यवस्थाको मूलधारमा ल्याउन दलित शब्द प्रयोग गरिएको हो । यसर्थ दलितहरूको हितका लागि दलित शब्द चयन गरिएको हुँदा म सहमत नै छु तर दलितलाई भारतको संविधानमा हरिजन भनिएको छ । दलितभन्दा हरिजन अलिक सम्मानित शब्द हो भन्ने लाग्छ । यदि संविधान संशोधन भयो भने दलित वा शूद्र शब्दभन्दा हरिजन शब्द वा अन्य यस्तै प्रयोग गर्दा राम्रो हुन्छ कि ? भन्ने मेरो तर्क हो । हरिजन शब्दलाई पनि दलित समुदायसँग बहस र छलफल गरेर मात्र प्रयोगमा ल्याउनुपर्छ किनभने जसको लागि शब्द प्रयोग गरिन्छ त्यसमा उनको सन्तुष्टि र सहमति हुनु अपरिहार्य हुन्छ ।

***जयन्तीः जहाँ गरिब त्यहाँ हरिप भन्ने लोकोक्ति पाइन्छ ! के गरिब मात्र हरिप हुन्छ भन्ने छ ? किन यसरी भनिएको होला ?***

**आभाः** 'जहाँ गरिब त्यहाँ हरिप' भन्ने लोकोक्तिले गरिब मान्छेको मानसिकतालाई सम्बोधन गर्छ । गरिबीका कारण दैनिक आवश्यकता परिपूर्ति गर्न नसक्दा उनीहरू मानसिक रूपमा विक्षिप्त अवस्थामा रहन्छन् । यसले गर्दा सामाजिक, पारिवारिक र व्यक्तिगत आवश्यकता परिपूर्ति गराउन उसले राम्रो-नराम्रोजस्ता गतिविधिमा पनि आफूलाई संलग्न गर्न खोज्छ । मानसिक रूपमा विक्षिप्त हुँदा स्वभावैले आक्रामक भइहाल्छ र रिस थाप्न सक्दैन । हो, यसैको असरले गर्दा जेभन्दा पनि हेपिएको महसुस गर्छन् । आफ्नो आवश्यकता परिपूर्तिका लागि कुनै वेला उनीहरू जोखिमयुक्त नराम्रो र कानुनविरोधी काम पनि गर्न पुग्छन् तर आजको सन्दर्भमा यो कहावत त्यति उपयुक्त छैन ।

***जयन्तीः दलित शब्दले सुन्दैमा जो कोहीलाई मनोसामाजिक प्रभाव पार्छ भन्ने फेरि दलित आयोग भनी किन नामकरण गरिएको होला ?***

**आभाः** आर्थिक, समाजिक, राजनैतिक रूपमा पछि पारिएका सीमान्तकृत वर्ग समुदायलाई राज्यको मूलधारमा समावेश गराउने समावेशी सिद्धान्तका सकारात्मक विभेदका लागि पर्यायवाची 'दलित' शब्द चयन गरिएको हो । दलित शब्द सुन्दैमा नकारात्मक भाव व्यक्त हुने गरिएको होइन । यसले सकारात्मक विभेदलाई अङ्गीकार गर्न मनोसामाजिक प्रभाव पार्छ । दलित आयोग पनि दलितहरूको समग्र उत्थानका लागि गठन भएको संवैधानिक आयोग हो । यसर्थ नेपालको संविधानको प्रस्तावनामा नै समावेशीकरण शब्द प्रयोग गरिएको छ तर दलित समुदायको उत्थानका लागि आरक्षणको कुरा गरे तापनि कार्यान्वयन पक्ष फितलो देखिन्छ । अर्को कुरा दलित समुदायको सूचनामा पहुँच नभएका कारण सकारात्मक सोच उनीहरूसम्म पुगिरहेको छैन । सकारात्मक विभेदलाई संस्थागत गर्ने गराउने औजारका रूपमा सरोकारवालाहरूको महत्त्वपूर्ण जिम्मेवारी रहन्छ ।

***जयन्तीः दलित र गैरदलित एकछत्र हुन के गर्नुपर्छ ?***

**आभाः** दलित र गैरदलित एकछत्र गर्न दलितको शैक्षिक स्तर माथि उकास्नुपर्छ । यसका लागि प्राथमिक शिक्षा क्षेत्रमा प्रदान गरिने छात्रवृत्तिहरू निर्देशनअनुसार वितरण गर्नुपर्छ । कतिपय

विद्यालयमा समुदायको विद्यार्थीका हातमा ८० प्रतिशत छात्रवृत्ति जाँदैन । २० प्रतिशत जाँदा पनि मधेसमा दलित छात्रछात्रा छात्रवृत्ति लिन भनी प्राथमिक तहमा भर्ना हुन्छन् । तसर्थ दलित छात्रछात्राले पाउने छात्रवृत्ति पनि सङ्ख्याका आधारमा होइन, दलित छात्रछात्राबिच पनि प्रतिस्पर्धा गराई जेहेन्दार विद्यार्थीलाई दिनुपर्दछ भन्ने मलाई लाग्छ । प्रतिस्पर्धात्मक प्रक्रियामा स्वभावैले शैक्षिक भावना जागृत हुँदा दलित समुदाय पनि जागृत हुँदै जान्छ ।

***जयन्ती: दलित आरक्षणका सम्बन्धमा यहाँको धारणा के छ ?***

**आभा:** राज्यको मूल प्रवाहीकरणमा दलितहरूको सहभागिता त्यतिकै सहज नभएको समाजशास्त्रीहरूको अध्ययनले देखाएपछि सकारात्मक विभेदको नीति ल्याउनुपर्छ भन्ने कुरा राज्यले अनुभूति गर्दा आरक्षणको नीति आएको हो । वर्णव्यवस्थाका कारण सामाजिक र सांस्कृतिक बहिष्करणमा परेका दलित (शूद्र)लाई सामाजिक अन्तरघुलन गराउन, आर्थिक रूपमा उकास्नुपर्छ भन्ने उद्देश्य बोकेर आरक्षको नीति आयो । सकारात्मक विभेदको पर्याय नै आरक्षण हो । वर्तमान परिवेशमा आरक्षणमाथि टीकाटिप्पणी उठ्न थालेको पाइन्छ र उठ्नु स्वभाविक पनि हो किनभने ब्राह्मण, क्षेत्री भन्नेबित्तिकै सबै उच्च वर्गमा नै पर्छन् भन्ने होइन । ब्राहमण, क्षेत्री पनि आर्थिक रूपमा कमजोर भएको तथ्याङ्कले देखाएको छ । अर्कोतर्फ आरक्षणको नाममा दलित र महिला पनि विभेदमा परेको तथ्य पनि छ । दलितभित्रका पहुँचवाला दलित, महिलाभित्रका पनि पहुँचवाला महिलाले पटक पटक आरक्षणको सुविधा भोग गर्न पाइराख्ने तर मधेसी, आदिवासी, जनजाति, थारु, मुस्लिम आदिभित्र पहुँच नभएको परिवार चाहिँ पछाडि नै रहेको यथार्थतालाई स्विकार्दै आरक्षणको प्रकृतिमा सुधार गर्नुपर्ने देखिएको छ । हालसम्म समुदाय र जातका नाममा मात्र आरक्षणको व्यवस्था रहेकोमा अब यसलाई परिमार्जन गर्दै आर्थिक रूपमा पछाडि परेका ब्राह्मण क्षेत्रीहरूका लागि पनि आरक्षणको व्यवस्था गर्नुपर्छ । मेरो विचारमा यसो गर्दा ४०% जातको आधारमा ६०% वर्गको आधारमा आरक्षण व्यवस्था कायम गरिनुपर्छ र मात्र सबै जातजातिको राज्यको मूलधारमा समान सहभागिता हुने छ । समान सहभागिताले सबै जातजातिको समान प्रगति हुने छ ।

वास्तवमा दलित आरक्षणको कुरा गर्दा नेपालमा परिपूरक अर्थात् फरक सबालका समुदाय र वर्णसमेत रहेको देखिन्छ जसलाई मधेसी भनिन्छ । मधेसी जात होइन समुदाय हो, समाज हो र संस्कृति हो । जसका छुट्टै धर्म, संस्कार, वेशभूषा, भाषा आदि रहेका छन् । तसर्थ दलित, आदिवासी, जनजाति, थारुको कुरा गर्ने हो भने ती जातहरूमा मधेसी जातहरू पनि छन् । जसमा पहिलो चरणमा नेपालका दलित, आदिवासी-जनजाति र थारुको जनसङ्ख्याको अनुपातमा आरक्षण व्यवस्था गर्ने र दोस्रो चरणमा पुनः मधेसी, दलित, आदिवासी, जनजाति, थारुका लागि छुट्टै आरक्षणको व्यवस्था गर्नु उपयुक्त हुन्छ ।



❖ काजिमिर्याद बुर्नट
पोल्यान्ड

## १. सम्झना

आमा ! मलाई याद आउँछ-
बालीनालीको पसिनाको सुगन्ध
हँसियाले काट्दै गर्दा
आँधीले ढलेको नागबेली अनाजको भुलभलैया
भाँचिएको जाँतोको समाउने बिँड
ढुङ्गाको चक्काको भारले
बत्तीको कालो सिसा
आधा प्रकाशमा रोटी
जुन भरिएको छ बिस्तारै पकाएको केकले
तपाईंले मभित्र परिश्रमको बिउ छर्नुभयो
जसले मलाई छोडेको छैन
ट्रेडमिलमा जोडिएर म लगिरहन्छु
तपाईंको हातको न्यानो
चिसो भएर गए पनि
तपाईं अझै मेरो एङ्कर हुनुहुन्छ ।

## २. आध्यात्मिक पुनर्मिलन

म मेरो बुबाको बेन्चमा बस्छु
पिठिउँलाई पर्खालमा अडेसाएर
अब नछुट्टिने गरी ।
अनाथ बनेको छु
यसले अझै न्यानोपन दिन्छ
उनको समयको अन्त्यका वर्षहरूको
नदेख्ने गरी चिह्नहरू लगाउँदै ।

जब मुक्तिको निको भइसकेको घाउमा
म सुकेको मिठो पैयुँको
ताजा प्लास्टर लगाउँछु
तब चुहिने झ्यालबाट आउँछ आकर्षक सुसेली
त्यो एउटा पुरानो घर हो
जसले चाहनाहरूलाई टाढा लगिरहेको छ !
उजाड ठाउँहरूमा चुत्रोको झ्याङले
स्मृतिको ढुङ्गाजस्तो हिराको फल दिन्छ ।

## ३. आश्चर्य

अझै शयनकक्षको ढोका चरचर गर्छ
र अनौठो कपडामा प्रेतहरू
पहिल्यै जन्मिसकेका छन् ।
झ्यालको चेपमा सङ्गीत सुनिन्छ
हावामा पखेटाको फड्फडाहट
चाउरका राजकमारीहरू सेतो रङमा फुल्छन्
ऊ बादामको चाहनाले सताइएको छ
तर आँखा उज्यालोले भरिएका छन्
उसलाई निद्रामा पर्न नदिनहोस्
तर जीवन एउटा थोपा मात्र हो
दुर्गमतिर डुबेको अवास्तविक छ
हरेकले आफ्नो सारमा डुब्न आवश्यक छ
समद्रको स्वाद लिनलाई ।

*अनुवादः चन्द्र गुरुङ*
*धरान ।*

# 'मछलीवाला' कथाका आधारमा पुण्य कार्कीको कथाकारिता



*(निसमालोचना भन्नासाथ आलोचनाको सामान्य परिभाषाभन्दा फरक, भित्री भाव र निजात्मक दृष्टिकोणलाई जोड्ने एउटा विधागत अभ्यास सम्झनुपर्छ । यसले कुनै साहित्यिक कृतिलाई बाहिरबाट मात्र नियाल्दैन, भित्री मनोभूमिभित्र छिरेर पाठककै हृदयमा जन्मेको अनुभूति, रस, पीडा, आनन्द र प्रश्नलाई अभिव्यक्त गर्छ । विधागत रूपमा हेर्दा निसमालोचना आलोचनाको त्यो शैली हो जसमा- आलोचकको व्यक्तिगत जीवनानुभव र भावनात्मक धरातल कृतिसँग प्रत्यक्ष मिसिन्छन्, मूल्याङ्कनभन्दा बढी आत्मानुभूतिले भार पाउँछ, वाक्यहरू छोटा, छरिता र विम्बात्मक हुन्छन्, औपचारिक शास्त्रीयताभन्दा आत्मीयता र सौन्दर्यको तानाशक्ति प्रधान हुन्छ । यसको भाषा तथ्य र तर्क मात्र होइन, आत्माको स्पर्श पनि बोकेको हुन्छ । पाठकले जब निसमालोचना पढ्छन्, उनीहरू कृतिको विवेचना मात्र हैन, विवेचककै आत्माभाषा सुनेको अनुभव गर्छन् । यस अर्थमा निसमालोचना आलोचना नभएर आत्मदर्शन हो । यो विश्लेषण नभएर अनुभूतिको यात्रापत्र हो । अर्को शब्दमा भन्ने हो भने निसमालोचना भनेको विचारको कसी होइन, भावनाको धड्कन हो; यो विवेचनाको नापजाँच होइन, अनुभूतिलाई शब्दको बगैँचामा रोप्ने शिल्प हो । – **नन्दलाल आचार्य**)*

उदयपुरे स्रष्टा पुण्य कार्कीको 'मछलीवाला' कथाको परिवेश कालमा अपर्झट जताततै राजमार्ग बन्द हुन्थ्यो । ढुङ्गा र सिमेन्टका बोरा ठड्याएर बाटो साँघुरो बनाइएको थियो । म विरक्त हुँदै सम्झन्छु- त्यो समय राजविराजको चिसो हावा कस्तो मुटु काट्ने खालको थियो । बिहान म क्याम्पस पढ्ने गर्थें । दिनभर लिटिल फ्लावर बोर्डिङ स्कुलमा पढाउँथें । यसरी बिहान क्याम्पस गयो, दिनमा हातमुख जोर्न कर्मथलोमा सङ्घर्ष गर्‍यो । रातमा पनि असुरक्षालाई सिरानी लगाएर निदाउनुपर्थ्यो । त्यति वेला सैनिक चेकपोस्ट हरेक यात्रुको नशामा टाँसिन्थ्यो । कसैको जीवनलाई बन्दुकले बजाइन्थ्यो । कसैको पोको फुटाइन्थ्यो । यसरी सबैको ज्यानलाई सस्तो भाउ दिएको हुन्थ्यो ।

पुण्य कार्कीले 'मछलीवाला' कथामा कोरेको चित्रण, मैले आफैँ देखेको दृश्य हो । राजमार्गमा नाङ्गा पैताला हिँड्ने मानिसहरू, ढाकी बोकेर पसिना चुहाउनेहरू, सिपाहीको राइफलअगाडि झुक्ने बुढीआमाहरू सबै यो कथाका केवल साहित्य होइनन्, मेरो जीवनको यथार्थसमेत बन्न पुगेका छन् । रामलखन माछा बेच्ने व्यक्ति देखिन्छ तर ऊ केवल व्यापारी होइन । ऊ प्रतिरोधको प्रतीक हो । ऊ भेषमा जीवन बोकेको मानिस हो । ढाकीमा माछा मात्रै छैन । माछाभित्र सडेको गन्धभन्दा तीक्ष्ण सत्य छ- गोली र ग्रिनेड ।

पुण्य कार्कीले यो पात्रमार्फत इतिहासलाई कोरेका छन् । कथा पढ्दा म सोच्थेँ- कसरी साधारण लाग्ने मान्छे पनि समयको सबभन्दा ठुलो योद्धा हुनसक्छ ? रामलखन माछा बेच्दै होइन, आन्दोलन ढुवानी गर्दै छ । त्यसको जोखिम, त्यसको धैर्य, त्यसको चाल यी सबै कथामा निखारसहित आएका छन् । त्यस जाडोयाममा म पनि राजविराजमा हुस्सुभित्र बाँचिरहेको थिएँ । चियापसलमा बस्दा हरेक टेबुलमा डर छरिएको हुन्थ्यो । विद्यार्थी होस् वा शिक्षक, सबैका अनुहारमा चौकी, क्याम्प, प्रहरी, सेनाको छाया टाँसिएको हुन्थ्यो । यस्तै वेलामा, कथाकारले मछलीवाला जन्माए । यो संयोग मात्र होइन । यो साहित्यलाई इतिहासले पाएको साक्षी हो ।

पुण्य कार्कीको कथाकारिताको पहिलो विशेषता भनेकै यथार्थलाई नजिकबाट पकड्ने कला हो । उनको लेखाइमा रङरोगन छैन । शब्दहरू सिधा छन् । घटनाहरू जस्ताका तस्तै छन् । पाठकले पढ्दै गर्दा लाग्छ- मैले पनि देखेको दृश्य हो यो । कसैले ढाकी फुकाएर माछा देखाइरहेको, कसैले बुढीआमाको पोको फुटाइरहेको । कसैले 'काजी साहेब'को नाम लिएर ज्यान जोगाइरहेको । यी सबै यथार्थमै टेक्ने विशेषताले कार्कीलाई शक्तिशाली बनाएको पाइन्छ ।

मैले त्यति वेला देखेको सैनिक अनुशासन यस्तै थियो । कसैलाई राइफल तेर्स्याएर धक्का दिने । कसैलाई नाम, ठेगाना, भाषा, रीतिरिवाज सोध्ने । माछा सडेको गन्धभन्दा बढी डर लाग्थ्यो त्यो राइफलको नाल देख्दा । कसैको जीवन, केवल 'काजी साहेब' भन्ने एउटा वाक्यले बच्थ्यो । त्यो विडम्बना म आफैँले भोगेको छु। त्यसैताका म आफैँ २/४ हप्ता प्रत्यक्ष र २/४ वर्ष अप्रत्यक्ष सैनिक नियन्त्रणमा श्वासप्रश्वास गर्न विवश भएको थिएँ ।

कथामा भाषिक मिश्रण छ । नेपाली र मैथिली मिसिएका छन् । रामलखनको बोली मैथिलीमा छ । सिपाहीको हकार चाहिँ नेपाली भाषामा । यसरी लेखकले स्थानीयतालाई जोगाएका छन् । भाषा सन्देश मात्र होइन, पहिचानको सूचक बनेको छ । मैले राजविराजमा सुनेको बोली यही थियो ः

*'तोहर ढाकीमा के छ ?'*

*'हम माछ बेचैवाला आदमी छी ।'*

यी संवादहरूले मलाई आफ्नै टोलको स्वर सम्झाइदिन्छन् । कार्कीको कथामा दोस्रो विशेषता हो- सामाजिक-राजनीतिक सन्दर्भलाई नाटकीय बनाउने क्षमता । यहाँ कथा केवल माछा बेच्नेको जीवन होइन । यो राज्य र विद्रोहबिचको द्वन्द्व हो । ढाकीमा माछा देखिन्छ तर भित्र गोली लुकाइएको छ । यो विरोधको कला हो । यो प्रतिरोधको सिर्जनात्मकता हो । यो जीवनलाई हतियार बनाउने सुझ हो । त्यस समय राजविराजमा हिँड्दा म पनि अनेक भेषमा हिँडेको हाम्रा साथीहरूलाई देख्थेँ । कोही व्यापारी रूपमा गाउँघर पुगेर प्रचारप्रसार गर्थे । कोही विद्यार्थी बनेर कजेज र स्कुलमा पसेर सङ्गठन विस्तार गर्थे । कोही शिक्षक क्रान्तिका कुरा पढाउँथे, विद्यार्थीमा रहेका जिज्ञासाहरू एकएक गरी पूरा गर्नखोज्थे । कोही के त कोही के बनेर जनयुद्धको काम गर्थे । क्रान्तिलाई मलजल पुऱ्याउने काममा आफूलाई होम्थे । ती सबै साथीहरूले आआफ्नै तबरले भित्रभित्रै आन्दोलनकै ढाकी बोकेको आभास हुन्थ्यो । पछि गएर मैले केही साथीहरू गुमाएको छु ।

दुःख पाए पनि आफू भने गुम्नबाट बचेको छु।

मैले सैनिक चेकपोस्टको सन्त्रास अघाउँजी भोगेको छु । म 'पढाउन गएको मान्छे' भनेर थुनिँदा जोगिएको पनि छु। त्यसैले 'मछलीवाला' केवल कथा होइन, मेरो जीवन-इतिहासको प्रतिविम्ब हो । 'मछलीवाला' कथाको आधारमा तेस्रो विशेषता भनेको सस्पेन्सको निर्माण हो। पाठकलाई सुरुमा थाहा छैन ढाकीभित्र के छ भनेर। माछा मात्रै हो वा अरू केही ? सैनिकले ढाकीको ढकन खोल्छ, माछा मात्रै देखिन्छ। पाठक पनि विश्वस्त हुन्छ- माछा मात्रै रहेछ तर अन्त्यमा माछाको मुखबाट ग्रिनेड र गोली झर्छ । यही क्षण कथाको विस्फोट हो । यो मोडले पाठकलाई स्तब्ध पार्छ। यही शिल्पले कथा स्मरणीय बनाउँछ। म त्यो बेलाको स्तब्धता सम्झन्छु। सडकमा पिठो पोखिँदा बुढीआमाले हात जोडेर 'ज्यान बाँचोस्' भन्ने प्रार्थना गरेको दृश्य असाध्यै करुण छ। माछाभित्र गोली लुकाएर लगिरहेको अवस्थामा पनि हिम्मतका साथ ज्यानभन्दा ठुलो प्रतिरोध गर्ने रामलखनको आँटिलो स्वर सलामयोग ठहऱ्याएँ। यी क्षणहरूले कथालाई सजीव बनाएका छन् । यसमा इतिहासको कठोरता छ तर कला पनि त्यत्तिकै छ।

कथाकार कार्कीको अर्को विशेषता भनेको पात्रलाई साधारण देखाएर असाधारण बनाउने कला देखाउनु हो । रामलखन नाङ्गो खुट्टा बोकेर हिँड्ने गरिब व्यापारी देखिन्छ तर ऊ समयको सबभन्दा ठुलो योद्धा हो। उसको चाल, बोली, धैर्य सबै रणनीतिमा बदलिन्छ। उसको नम्रता पनि नाटक हो। 'हम त नै पढल आदमी।' यस वाक्यले उसको ज्यान जोगाउँछ तर भित्र ऊ पढेकाको भन्दा बढी राजनीति बुझ्ने मान्छे हो । उसको ज्ञान हतियार ढुवानी गर्ने हो । उसको धैर्य समयको प्रतिरोध हो । सुरक्षा व्यवस्था कडा भएको बखत मैले पनि यस्तै मान्छेहरू देखेको थिएँ- कसैले मासु बेच्ने, कसैले तरकारी ओसार्ने, कसैले विद्यार्थी बनेर बस्ने सिकारुको हुलमा लुसुक्क छिर्ने गरेको मैले मनग्यै देखेभोगेको छु तर भित्र उनीहरूको जीवन राजनीतिक थियो । यो कथा पढ्दा लाग्छ, कथाकारले मेरो वरिपरिको यथार्थलाई शब्दमा उतारेका हुन्।

कथा पढ्दा वाक्य छोटा छन् । शब्दहरू छरिता छन्। यही छ कार्कीको चौथो विशेषता- छोटा वाक्यबाट ठुलो अर्थ दिन सक्ने क्षमता।

"माछा करिब कुहिसकेका थिए ।"
"माछाबाट ग्रिनेड र गोली झरिरहेको थियो।"

यी वाक्यहरूले पाठकलाई हलचल पार्छ। साहित्यमा सङ्क्षिप्तता कहिलेकाहीँ सबैभन्दा ठुलो शक्ति हुन्छ । त्यो समयमा मैले पनि सङ्क्षिप्त संवादहरू सुनेको थिएँ।

*सैनिक- 'कहाँ जान्छस् ?'*
*म- 'पढाउन।'*
*सैनिक- 'ढाकीमा के छ ?'*
*रामलखन- 'माछा।'*

यी छोटा संवादमै जीवनको फैसला हुन्थ्यो। कार्कीले यिनै छोटा वाक्यलाई कलामा रूपान्तरण गरेका छन्।

पाँचौँ विशेषता हो- कथामा प्रतीकको प्रयोग । माछा केवल माछा होइन । यो विडम्बनाको प्रतीक हो । सड्ने, कुहिने तर भित्र जीवन बोकेको । यो शोषण र प्रतिरोध दुबैको रूप हो । ढाकी जीवनको छाती हो । जसले आँसु पनि बोकेको छ, गोली पनि। यो

प्रतीकात्मकताले कथालाई गहिरो बनाउँछ । मैले राजविराजमा देखेको समाज पनि यस्तो नै थियो । कसैको जीवन कुहिएको माछा थियो तर भित्र विद्रोहको आगो थियो । सडकमा हिँड्ने मान्छेहरू सामान्य देखिन्थे तर भित्र उनीहरूको आत्मा असामान्य हुन्थ्यो । पुण्य कार्कीको कथाकारिताको अर्को ठुलो विशेषता भनेको इतिहासलाई कलामा बदल्नु हो । उनले सन्दर्भ उठाएका छन्- सङ्कटकाल, सैनिक चेकपोस्ट, राजनीतिक दमन तर यसलाई प्रत्यक्ष राजनीति बनाएर होइन, जीवनका कथा बनाएर प्रस्तुत गरेका छन् ।

यसरी कथा साहित्य मात्र होइन, इतिहासको वैकल्पिक दस्तावेज बनेको छ । म आफैँ त्यही दस्तावेजको एक अंश हुँ । राजविराजको गल्लीमा हिँड्दा म हरेक अनुहारमा डर पढ्थेँ तर म पढाउने शिक्षक थिएँ । पढाउने बहानामा म पनि बाँच्ने उपाय खोज्थेँ । कहिलेकाहीँ लाग्छ- म पनि रामलखनकै भेषमा बाँचिरहेको थिएँ । कथामा अन्त्य विस्फोटक छ । माछाभित्रको गोलीले पाठक स्तब्ध हुन्छ । यस अन्त्य कार्कीको कथाकारिताको चिह्न हो । उनी कहिल्यै पाठकलाई शान्त हुन दिँदैनन् । उनी सधैँ अन्त्यमा घन्टी बजाइदिन्छन् त्यसैले उनको कथा पढिसकेपछि लामो समय मनमा घन्टी बजिरहन्छ । मैले पनि घन्टी सुनेको छु । राजविराजको रातमा, टाढाबाट गोली चलेको आबाज । विद्यार्थीको चिच्याहट । स्कुलको खालि कोठामा टुँडिखेलजस्तो मौनता । यी सबै मेरो कानमा अझै बज्छन् । कथा पढ्दा ती आबाज फेरि आउँछन् ।

यसरी 'मछलीवाला' केवल कथा होइन । यो समयको प्रतिवेदन हो । यो कला र




इतिहासको संगम हो । यो साधारण जीवनमा लुकेको असाधारणताको साक्ष्य हो । रामलखन माछा बोकेर हिँड्दछ तर वास्तवमा उसले बोकेको छ भविष्य । उसको ढाकीभित्र लुकेको छ प्रतिरोधको बिउ । 'मछलीवाला' कथाका आधारमा भन्दा पुण्य कार्कीको कथाकारिताका विशेषता यिनै हुन्- छोटा वाक्य, ठुलो अर्थ । यथार्थको नजिक, प्रतीकमा गहिरो । भाषामा स्थानीयता । सन्दर्भमा ऐतिहासिकता । अन्त्यमा विस्फोट ।

मैले निसमालोचकको रूपमा यो कथा पढ्दा मेरो जीवन फेरि जीवित हुन्छ । राजविराजको धुलो, हुस्सु, सैनिक राइफल, विद्यार्थीको डर, बुढीआमाको आँसु, माछाको गन्ध, गोलीको आबाज । सबै एकैपटक मनमा टल्किन्छ । कथा मेरो जीवनसँग यति गाँसिएको छ कि आलोचना लेख्दा पनि म आफ्नै आत्मकथा लेखेजस्तो हुन्छ । त्यसैले म त भन्छु- पुण्य कार्कीले माछाभित्र गोली लुकाएर मात्र होइन, कथाभित्र इतिहास लुकाएर पनि नेपाली कथासाहित्यलाई

अमर बनाएका छन् । पुण्य कार्कीको कथा 'मछलीवाला' पढ्दा, साहित्य केवल रमाइलो वा मनोरञ्जनको माध्यम होइन भन्ने स्पष्ट हुन्छ । यो कथा जीवनको इतिहास हो । यो समयको घाउ हो । यो जनयुद्धको चिरफार हो । यसलाई पढ्दा लाग्छ- कसरी एउटा सामान्य देखिने जीवन असाधारण प्रतिरोधमा रूपान्तरण हुन्छ ।

रामलखनले नाङ्गा खुट्टाले चिसो धरती टेकेको छ। उसको शरीरमा गरिबी छ। उसको कपालमा धुलो छ तर उसको छातीमा साहस छ। उसको ढाकीभित्र गोली छ। उसको आत्मामा प्रतिरोध छ। यही पात्रले कथालाई असाधारण बनाएको छ। पुण्य कार्कीले साधारण जीवनलाई विशेष बनाउने कला देखाएका छन् । उनको लेखाइ छरितो छ। संवादहरू स्थानीय छन्। नेपाली र मैथिली मिसिएको भाषाले कथालाई जमिनसँग जोड्छ । यही भाषिक सहजताले कथा वास्तविक लाग्छ। मैले राजविराजमा त्यही स्वर सुनेको छु। कसैले 'तोहर ढाकीमा के छ' भन्छ। कसैले 'हम माछ बेचैवाला आदमी छी' भन्छ। यी स्वरले कथा मात्र होइन, परिवेशलाई पनि जीवन्त बनाउँछ। यस कथामा सैनिक चेकपोस्ट मात्र देखिँदैन । यसमा राज्य र जनताको दूरी देखिन्छ। यसमा सिपाहीको कठोरता देखिन्छ। यसमा आमाको आँसु देखिन्छ। यसमा जीवन र मृत्युबिचको सौदा देखिन्छ। कसैको पोको फुट्दा चामल धुलोमा पोखिन्छ। कसैको ढकन खोल्दा माछाको गन्ध फैलिन्छ। यी दृश्यहरूले जनजीवनको पीडा उजागर गर्छ तर कथा केवल पीडामै सीमित छैन। यसमा आशा छ। यसमा प्रतिरोध छ। यसमा सामान्य मानिसको असामान्य धैर्य छ । रामलखन सैनिकलाई झुक्याउँछ । सिपाहीलाई सम्मानपूर्वक उत्तर दिन्छ। 'हम त नै पढल आदमी' भन्छ तर भित्र ऊ धेरै पढेको छ। उसले समयको राजनीति पढेको छ। उसले जीवनलाई हतियारमा बदल्न जानेको छ। यही विरोधाभासले कथा गहिरो बनाएको छ।

अन्त्यमा जब माछाभित्र ग्रिनेड र गोली झर्छ, कथा विस्फोट हुन्छ। पाठक स्तब्ध हुन्छ। यस क्षणले कथालाई अमर बनाउँछ। यो साधारण कथा होइन भन्ने बोध हुन्छ । यो केवल व्यापारीको जीवन होइन । यो प्रतिरोधको ऐतिहासिक अभिलेख हो । पुण्य कार्कीको कथाकारिताको विशेषता यही हो- उनी कहिल्यै ठुलो शब्द प्रयोग गर्दैनन्। उनी सजावटी वाक्य प्रयोग गर्दैनन् तर छोटा वाक्यले ठुलो चोट दिन्छन्।

"माछाबाट ग्रिनेड र गोली झरिरहेको थियो ।" यस्तो वाक्य पढ्दा पाठक चकित हुन्छ । कथाको सम्पूर्ण अर्थ यही क्षणमा खुल्छ। मैले राजविराजमा विद्यार्थी र शिक्षक जीवन बिताउँदा यस्तै दृश्य देखेको थिएँ । हुस्सुको भित्र सैनिकको डर। सडकमा हिँड्दा चौकीको छायाँ । विद्यार्थीहरूको अनुहारमा प्रश्न । शिक्षकहरूको जीवनमा डर । यी सबै मेरो जीवनमा थिए त्यसैले मछलीवाला मेरो व्यक्तिगत इतिहासजस्तै लाग्छ । यस कथाले एउटा गहिरो सन्देश दिन्छ- सामान्य देखिने जीवन पनि ठुलो इतिहास बोकेर बाँचिरहेको हुन्छ । माछा मात्र होइन त्यहाँ प्रतिरोध लुकेको हुन्छ। ढाकी मात्र होइन त्यहाँ भविष्य लुकेको हुन्छ र साधारण मान्छे मात्र होइन ऊ आन्दोलनको मेरुदण्ड हुन्छ।

पुण्य कार्कीले कथालाई सजिलो तर गहिरो

बनाएका छन् । उनको शैली सिधासाधा छ तर अर्थ गहिरो छ । उनले देखेका दृश्यहरू हाम्रो समाजका घाउ हुन् । उनले कोरेका पात्रहरू हाम्रो वरिपरिकै मानिस हुन् । उनले चुनेका प्रतीकहरू हाम्रो जीवनका यथार्थ हुन् । यसैले मछलीवाला केवल कथा होइन इतिहासको साहित्यिक दस्तावेज हो । यस दस्तावेजले भन्छ- साहित्य समयसँगै बाँच्ने हो । यस दस्तावेजले भन्छ- सामान्य मानिस पनि असामान्य हुन्छ । यस दस्तावेजले भन्छ- भाषा, प्रतीक, सन्दर्भ, सबै जीवनसँग गाँसिनुपर्छ । निसमालोचकको रूपमा मैले यो कथा पढ्दा मेरो निजी जीवन फेरि जगाइन्छ । सिरहाको भूमिमा छु, यतिवेला म 'मछलीवाला' पढ्दा राजविराजको गल्लीमा तुरुन्तै फर्किन्छु । म चिसो हुस्सुमा हिँड्छु । म सैनिकको राइफल देख्छु । म बुढीआमाको आँसु देख्छु । म रामलखनको ढाकी देख्छु । माछाको गन्धसँगै प्रतिरोधको सुगन्ध पाउँछु त्यसैले निष्कर्ष यही हो- पुण्य कार्कीले माछाभित्र गोली लुकाएर मात्र होइन कथाभित्र इतिहास लुकाएर पनि साहित्यलाई शक्तिशाली बनाएका छन् । उनको कथा केवल कथा होइन उनको कथा हाम्रो जीवन हो, उनको कथा हाम्रो इतिहास हो, उनको कथा हाम्रो प्रतिरोध हो  अन्त्यमा एक वाक्यमा भन्नुपर्दा 'मछलीवाला' नेपाली साहित्यमा साधारण जीवनको असाधारण महाकाव्य हो ।

*बेलका-२, उदयपुर ।*

## ❑ गीत



❖ **लीलाराज दाहाल**

बर्खामास बाढी पस्यो रुनु पऱ्यो मैले
आँसु झारी मनका व्यथा धुनु पऱ्यो मैले !

पल्लो गाउँमा के के भयो केही थाहा छैन
कता बाढी कता पहिरो बुझ्न पाको छैन
खडेरीले बाली मर्छ, खोलो पस्छ कैले
आँसु झारी मनका व्यथा धुनु पऱ्यो मैले !
बर्खामास ...

फेरिएर जलवायु हिउँ गल्न थाल्यो
अति भई प्रकृति यो ताती बल्न थाल्यो
विनाश गरे वनजङ्गल, फोहोर बढ्यो जैले
आँसु झारी मनका व्यथा धुनु पऱ्यो मैले !
बर्खामास ...

***बागमती ११, कर्मैया, सर्लाही ।***



❖ मधुर भट्टराई

# चोकको चियापसल

चोकको एउटा बुढो चियापसल
थापिरहेछ बल्छी वर्षौंदेखि
समयको नदीमा
र बाँडिरहेछ चियाको कपसँगै
मान्छेहरूलाई
बल्छीमा अल्झेका ताता खबरहरू !
चियापसलमा
चियाको निक्खर गुलियोभन्दा
गफको गुलियो अलि धेरै बिक्छ
कित्लीमा चियाभन्दा
राजनीतिक गफ अलि धेरै उम्लिन्छ
चियापसललाई
राजनीति थाहा छ
सदाचार, भ्रष्टाचार थाहा छ
ज्ञान बिज्ञान थाहा छ
कलासाहित्य पनि थाहा छ
थाहा नभएको त
समयको उदास ऐनामा
अकर्मण्यताको धुलोले छोपिएको
परिवर्तनको निम्छरो अनुहार मात्र हो ।

चिया खाइसकेपछि
जसरी गिलासको पिँधमा छट्छ
अन्तिम सुरुप चिया
त्यसैगरी छुटछ चियापसलमै
नेताहरूको इन्द्रेनी आदर्श
कर्मचारीहरूको सदाचार
र व्यापारीहरूको सदाबहार नैतिकता !
चियापसलमा
जसरी पखालिन्छन् जुठा गिलासहरू
त्यसैगरी पखालिन्छन् हरेक दिन
चियाको चुस्कीसँगै छुटेका
झुटा ओठका जुठा बाचाहरू !


चियापसलमै
कोही एक कप चियामै बिक्छन्
कोही आश्वासनको संवेदनाहीन उधारोमा
जो जेसुकैमा बिके पनि
छाडेको छैन बेच्न चियापसल
चुरोटको बतासे सर्को
र चियाको अघोरी तलतल !
चियापसलले बनाइदिएको छ
गफको अब्बल दुर्व्यसनी
र चियाको अम्मली
नउडाएसम्म गफको धुवाँ
नगरेसम्म चियाको कपसँग तातो चुम्बन
बिहानको जिब्रोमा बस्दैन जिन्दगीको स्वाद
साँझको चौतारीमा फक्रिँदैन
सन्तुष्टिको ब्रह्मकमल !

जहाँ कुराको फेदमा डढेलो सल्किन्छ
र फैलिन्छ सहरभरि
त्यसको पहिलो झिल्का
चियाकै वाफबाटै निस्किन्छ
जहाँ अफवाहको अलौकिक आँधी चल्छ
त्यसको पहिलो तुफान
चियाको कपबाटै दुर्घटित हुन्छ
कहिले गफको रङ
चियापत्तीको गाढा रङझैँ कडा हुन्छ
कहिले गफको स्वाद
कागती चियाझैँ अमिलो हुन्छ
तर छान्नाले झैँ छानेर चियापसल
मान्छेहरूलाई कहिले जुँगा हालिदिन्छ
कहिले अतिरिक्त जिब्रो हालिदिन्छ!

चियापसल
समाजले आफ्नो अनुहार हेर्ने
अलिकति चर्किएको ऐना न हो
त्यही ऐनामा आफ्नो जिन्दगी देखेर
चियापसल
सस्तैमा गफ बेच्छ
सस्तैमा लत बेच्छ!

*बर्दिबास-१४, महोत्तरी।*

❑ **कविता**



❖ **ओमप्रसाद कोइराला**

# भानु बनेर आऊ

आऊ सधैँ भानु बनेर आउ
संसारको सार बनेर आउ
भाषा सजाएर उषासमान
नौलो सुनौलो बनियोस् बिहान।

यो देशको फेर्न सके मुहार
निर्मूल पार्ने गर अन्धकार
फर्केर आऊ अविलम्ब फेरी
नेपाल आमा नबनुन् अकेली।

रम्घा चुँदी रम्य छ सभ्य ठाउँ
यै गाउँको चम्कीरहोस नाउँ
लेखेर राम्रा कविता सुनाउ
यो स्वर्ग हो स्वर्ग अझै बनाउ।

सेवा सबैको गर सिर्जनाले
आलोक छर्छौ छर भावनाले
आऊ सुनाऊ मनका विचार
यै गर्दछु सर्जक भै पुकार।

साहित्यको फूल अझै फुलाउ
त्यै फूलमा भृङ्गहरू भुलाउ
हाँसीखुसीसाथ रमाउँदै छौँ
श्रद्धाञ्जली आज मनाउँदै छौँ।

आषाढको मास रमाइलो छ
चर्के भने घाम घमाइलो छ
आऊ रमाऊ मलिलो धरामा
फौँजाउँदै बीज गरा गरामा।

❑ संस्मरण

# विजय खरेल, सङ्केत र मेरो हिरासतयात्रा



❖ तारा गाउँले

मानिसको जीवन अथाह भोगाइको सङ्ग्रह हो । समयको रफ्तारसँग भोगेका अनेक अप्ठ्याराहरूले सोचलाई समृद्ध र परिपक्व बनाउँदै जीवनको मार्ग निर्देशन गर्छन् । सोचले नै जीवनको गन्तव्य निर्धारण गर्छ। जीवनको खुड्किलो उक्लिरहेको उसलाई भोगाइको अनुभवले जे पाठ सिकाउँछ उसको लागि त्यही जीवनको परिभाषा बनिदिन्छ।

यो देशको बर्तमान इतिहासका निर्माता तीन प्रकारका छन् :

एक- सबैले चिनेका बुझेका सुनेका र इतिहासमा नाम लेखिएकाहरू।

दुई - मुलुकको अवस्था परिवर्तन गर्न आन्दोलनमा होमिएका, आन्दोलनमा महत्त्वपूर्ण भूमिका खेलेका र आन्दोलनका दौरान धेरै दुःखकष्ट भोगेका तर इतिहासमा कहीँकतै नाम नलेखिएका योद्धाहरू।

तीन- राजनीतिबाट टाढै रहेका तर पनि यही देशको जनताको हैसियतमा आफ्नैलागि मात्र भनेर गरिरहँदा देशको निम्ति महत्त्वपूर्ण योगदान दिइरहेका लाखौँलाख मानिसको पनि यो देशको इतिहास निर्माणमा महत्त्वपूर्ण योगदान रहेको हुन्छ।

यस्तै दोस्रो खालको योगदान गर्ने योद्धाहरूमध्ये हुनुहुन्थ्यो विजय खरेल र उहाँसँगै सङ्घर्ष गरेर यो देशको राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका लागि होमिएका भुइँ मान्छेहरूको कथा म अहिले सम्झिरहेको छु।

एकदलीय पञ्चायती व्यवस्थामा वाक र प्रकाशन स्वतन्त्रता प्रतिबन्धित थिए । राज्यनियन्त्रित सीमित पत्रपत्रिकाबाहेक निजी क्षेत्रबाट दुई चारवटा साहित्यिक पत्रिका निस्कन्थे । तिनीहरूभित्र हामीजस्ता विद्रोही चेत भएका मान्छेहरूले लेखेका रचना अटाउने कुरै भएन । झापाका हामी केही प्रगतिशील साहित्यकारहरूले २०४५ सालमा बुद्धिजीवी एवम् कवि यज्ञराज प्रसाईँको संयोजकत्वमा ‘प्रगतिशील साहित्य तथा संस्कृति मिलन केन्द्र’ नामको एउटा संस्था गठन गर्‍यौँ । धेरै पुरानो कुरा भएकोले सबैकुरा दुरुस्त याद भएन । ‘प्रगतिशील साहित्य तथा संस्कृति मिलन केन्द्र’ झापा जिल्लाभरिका प्रगतिशील विचार राख्ने लेखक कविहरूको सङ्गठित संस्था थियो । त्यसमा संयोजकबाहेक अरू कुनै पद सिर्जना गरिएको थिएन । संयोजक यज्ञराज प्रसाईँ र अन्य साहित्यकारहरू डी.कौडिन्य अर्थात् देवकुमार आचार्य, विजय खरेल, ननित थापा, ज्योति पाठक, तारा गाउँले, पुण्यप्रासाद खरेल, रामचन्द्र उप्रेती, विष्णु प्रसाईँ, भीम खवास, गजेन्द्र खवास, तेजराज खतिवडाको सङ्गठित थियौँ।

‘प्रगतिशील साहित्य तथा संस्कृति मिलन केन्द्र’को संस्थापनापछि हामीले

घुम्ती साहित्य गोष्ठी गर्न थाल्यौँ । यसै सिलसिलामा हामीले पुण्यप्रसाद खरेलको घर काँकडभिट्टा, नन्दकुमार प्रसाईंको घर विर्तामोड, डिल्लीकुमार मैनाली गरामुनी, मोहन दाहाल धाइजन, टीकाप्रसाद सापकोटा कालिथान, मोती तुम्बाफो दुधे, मोहिनी मन लखनपुरमा ठाउँ फेरि फेरि साहित्यिक कार्यक्रम सम्पन्न गऱ्यौँ । ती कार्यक्रममा लीला उदासी, घिसिङ च्याङ्वा, मोहिनी मन, नन्दकुमार प्रसाईं र खगेन्द्र ज्वालासमेत जोडिनुभयो ।

मैले विजय खरेललाई त्यही वेला चिनेको हो । अग्लो कदको, पातलो जिउडाल भएको उहाँ गम्भीर स्वभावको हुनुहुन्थ्यो । छन्द कविता वाचन गर्नुभएकोजस्तो लाग्छ मलाई । विजय खरेल भनेपछि त्यस वेलाको चर्चित घटना 'सङ्केत' पत्रिका जफत र पञ्चायती दमनको सिलसिला झल्झली सम्झना आउँछ । म आज त्यही 'सङ्केत' र 'प्रगतिशील साहित्य तथा संस्कृति मिलन केन्द्र' तथा त्यस बखत भएको पञ्चायती दमनको कथा स्मरण गर्न उपयुक्त ठान्छु ।

झापामा पनि एउटा प्रगतिशील पत्रिकाको खाँचो थियो तर पञ्चायती शासन व्यवस्थामा पत्रिका दर्ता गरेर निकाल्न सम्भव नै थिएन । त्यही भएर हाम्रो दुई-चार बसाइपछिको छलफलले एउटा सामयिक सङ्कलन निकाल्ने निर्णय गरियो । पत्रिकाको नाम 'सङ्केत' राख्ने र यसको सम्पादकमा विजय खरेल रहने पनि निर्णय भयो । दर्ता नभएको प्रगतिशील प्रत्रिकाको सम्पादकमा बस्नु पार्टी र राजनीतिक विचारमाथि प्रतिबन्ध लागेको त्यो समयमा अत्यन्त जोखिमपूर्ण काम थियो । त्यसमा पनि कम्युनिस्ट आन्दोलनलाई दमन गर्ने पञ्चायती सासकहरूले अभियान नै चलाइरहेको समय थियो त्यो । धेरै जनपक्षीय प्रतिनिधिहरू जेलमा थुनिएका थिए तर पनि विजय खरेलले त्यो जोखिम लिन तयार हुनुभयो, पत्रिका सम्पादन गर्ने जिम्मा लिनुभयो । सो कार्यको लागि पर्दापछाडि बसेर महत्त्वपूर्ण भूमिका खेल्ने जिम्मा डी.कौडिन्यलाई सुम्पियो । उनी तत्कालीन मालेका भूमिगत नेता थिए । डी.कौडिन्य नेकपा मालेको भूमिगत राजनीतिक कार्यकर्ता मात्र होइन उनी राम्रो साहित्यकार र अध्ययनशील क्रान्तिकारी बुद्धिजीवी पनि थिए । उनलाई र विजय खरेललाई 'सङ्केत' प्रत्रिका निकाल्ने प्रमुख जिम्मेवारी दिइयो । यस कार्यमा कथाकार पुण्यप्रसाद खरेलको पनि सक्रिय भूमिका रहेको छ । डी.कौडिन्य र म मात्र पनि अनारमनीस्थित विराटपोखरी डिलमा बसेर धेरैपटक यसबारेमा छलफल गरेको मलाई सम्झना छ । धेरै मिहिनेतपछि सङ्केत पत्रिका निस्कियो तर सम्पादकमा डी.कौडिन्यको नाम लेखिएको थियो । यसबारे हामीमाझ कुनै छलफल सहमति भएको थिएन । डी.कौडिन्यलाई छपाइको जिम्मेवारी दिइएको थियो । सिलिगुडीको कुनै छापाखानामा छपाइएको उक्त पत्रिकामा निर्णय विपरीत उनले आफ्नो नाम राखेछन् । डी. कौडिन्य भूमिगत पार्टी नेकपा मालेको भूमिगत नेता भएको र पहिलादेखि नै प्रशासनले उनलाई खोजिरहेकोले सङ्केत उहाँको नामबाट निस्केपछि ठुलै खैलाबैला भयो ।

सङ्केतमा स्व.रत्नकुमार वान्तवाको समेत कविता राखिएको थियो । यसले झन ठुलो प्रोपोगन्डा खडा गऱ्यो । पञ्चायती शासकहरूले माले मुखपत्रकै रूपमा यसलाई

लिएछन् । अब सुरु भयो गिरफ्तारी र धर पकडको शृङ्खला । सङ्केत पत्रिका जफत गरियो र यसभित्र लेख्ने लेखककविहरूलाई खोजी खोजी गिरफ्तार गरेर जेल हाल्न थालियो । यज्ञराज प्रसाईँ, ज्योति पाठक, नन्दकुमार प्रसाईँ, ननित थापालाई गिरफ्तार गरियो, जसमध्ये ज्योति पाठक, यज्ञराज प्रसाईँ र ननित थापाले कस्टडीमा धेरै प्रहरीयातना भोग्नुपरेको थियो । अरू लेखककविहरूलाई पनि धेरै खोजियो । पुण्यप्रासाद खरेललाई धेरैपटक घरमा गएर खोजेछन् तर उहाँ पनि लुकेर भूमिगत भएर नै जोगिनुभयो । विजय खरेलले त आफ्नो घरपरिवार छोडेर भागेर इन्डियातिर नै निर्वासन हुन बाध्य हुनुपर्‍यो । म भने तत्कालीन श्री ५ को सरकारको निजामती कर्मचारी भएकोले भूमिसुधार कार्यालय चन्द्रगढीमा काम गर्थें तर मलाई कर्मचारी साथीहरू र प्रकाशनले ताराप्रसाद आचार्यको नामले मात्र चिन्दथे । तारा गाउँले मेरो साहित्यिक र राजनीतिक नाम थियो । 'सङ्केत'मा मैले सगरमाथा र आगो शीर्षकको कविता लेखेको थिएँ । त्यो कविता सिधै राजतन्त्रविरुद्ध लेखिएको कविता हुनुले मेरो पनि व्यापक खोजी भइरहेको थियो । मेरा पिताजी त्यस वेला सतासीधाम गाविस वडा नम्बर चारको वडाअध्यक्ष हुनुहुन्थ्यो । भिल्भिले चौकीको इन्चार्ज असइले मेरा पिताजीलाई तारा गाउँले भनेको को हो ? भनेर सोधेछ । मेरा पिताजीले 'म चिन्दिन' भन्नुभएछ त्यसपछि सतासीधामभरिका तारा नाम गरेका महिला, पुरुष सबैलाई चौकीमा बोलाएर केरकार गरिएछ । त्यही सिलसिलामा पूर्व सांसद तथा सतासीधाम गाविसका पूर्वअध्यक्ष तारासम योङ्यालाई पनि केरकार गरेको कुरा मसँग भन्नुहुन्थ्यो । त्यस वेला सतासीधाम गाउँ पालिकाका बाइसजना तारालाई चौकीमा बोलाएर केरकार गरेको कुरा मलाई त्यस वेलाका ७ नम्बर वडाअध्यक्ष आदरणीय लोकनाथ पाठकले भन्नुभयो । उहाँ अहिले पनि जीवित हुनुहुन्छ र सायद ९४/९५ वर्षको उमेरमा हुनुहुन्छ ।

पुलिसबाट मेरो खोजी भइरहेको कुरा मलाई मेरा पिताजीले जानकारी दिनुभयो ।

एक महिनापछि भिल्भिले चौकीको इन्चार्जले मेरा पिताजीलाई भनेछ, "चार नम्बर बा ! तारा गाउँले भनेको तपाईँको माइलो छोरा रहेछ । मलाई एउटा साइकिल किनिदिनुभयो भने म तारा गाउँले फेला नपारेको भनेर जिल्लामा चिठ्ठी लेखिदिन्छु ।" मेरा पिताजीले झोक्किएर भन्नुभएछ, "कस्तो कुरा गर्नुहुन्छ हौ असइ साहेब ! म तपाईँलाई साइकिल त होइन एक कप चिया ख्वाउँदिन । मेरो छोरा श्री ५ को सरकारको जागिरे हो, तपाईँले भनेजस्तो होइन । यदि हो रहेछ भने जे मन लाग्छ त्यही गर्नू, मबाट त्यस्तो घुस दिन काम हुँदैन ।" मेरा पिताजी हरिप्रसाद आचार्य खरो, स्पष्ट वक्ता र इमानदार भनेर परिचित हुनुहुन्थ्यो । त्यसपछी म चन्द्रगढीबाट घर नै नगई साथीको कोठामा बस्नथालेँ तर पनि मेरो खोजी भने भइरहेको थियो । साँझमा मेरो घरछेउको ठुलो कच्ची भएको बयरको रुखमुनि सिआइडी बस्ने गरेको कुरा मेरी श्रीमती सीताले भन्थिन् ।

प्रशासनद्वारा खोजी भइरहेको अवस्थामा उनकै लापरवाही हो वा आत्मसमर्पण नै गरेका कारणबाट डी.कौडिन्य पक्राउ परे । उनको गिरफ्तारीपछि म झनै घेरामा परेँ । एक दिन म अफिसमा काम गरिरहेको वेला एउटा पुलिस हातमा एउटा बन्द खाम बोकेर ढोकाबाट

छिर्‍यो । सिधै म बसेको ठाउँमा आयो र 'यो चिट्ठी दिने ठाउँ कहाँ हो ?' भनेर सोध्यो । मैले हाम्रो तत्कालीन शाखा अधिकृत नवराज घिमिरेको कार्यकक्षतिर देखाएँ । मलाई थाहा भइसकेको थियो कि त्यो मेरो गिरफ्तारीको पत्र हो भनेर। पुलिस चिट्ठी लिएर नवराज घिमिरेको कार्यकक्षतिर छिरेपछि म पनि बिस्तारै पछि पछि लागेँ र पर्दाले छेलिएर भित्र भएको कुरा सुनेँ । भित्र पुलिस र शाखा अधिकृत नवराज घिमिरेबिच संवाद भइरहेको थियो- "उहाँलाई अञ्चलाधिसबाट पक्रनू भन्ने आदेश भएर म लिन आएको हो ।" यता नवराज घिमिरे भन्दै हुनुहुन्थ्यो, "आज हाकिम छैनन्, बिदामा बसेका छन् । हाकिमको आदेशविना मैले मात्र कुनै कर्मचारीलाई तपाईँसँग पठाउन मिल्दैन ।"

पुलिस ढिपी गर्दै छ, "मलाई त लिएर नै आउनुपर्छ भन्नुभएको छ इन्स्पेक्टर साहबले ।" घिमिरे सर फेरि भन्नुहुन्छ, "मैले पठाउनै मिल्दैन ।" दुबैको वादविवादपछि पुलिसले नवराज घिमिरेकै टेबलमा रहेको टेलिफोनबाट इन्स्पेक्टरलाई फोन गर्‍यो, "साहब यहाँ हाकिम साहबले पठाउँदिन भन्नुहुन्छ ।" उताबाट चर्को जबाफ आयो, 'त्यही हाकिमलाई समातेर ले ।' पुलिसले फोन राखेर भन्यो, " तपाईँलाई नै ले भन्नुभयो ।" नवराज घिमिरेले पनि झोक्किएर भन्नुभयो, 'मलाई लाने भए पक्राउ पुर्जी लिएर आऊ ।' पछि बल्ल पुलिस रित्तै फर्कियो।

नवराज घिमिरे पनि वामपन्थी विचारको असल, निडर र हक्की मान्छे भएका कारणले म पक्राउ पर्नुबाट जोगिएको थिएँ त्यो दिन। पुलिस गएपछि मलाई नवराज सरले बोलाउनुभयो र सबै कुरा भन्नुभयो । "आजलाई मैले जोगाइदिएको छु तर तपाईँलाई कुनै वेला पनि पक्राउ गर्नसक्छ। आफ्नो बचाउ कसरी गर्नुहुन्छ गर्नू।"

वास्तवमा तारा गाउँले भनेको म नै हो भनेर तत्कालीन जिल्ला पञ्चायत उपसभापति मेरो झिल्झिलेको घरको छिमेकी विर्तामोड निवासी यातायात व्यवसायी लक्ष्मीप्रसाद ओडारीले प्रशासनलाई जानकारी दिएको कुरा पछि मलाई जानकारी भयो। त्यसपछि मैले सरकारी वकिल कार्यालयका साथी नारद घिमिरेलाई यो मुद्दाको बारेमा बुझ्न भनेँ । निजामती क्षेत्रमा धेरै वामपन्थी साथीहरू हुनुहुन्थ्यो। नारद घिमिरेबाट बुझ्दा मलाई राजा र राजतन्त्रप्रति घृणा र द्वेष फैलाएको भन्ने आरोप लगाएको रहेछ। त्यस दिन हाम्रो कार्यालयको हाकिम शम्भु श्रेष्ठ बाहिर गएका कारणले मात्र म जोगिएको थिएँ।

यसैबिच दुई दिन बित्यो। त्यही दुई दिनको बिचमा संयोगले मेरो कार्यालयमा जसध्वज गुरुङ आइपुग्नुभयो। दुधेको नेरारआ हाइस्कुलमा मभन्दा दुई कक्षाले सिनियर हुनुहुन्थ्यो जसध्वज दाइ । नेपाल प्रहरीको इन्स्पेक्टर भए पनि उहाँ पनि त्यस वेला कुनै विभागीय कारवाहीमा परेरर निलम्बनमा हुनुहुन्थ्यो । ताप्लेजुङ निवासी गुरुङ दाइ राम्रो फुटबल खेलाडी र लोकगायक पनि हो। अहिले उहाँ काठमाडौँको पेप्सिकोलामा बस्नुहुन्छ। मैले उहाँसँग 'आफू तारा गाउँले चाहिँ नभएको तर पञ्चेहरूले रिसइबी साँध्न मलाई तारा गाउँले भनेर पोलेको हुँदा अप्ठ्यारोमा परेँ दाइ। तपाईँले चिनेको छ भने अहिलेको ढकाल इन्स्पेक्टरलाई केही कुरा राखिदिनुहुन्छ कि' भनेँ । उहाँले पनि अहिले मेरो कुरा के खाला र ? तर पनि म कोसिस गरौँला भाइ भनेर बिदा भइयो । त्यसको एक

दिनपछि हाम्रो हाकिम कार्यालयमा हाजिर भए। आउनेबित्तिकै 'त्यो तारालाई किन पुलिससँग नपठाएको ?' भनेर नवराज घिमिरेसँग भनेछन्, 'तुरुन्तै पुलिस बोलाएर जिम्मा लागाऊ ।' नवराज घिमिरेले 'किन पुलिस चाहिन्छ ? ऊ कर्मचारी हो, भागेर जाने होइन, अफिसले चिट्ठी लेखेर हाजिर हुन जाऊ भने गइहाल्छ' भनेपछि मलाई '२४ घण्टाभित्र इन्स्पेक्टर कार्यालयमा हाजिर हुनजानू' भनेर चिट्ठी थमाइयो।

चिट्ठी बुझेपछि सुरु भयो मेरो छट्पटी । म साहित्यकार तथा वकिल लीला उदासीको ल फर्ममा गएर आफ्नो कुरा राखेँ । उहाँले पनि ' आफू तारा गाउँले होइन, मलाई थाहा छैन' भन्नू भनेर सल्लाह दिनुभयो । त्यो रात मलाई निद्रा परेन । रात छट्पटीमै बित्यो र जस्तोसुकै परिस्थिति आए पनि आत्तिने छैन र डराउने छैन, पुलिससँग झुक्ने छैन भन्ने बलियो आत्मबल बनाउने प्रयास गरिरहेँ । अनेकन योद्धाहरूका क्रान्तिकारी जीवनलाई स्मरण गरेर आफ्नो आत्मबल बलियो बनाएँ। भोलिपल्ट दश बजे म चिट्ठी बोकेर इन्स्पेक्टर कार्यालय चन्द्रगढी पुगेँ। त्यसताका जिल्लामा इन्स्पेक्टर कार्यालय नै प्रमुख हुन्थ्यो । आफैँ चिट्ठी बोकेर यताउता हेर्दै थिएँ अचानक एकजना मैले चिनेको दुलाल थरको पुलिस हवल्दारलाई  देखेँ । उनी मेरो कार्यालयका सक्षमका साथी प्रेम दुलालका भतिज थिए। उनले पनि मलाई देखे 'अहो ! तारा सर ! तपाईँको यहाँ के काम पर्‍यो' भने। मैले फेरि जसध्वज गुरुङलाई जस्तै मिलाएर आफ्ना कुरा भनेँ र यो पनि भनेँ कि 'दुलाल सर ! सक्नुहुन्छ भने मलाई अरू कुरा होइन यातना दिनेबाट जोगाउनुहोला । अरू कुरा म अदालतमा फेस गर्छु।'

उनी त्यहाँ लेखा शाखामा काम गर्ने हवल्दार भएकाले आफ्नो हाकिमसँग उनको राम्रो सम्बन्ध थियो। उनले पनि केही भन्न सकेनन्। चिट्ठी लिएर दर्ता गरे अनि मलाई 'तपाईँलाई भित्र नबोलाइएसम्म कतै नगई यहीँ बस्नुहोला है' भनेर पुलिसहरू सुत्नेबस्ने ओछ्यान भएको कोठामा राखेर उनी बाहिर गए । त्यो वेलामा राजनीतिक कारणले पक्राउ पर्ने थुनुवा भनेपछि सबैको सातो जान्थ्यो । विचरा ! हवल्दारको मुटु हल्लिएजस्तो लाग्यो तर पनि उनले मलाई अपराधी राख्ने ठाउँमा नराखी त्यहाँ उनीहरू डिउटीमा बस्दा बस्नेसुत्ने ठाउँमा राखे। यो पनि मेरोलागि ठुलो सहयोग थियो । त्यसपछि ती सहयोगी दुलाल हवल्दारसँग मेरो कहिल्यै भेट भएन तर उनले त्यो वेला मलाई गरेको गुन मैले जीवनभरि बिर्सिने छैन।

मलाई थुनुवा राख्ने ठाउँमा राखेनन् । मलाई छोडेर उनी कुन डिउटीमा कता गए थाहा भएन। म भने दिनभरि थुनुवा कैदीलाई यातना दिएको र उनीहरू रोएको, चिच्च्याएको आबाज सुन्दै छट्पटाउँदै बसिरहेँ । यस्तैमा एउटा पुलिस अर्कोसँग कुरा गरिरहेको संबाद मेरो कानमा पर्‍यो, "यार ! मलाई एकजना कैदी कुट भनेर भन्छ हवल्दार, यार ! मेरी स्वास्नी दुई जिउकी छे, यस्तो वेलामा मान्छे कुट्नुहुँदैन अरे बच्चा तुहिन्छ भन्छन्। खोइ के गरौँ गरौँ ?" "तँ कुट्दैनस् भने म ठोकौँला न किन पिर मान्छस् ?"

यस्तै अनेक सुन्दै डर, छटपटी र चरम मानसिक तनाबको बिचमा एउटा दिन बित्यो । झमक्क साँझ पर्‍यो तर पनि त्यो हवल्दार छैन। म यता न उता भएर ओठमुख सुकाएर बसेको बस्यै भएँ । साँझ सात

बजेतिर सबै बत्ती झलमल्ल बलेपछि एउटा पुलिस आयो र 'इन्स्पेक्टर साहबले तपाईँलाई बोलाउनुभएको छ' भनेर लग्यो । म उसको पछि पछि लागेँ । मनलाई बलियो बानाएर । म इन्स्पेक्टरको कोठामा प्रवेश गरेँ । छिर्नेबित्तिकै बत्तीको मधुरो प्रकाशमा टेबलपछाडि एउटा कुर्सीमा बसिरहेको मानिसलाई देखेँ र दुई हात जोडेर नमस्कार भनेँ । "तपाईँ किन आउनुभएको के काम छ ?" उसले ठाडै सोध्यो । "म भूमिसुधार कार्यालयबाट आएको 'मलाई यहाँ जानू भनेर पठाएको हो सर ।'

"तपाईँको नाम के हो ?" 'ताराप्रसाद आचार्य ।' मैले होसियारीपूर्वक उभिएरै जबाफ दिएँ । 'बस्नुस् । ए तपाईँ नै हो तारा गाउँले भन्ने मान्छे ?' उसले अलि कडै स्वरमा भन्यो । "होइन सर, म त ताराप्रसाद आचार्य हो ।' "बस्नुस्, बस्नुस् । तपाईँ कविता पनि राम्रा लेख्नु हुँदोरहेछ नि ?" उसले एउटा कुसी तिर देखाउँदै बस्ने इसारा गर्‍यो । मैले बिस्तारै बस्दै बिस्तारै जबाफ दिएँ, "होइन सर ! मलाई कविता लेख्नै आउँदैन । म सामान्य पढालेखा मान्छे । सानो जागिर खान्छु, त्यति धेरै साहित्य कहाँ जान्नु र ?" "ए कविता लेख्न धेरै पढ्नुपर्छ र ? थोरै पढेकाले कविता लेख्न जान्दैन र ?" "जान्दछ होला सर तर मलाई कविता लेख्न आउँदैन" मैले भनेँ ।

"हेर्नुहोस् तपाईँ एउटा सरकारी कर्मचारी भएको नाताले म नरम तरिकाले सोधिरहेको छु । तपाईँ मलाई इमानदारीपूर्वक भन्नुहोला ।" उसले फेरि भन्यो, "तपाईँ श्री ५ सरकारको जागिरे । सरकारको नुन खानुभएको छ, तपाईँले नुनको सोझो गर्नुपर्छ भन्ने थाहा छ कि छैन ?" "थाहा छ हजुर !" मैले बडो इमानदारीसाथ भनेँ । "त्यसो हो भने तपाईँले इमानदारीपूर्वक भन्नुपर्छ तपाईँको नेता को हो ?" "मलाई त त्यस्तो केही थाहा छैन । आजसम्म मैले त्यस्तो केही जानेको छैन ।" मैले नरम र मधुरो आबाजमा भनेँ । "अनि अस्ति नन्दकुमार प्रसाईँको घरमा त हुनुहुन्थ्यो त तपाईँ ?" उसले व्यङ्ग्यात्मक तरिकाले भन्यो । "होइन सर म थिइनँ । म उहाँलाई चिन्दिन ।" "अनि तपाईँ त्यस दिन अफिस त आउनुभएन ! कता जानुभयो ?" मलाई निकै आश्चर्य लाग्यो । त्यो दिन म नन्दकुमार प्रसाईँको घरमा भएको कवितागोष्ठीमा नै थिएँ । कसले चुहाएछ त्यो सूचना ! उसले कसरी थाहा पायो ?

"त्यस दिन म घरमा काम परेर अफिस आइँन सर ।" मैले जबाफ दिन नभ्याउँदै उसले झोक्किँदै भन्यो, "तपाईँलाई माया गरेर नहुने भयो, अब तपाईँलाई अर्को तरिका अपनाउनुपर्ने भयो ।" तपाईँ यज्ञराज प्रसाईँलाई चिन्नुहुन्छ ?" 'म चिन्छु सर तर उहाँले चिन्नुहुन्छ कि हुन्न मलाई थाहा छैन । उहाँ धुलावारी हाइस्कुलको हेड सर हो भनेर उहाँको नाम सुनेको छु ।' "उहाँले त तपाईँलाई राम्रोसँग चिन्नुहुन्छ अरे ।" उहाँ आफैँले भन्नुभएको । अनि डी.कौडिन्यलाई नि चिन्नुहुन्छ नि ?" 'चिन्दिन सर' भनेपछि ऊ खुब रिसायो र घण्टी बजायो । "उसले तपाईँलाई चिन्छु भनिसक्यो, तपाईँ चिन्दिन भन्ने ? उसलाई तपाईँको अगाडि बोलाऊँ त ?"

एउटा पुलिस दौडेर आयो र तनक्क तन्कियो र भन्यो, "सर ?" इन्स्पेक्टरले भन्यो, "सङ्केत ले ले ।" अब मलाई निकै अफ्ठ्यारो पर्नेवाला छ भन्ने मलाई लाग्यो । डी.कौडिन्यलाई मेराअगाडि ल्याइयो भने त निकै गारो हुने छ मलाई । त्यसपछि उसले मलाई तर्साउन थाल्यो । 'म तपाईँको जागिर खाइदिन्छु, धोती न टोपी

बनाइदिन्छु । तपाईँहरूको नेता को हो भन्नुभयो भने म तपाईँको प्रमोसन गराइदिन्छु । भन्नुभएन भने धोती न टोपी बनाइदिन्छु ।'

उसले मलाई कहिले फकायो, कहिले धम्क्यायो तर मैले 'म तारा गाउँले होइन, म ताराप्रसाद आचार्य मात्र हो' भनिरहेँ । उसले मेरो कविता 'सगरमाथा र आगो' राजालाई नै टार्गेट गरेर लेखेको पनि भन्यो, मैले होइन भनिरहेँ । एक छिनपछि पत्रिका लिन गएको सिपाही रित्तै आयो र भन्यो, 'साहब स्टोरको हवल्दार साब रमन जानु भएछ स्टोरको चाबी लिएर ।' स्टोर तिनै दुवाल हवल्दारको जिम्मा रहेछ । मलाई निकै राहत भयो ।

यस्तै प्रकारले हामी दुईबिच एक-डेढ घण्टा संवाद भयो । उसले 'तारा गाउँले तै होस् भनेर ठोकुवा नै गऱ्यो' तर मैले 'म हुँदै होइन' भनेर अडिग नै रहेँ तर उसले 'मै हो भनेर चिनिसकेको' ठोकुवा नै गऱ्यो । अन्तिममा मलाई उसले 'जसध्वज गुरुङलाई कहाँ चिनेको ?' भनेर सोध्यो । मैले पनि एउटै हाइस्कुल पढेको कुरा भनेँ । उसले भन्यो, "म आजलाई तपाईँलाई छोड्दिन्छु तर तपाईँले अरू बामेहरूको नाम भन्नुपर्छ" भन्यो । मैले भनेँ, "मलाई थाहा नै छैन, अब थहा पाएँ भने भन्छु ।"

उसले अनेक धम्क्याउँदा फकाउँदा पनि मलाई थाहा छैन भनेर अडिग रहेपछि अन्तिममा उसले भन्यो, 'तारा गाउँले तपाईँ नै हो, मैले नचिनेर छोडेको होइन, तपाईँलाई एउटा कर्मचारी राष्ट्रसेवक भएको नाता र तपाईँ ढकालको ज्वाइँ हुनुहुँदो रहेछ भनेर योपटकलाई छोडिदिन्छु तर अब कविता लेखेको थाहा पाएँ भने सिधै जागिर मात्र खाने होइन जेल हालेर धोती न टोपी पार्छु ।"

उसले मेरो घर, व्यवहार र छोराछोरीको बारेमा पनि सोध्यो । त्यसपछि एउटा सेतो फुलिस्केप कागजमा के के लेखेको थियो, पढ्न पनि नदिई सही गर्न भन्यो । मैले पनि चुपचाप सही ठोकिदिएँ र रातको नौ बजे मलाई ' जानुस्' भनेर छोडिदियो । लामो सास फेरेर म बाहिर निस्केर ससुराली घरतिर लाग्दा चन्द्रगढी बजारमा झलमल्ल बत्ती बलिरहेको थियो । एउटा ठुलो प्रलयबाट बाँचेर आएको महसुस भइरहेको थियो मलाई ।

भोलिपल्ट म अफिस हाजिर हुन जाँदा त सबैजना ट्वाँ परेर मलाई हेरिरहेका थिए । मलाई जेल हाल्छ भनेर सोचेका रहेछन् सबैले । मलाई नै विश्वास थिएन म त्यति सजिलै छुट्छु भनेर । तर जसध्वज गुरुङ दाइले के भन्नुभयो मलाई थाहा भएन । सौभाग्य बस् म ठुलो यातनाबाट बचेको थिएँ । त्यसको बत्तिस वर्षपछि २०७२ सालमा एउटा साहित्यिक कार्यक्रम पेप्सिकोलामा अचानक जसध्वज दाइसँग मेरो भेट भयो र मैले त्यो घटनाबारेमा उहाँलाई भनेँ तर उहाँलाई त्यो घटना थाहा नै रहेनछ, बिर्सनु भएछ ।

कवि विजय खरेलको बारेमा लेख्न बसेको थिएँ । त्यो समयको इतिहास आफैँ धाराप्रवाह आयो । विदेशतिर निर्वासित विजय खरेल प्रजातन्त्र पुनःस्थापनापछि मात्र नेपाल फर्कनुभयो र डी.कौडिन्य र अरू साथीहरू पनि २०४७ सालमा जेलबाट छुटे । २०५२ पछि डी.कौडिन्य माओवादीमा सशस्त्र सङ्घर्षमा लागे । २०६२ सालमा उनलाई चारआलीको जङ्गलमा सेनाले गोली ठोकेर निर्ममतापूर्वक हत्या गऱ्यो । यसरी एक होनहार युवाले सहादत प्राप्त गरे । सारै मिहिनेती र अध्ययनशील

क्रान्तिकारी युवा डी. कौडिन्यको यसरी अन्त भयो । उनको पनि कुनै इतिहासको पानामा नाम लेखिने छैन र यस लेखमा उल्लेख भएका पात्रहरू कसैको पनि देशको लागि मर्ने र गर्नेको इतिहासमा नाम लेखिने छैन तर पनि यो देशको आर्थिक राजनीतिक र सामाजिक परिवर्तनमा उनीहरूले गरेको ठुलो योगदान अलिखित नै रहने छ ।

त्यस बखतका केहीले यो संसारबाट बिदा लिए र त्यस बखतका युवाहरू अहिले पार्टीका नेताहरूको क्रियाकलाप र दक्षिणपन्थी विचारदेखि प्रत्यक्ष राजनीतिबाट टाढा भएर आफ्नै घरमा बुढौली जीवन बाँचिरहेका छन् ।

*भक्तपुर, दुवाकोट ।*

❑ कविता



❖ यशोदा अधिकारी

## मौन दोबाटो

सुन्दासुन्दै पनि नसुन्ने
कान छामेर बस्नुभन्दा
दोबाटोमा तिमीलाई भेटेदेखि
कौवाको पछि लाग्न थालेको हुँ
लखेटेर जङ्गल कटाइएका
कागहरू फनक्क फर्के
एकाएक ठुङ्न थाले मेरो टाउँको
अस्पतालमा पुगेर
भ्याक्सिन लाउनैपर्ने गरी
अब म फेरि पनि
त्यसरी दौडिन्छु वा दौडिन्न
बताइरहने छैन
बरु तिमी मन लाग्दा दौडन सक्छौ
मन लाग्दा कान छामेर
उभिन पनि सक्छौ
तर म दुबै गर्न असमर्थ छु ।

अँ त्यो बाटो !
न बाटो न दोबाटो ?
न जीवजन न मृत्यु ?
ओछ्याएर सपनाहरू
मनमौजी सुतिरहने बारै मास
बाटो न घाटो
गोरेटो न घोरेटो
सुत्नमै हित छ तेरो
सुतिराख् !
बाटो : निद परे पो !
म : किन अघाइएन ?
बाटो : भोक छैन ।
म : चैन नि ?
बाटो : उजुरीको चाप छ !
बस् ! मौन दोबाटो !

हिँड्दा हिँड्दै लडिरहने मेरो शरीर
मुर्दासरि न शरीर न मुर्कुट्टा
इसाराले हात छोएन भने
लडिरहने हो उसैगरी ।



❖ ख्यालमान राई (सुच्चा)

# सपना

समयको गतिसँगै
जीवनको दौरानमा
इच्छाशक्ति र अनुभूतिको आभास
स्वप्निल सपनाहरू
असरल्लै बगरमा ढुङ्गाहरूजस्तै
सुनौला आशातीत सपना
पल पल बोकेर
समयको गतिसँगै
जीवनको दौरानमा
जन्मभूमिमा हुर्की, खेली हिँडेको
त्यो मेरो प्यारो गाउँ
हावा, पानी र वातावरण
अनि बालापन सम्भेर
आजसम्म पनि म सपना बोकेर
अनवरत हिँडि नै रहेको छु।

सबैको सपनाको सहरमा
कैदी जिन्दगीको आभासमा
म पनि अरूहरूजस्तै
आशाका सपनाहरू बोकेर
अविराम हिँडि नै रहेको छु
गन्तव्यको नियात्रा भोगाइसँगै
म एक्लो, नितान्त एक्लो बटुवा बनेर।

समयले छोडेका ती पलहरू
आफ्नै शरीरले साथ दिन छाड्दै गएको
जीर्ण हुँदै गइरहेको शरीरको ऊर्जा
पत्थरजस्तै कठोर बाचा
आज इतिहासका पाना बनेर
वर्तमानमा मेरो हृदएको क्यानभासमा
कैदी भएर
सिङ्गो पहाडजस्तो ठिङ्ङ उभिएको
चट्टानी अडान
हेर्छु यी दुई आँखाहरूले
आजभोलि सपनामा
प्रेतात्माका किन डरलाग्दा दृश्यहरू देख्छु ?

हेर्छु त्यो निलो आकाश पनि धमिलो
र म हेर्छु त्यो सिङ्गो पहाड
मात्रै देख्छु तिमीले दिएका
ती बोझिला सपनाका
दर्शन ग्रन्थका ठेलीहरू !
म्याक्सिम गोर्कीको
आमा उपन्यासले
मान्छे मान्छेहरूका
मानसपटलमा जन्माएको
विभेदहीन र समानताको साम्यवादी नारा
लेलिन, स्टालिन, मात्सेतुङ,
फिडेल क्यास्ट्रो, च्यागोभेराको
हुकुमी शैलीको शासन
अब त पुरानो भइसक्यो हैन र ?

'पुरानो कोट लगाऊ
नयाँ किताब किनेर पढ' भन्ने
जमाना बदलिएर आज
अगाडि बढिसकेको
यो पुस्ताले भोगिरहेको
तुफानी व्यस्त समय
विद्युतीय आविष्कारहरूले जन्माएका
नयाँ, नयाँ सुविधा र चुनौतीका पहाडहरू

पढ्नु नै छैन अब त
हतार, हतारमा इतिहास
अब्राहम लिङ्कन र गान्धीको
समाजवादी चिन्तनको
समाजवादभित्रको प्रजातन्त्र
पुँजीवादी धारमा बढिरहेको
माओको फोटो झुन्ड्याएर आज पनि
कार्बन उत्सर्जनको बिल्ला झुन्ड्याएर
धावा बोलिरहेछ विश्वमानचित्रमा !

म आज आफ्नै सपनाहरू बोकेर
तिनै सालिकहरू हेरेर
निरन्तर, निरन्तर उभिइरहेको छु
सालिकझैँ बनेर ।
देख्छु आजभोलि पुस्तकालयहरूमा
धुलोले ढाकिएका छन्
दर्शनका ठेलीहरू
मक्किएर धमिराले खाँदै गरेका छन्
किन चाहिन्छ र अब ?
फर्म्यान्टेसन गर्नै नसक्ने
ती बोझिला पुराना दर्शन र पुस्तकालयहरू ?
साम्यवाद र समाजवादभन्दा माथि उठेर
पुँजीवादले सबैको शिर नै झुकाएर आज
धावा बोलिरहेको छ
धर्मग्रन्थले शास्त्रीय दर्शनका धुनहरू
सुन्ने र सुनाउने कसैलाई फुर्सद नै छैन ।
गाउँ, बस्तीहरू उजाडिँदा छन्
सपनाका चाङहरूसँगै
राहदानी झोलामा बोकेर
सपनाको एकादेशमा
सपना बोकेर देश छोडिरहेका छन् !
के सबैको सपना यही हो ?
साम्यवाद र समाजवादको
नारा लगाउन सिकाउनेहरू हो !
दर्शन र सपना यही हो त ?
सबैको सपना यही हो त ?
भोजपुर होम्तोक,
*हाल : महालक्ष्मीस्थान, ललितपुर ।*

❑ लघुकथा

# खिर खाने चलन



❖ **डा. विष्णुप्रसाद दाहाल**

एभुन्टेका बा ! भोलि श्रावण १५ खिरखाने दिन हो है । बिहानै गाई दुहुनू ल । आँगनमा बसेर झार टिप्दै गरेकी भुन्टेकी आमाले सम्झाइन् । बुढा पनि भोलिपल्ट बिहानै उठेर हातमा बाल्टी बोकेर गाई दुहुन गए । बाछो खोले । दुध दुहुन गए । गाई भोकै रहेछ । गाईले लात्ती बजाऱ्यो । बाल्टीको दुध सबै भुइँमा पोखियो । बुढाको मुखबाट एक्कासि आबाज आयो, 'खाइस् बुढी खिर !' लक्ष्मीले थाहा पाइन् - घरमा चामलको गेडो छैन भन्ने । पिठाको खिर बन्छ र ? हिजो घरमा चामलको गेडो छैन भनेकी होइन तिमीले ? गाईलाई लक्ष्मी भनेको सत्य रहेछ बुढी ! आँगनमा राखेको घाँस गाईलाई हाल्दिँदै, पिँढीमा बसेर टाउकामा हात लगाउँदै, हाम्रो खिर खाने चलन पनि हरे, शिव !

# अमेरिकाको फ्लोरिडा राज्यमा पूरा दुई दिन फन्को मार्दा...



❖ रमेश पोखरेल

२०८१ कार्तिक १० गते शुक्रवार अर्थात् अक्टोबर २५ का दिन अपराह्न ४ बजे स्प्रिट एयरको विमानको उडान नं.एनके १०९७ बाट फ्लोरिडा जानका लागि हामी टेक्सासको फोर्टवर्थको हर्स्टमा अवस्थित छोरीज्वाइँको घरबाट दिउँसो २ बजे नै डालस अन्तर्राष्ट्रिय विमानस्थलतर्फ सोभिएका थियौं । हामी विमानस्थलमा पुग्यौं । जुत्ता, ज्याकेट, मोबाइल, घडी, पर्स, कलमलगायतका सबै सबै सामान एउटा ट्रेमा राखेर स्क्यानर मेसिनमा पठाइयो भने हामीलाई पूरै शरीर एक्सरे हुने मेसिनको बाटो भएर भित्र जाने अनुमति प्रदान गरे । ई३१ गेटमा समूह ५ मा प्रतीक्षा गरिरहेका हमीलाई यथासमयमा विमानतर्फ प्रस्थान गराइयो । हामी प्रतीक्षालयबाट सोभै विमानको ढोकाबाट भित्र छिर्नीमिल्नेगरी राखिएको विमानमा प्रवेश गरी सिट नं.२९ ए, बी, सी र डी खोजेर बस्यौं । विमान पनि ठिक समयमै उड्यो र लगातार दुई घण्टा अठार मिनेट उडाएर फ्लोरिडा अन्तर ाष्ट्रिय विमानस्थलमा अवतरण गर्‍यो । त्यो विमानस्थल पनि त्यत्रै भयानक ! विमानबाट बाहिर निस्किएर रेन्टल कार सर्भिस (भाडाको कार) लिने ठाउँसम्म पुग्न पनि बस आउँदा रहेछन् मिनेट मिनेटमा ! पूरा दुई घण्टा लाग्यो हामीलाई रेन्टल कार सर्भिसको कार्यालयसम्म पुग्न ! त्यहाँ ज्वाइँले टेक्सासबाटै बुक गराउनुभएको रेन्टल कारको कार्यालय फेला पार्‍यौं । उहाँ त्यहाँ जानुभयो, आफ्नो परिचयपत्र दिनुभयो र तीन दिनको अगृम पैसा तिरेर सात सिटर ठुलो र नयाँ गाडी लिनुभयो । गाडी चाहिँ नजिकै पार्क गरिएको रहेछ, धेरै खोज्नुपरेन । एउटा सिङ्गै विशाल भवन पो छ रेन्टल कार सर्भिसका कार्यालय रहेको र गाडी पार्क गरिएको ! ओहो ! कत्रो ठुलो व्यवसाय रेन्टल कारको !

रेन्टल कार सर्भिसबाट लिएको गाडी ज्वाइँले चलाउनुभयो । बाहिर निकाल्नुअघि त्यसको सञ्चालनव्यवस्थाका बारेमा थोरै जानकारी लिनुभयो । त्यसपछि हामीले दुई दिन बस्नका लागि लिएको विमानस्थलबाट त्यस्तै पन्द्र मिनेट गाडीमा जाँदा पुगिने घर (अपार्टमेन्ट) तर्फ लाग्यौं । नक्साले बताएअनुसार जाँदा ११५० नम्बरको घरमा ठ्याक्कै पुग्यौं । अचम्म ! यहाँ त होटलजस्तै पारेर राखिएका आफूलाई चाहिने आकारका घर नै पो चहिएजति समयका लागि भाडामा पाइँदा रहेछन् ! होटलकोजस्तै वा अभै केही किफायती पनि पर्ने सफा, सुग्घर, चिटिक्क पारेर राखिएको दुइटा सुत्नेकोठा, भान्सा र डाइनिङ भएको उक्त घरमा पकाउने, खाने सबै भाँडाकुँडा, सुत्ने ओछ्यानलगायतका सम्पूर्ण आवश्यकताका चाहिनेजति कुरा हुँदा रहेछन् ! बाटोमा जाँदै किनमेल केन्द्रमा पसेर रातिको खानाका लागि र भोलि बिहानको नास्ताका

लागि चाहिने सामान लिएर हामी गएका थियौँ। ज्वाइँको मोबाइलमै घरको साँचो खोल्ने कोड र घर छाडेका दिनमा धारा, बत्ती, एयरकन्डिसन बन्द गरिदिनेलगायतका नियम पठाइदिएको हुँदो रहेछ। घर बुक गर्दै पैसा तिरको त्यस्तो घरको न घरबेटी चाहिने ! न कोहीकसैलाई आयौँ भन्नुपर्ने ! न जाँदा गयौँ है बाइ बाइ ! नै भन्नुपर्ने ! कस्तो विचित्रको व्यवस्था अनलाइनबाटै सबै सबै कार्यान्वयन हुने !

हामीले बेलुका चाउमिन बनाएर खायौँ अनि सुत्यौँ । भोलिपल्ट बिहान उठेर पाउरोटी टोस्टरमा सेकाएर चिया, पाउरोटी, अमलेट खाइसकेपछि हाम्रो यात्रा सुरु गर्नका लागि हामी तयार भइहाल्यौँ । उत्तरी अमेरिकाभन्दा तातो, न्यानो मानिने यो ठाउँलाई बुढेसकालको अर्थात् अवकाशपछिको जीवनको वासस्थान पनि मानिदो रहेछ । बुढेसकालमा चिसोले बढी सताउने र शरीरले न्यानो खोज्ने भएकाले विशेषगरी क्यानडा, उत्तरी अमेरिकाका अवकाशप्राप्त मानिसहरूले यो न्यानो ठाउँलाई वासस्थान बनाउँछन् भनिँदो रहेछ। बिहानै हामी सहरको पूरा फन्को लगाउँदै आन्द्रमहासागरको मायावी बिच (ःष्कष द्यभबअज) पुग्यौँ । समुद्र नदेखेका र समुद्र नहुनुको पीडाका कारण पटक पटक छिमेकीले नाकाबन्दी लगाएर हैरान पारेको देशको यो नागरिकलाई समुद्रलाई पहिलोपटक छुनपाउँदा, टेक्दा र समुद्रका छाललाई नजिकबाट नियाल्दा अलि बढी नै आनन्दको अनुभूति भयो । अलि पुरानै र बढी नै फराकिलो सहर लाग्यो फ्लोरिडा। तर के ! जहाँको जुनसुकै सहर हेरे पनि समानुपातिक विकासको उच्चतम् नमुना देखिन्छ अमेरिकामा ! यहाँ बढी, यहाँ कम भन्ने नै लाग्दैन ! समुद्रको किनार भएकाले यहाँ पाइँने बिरुवामा बढी नरिबल तथा पामका र बाटैभरि दायाँबाया लाइन मिलाएर रोपिएका, फलिरहेका आकर्षक पनि देखिने ! यहाँ घरहरू त कत्रा कत्रा ! बढीभन्दा बढी अपार्टमेन्टहरू पाइँदा रहेछन् ।

हामीले समुद्रलाई अघाउन्जेल नियालेर हेऱ्यौँ । एउटा क्षितिजदेखि अर्को क्षितिजसम्मै लमतन्न फैलिएको, किनारा वा अन्त्य कतै नदेखिने समुद्रका छालले हामीलाई पनि नजिकै पटक पटक आएर स्वागत गरिरहेका थिए । समुद्रको अवलोकन गरेर यसो सहर फर्केका हामीले सडकका दायाँबायाँका पूरै घरहरूमा पेन्टिङ गरेको, कला प्रदर्शन गरेको र तिनै कलाका माध्यमबाट यो 'फ्लोरिडा भनेको कलाको सहर पनि हो है' भन्ने देखाउन खोजिएकोजस्तो लाग्यो । पूरै बाटोको दायाँबायाँ अनि सबै सबै घरमा कला पेन्टिङ गरेको जाँगर देख्दा हामी अचम्मित पनि भयौँ। कलाको त्यही सन्दरतालाई हामीले हाम्रो मोबाइलको क्यामराका माध्यमबाट कैद गऱ्यौँ। यी सबै सुन्दरताको अवलोकन गर्दा हामीलाई यो फ्लोरिडा चाहिँ व्यापारिक सहर रहेछ भन्ने लाग्यो । यसै पनि यो फराकिलो र सुन्दर सहर लाग्यो हामीलाई।

सहरको अवलोकनकै क्रममा यसो बजार घुम्दा देखिएका घरहरू पनि कत्रा हो कत्रा ! क्यामराले पूरै घर नै कैद गर्ननसक्ने ! घुम्दै जाँदा बजारको बिचमा भव्य पार्क देखियो । त्यहाँको सुरम्य, चउर मनोरम हरियालीसहितका आकर्षक रुखबिरुवाका बिचमा बडेमाका पाँचओटा ठुला ठुला ढुङ्गा एकमाथि अर्को खात लगाएर अलग अलग रङले रङ्ग्याएर पहाडजसरी ठड्याइएको देखियो ! हुन त ती ढुङ्गाहरूलाई भित्र कुनै विधिले अड्याइएको

पनि होला नै । तर बाहिरबाट हेर्दा चाहिँ थपक थपक राखिएकाजस्ता देखिने ! अलग अलग रङ लगाइएका कारण त्यो कलाकारिता पनि आकर्षक देखियो । त्यहाँ हेर्ने र फोटो खिच्नेको पनि भिड नै थियो । सामान्य नै कुरालाई पनि विशेषजस्तो देखाउने र घुम्न आउने मानिसको आकर्षणको केन्द्र बनाउन खोजेकोजस्तो लाग्यो ।

फ्लोरिडामा मात्र नभएर पूरै अमेरिकामा सडकहरू जाने पाँच-छ लेन, फर्कने पनि त्यस्तै फराकिला देखिए ! गाडीहरू गुडेका हुन् कि बगेकाजस्ता पो लाग्ने ! यी सडकमा पनि कोहीकसैलाई एकदमै हतारो छ र ट्राफिक लाइटमा नबसी जाने इच्छा लाग्यो भने वेपत्ता दौडिन पाइने बिचमा अलग्गै लेन बनाइएको हुँदो रहेछ र यसलाई चाहिँ ट्रोल सडक भनिँदो रहेछ । यो सडकको प्रयोगमा भने पैसा तिर्नुपर्ने हुँदो रहेछ । त्यही राज्यमा बस्नेले चाहिँ वार्षिक शुल्क तिरेर ट्रोल सडकको अनुमति लिएका पनि हुँदा रहेछन् र वर्षभरि त्यो सडकको प्रयोग गरिएन भने अर्को वर्षका लागि सर्दै सर्दै पनि जाँदो रहेछ तर अर्को राज्यमा त्यसरी सडकको प्रयोग गरियो भने पैसा नै तिर्नुपर्ने व्यवस्था रहेछ । अर्थात् हतार हुनेले छिटो दौडिन पनि पाइँने तर पैसा तिर्नुपर्ने ! सबै खाले सुविधा उपभोग गर्न पाइने यो व्यवस्था पनि उपयुक्त नै लाग्यो । अमेरिकाका अन्य राज्यमा जस्तै यो फ्लोरिडामा पनि पसलैपिच्छे फरक फरक मूलय रहेको देखियो ! इन्धनको मूल्य त झन भेटिएका ग्यास स्टेसनैपिच्छे फरक फरक हुने ! अनुगमनको संयन्त्र नै नभएको ! दिनभरि सहरको फन्को लगाउँदा लगाउँदै रात नै पर्नलाग्यो ! अब चाहिँ कतै खाने ठाउँ खोजौँ, खाना खाऔँ र बस्नका लागि लिएको घर फर्कौं र भोलि फेरि घुमौँला भन्ने कुरा भयो र नक्सामा एउटा ताजमहल इन्डियन रेस्टुरेन्ट अलि नजिक देखायो अनि हामी त्यतै लाग्यौँ । त्यहाँ पुग्दा एकजना उत्तरभारतको भाइ रहेछ, उसले हामीलाई देख्दै नेपाली भन्ने लागेछ र हिन्दीमा कुरा गर्‍यो । हामीले खानाको अर्डर गर्‍यौँ । उसले केही बेरमै ल्याइ पनि दियो । भोक लागेको हुँदा खाना मिठो भयो, खायौँ अनि पैसा तिरेर हिँड्यौँ ।

भोलिपल्ट बिहानै सातै बजे हिँड्ने र अमेरिकाको दक्षिणी सिमाना (क्युवासँग जोडिएको) कि वेस्ट भन्ने ठाउँमा जाने भन्ने सल्लाह भयो । मायामीबाट तीनसय किलोमिटरभन्दा टाढा र समुद्र नै समुद्रको बाटो भएर जाने ठाउँ हो भन्ने जानकारी ज्वाइँले गराउनुभयो । सुरुमा एक घण्टा ज्वाइँले गाडी चलाउनुभयो भने त्यसपछि छोरीले लगातार साढे तीन घण्टा चलाइन् । फराकिला बाटाका दुबैतिर एकैनासका ठुला ठुला र अत्यन्त अग्ला पोल अत्यन्त लाइन मिलाएर गाडिएका र तिनमाथि बिजुलीका तार तानिएका दृश्य आफैँमा आकर्षक देखिए ! फराकिला सडकका दायाँबायाँ रुखबिरुवा रोपिएकाले यात्रा अत्यन्त रमाइलो हुँदै गयो । अमेरिकाको विशेषता नै आफ्ना नक्साभित्र जहाँसुकै पनि समान प्रकृतिको विकास गर्ने हो कि के होजस्तो लागिरह्यो मलाई । अर्थात् समानुपातिक विकासको ज्वलन्त नमुना ! यो राज्यमा चाहिँ कम रहेछ भन्ने कहीँकतै अनुभूत गर्नै नपाइँने ! त्यति नै खेर आफ्नो देशको काम गराइ पनि झ्वाट्ट मनले सम्झ्यो तर के तुलना गर्नु र ! तुलना हुने भए पो !

करिब डेढ घण्टाको यात्रापछि नै समुद्र सुरु

भइहाल्यो ! पानी नै पानी ! बाटाको दायाँबायाँ पानी ! सडककिनारामै अर्थात् माथि नै देखिने पानी ! पानीबाहेक केही पनि छैन ! ठाउँ ठाउँमा आइल्यान्ड बनाएका र व्यापारिक कारोवारको केन्द्र बनाएका ठाउँबाहेक सबै पानी ! पानीकै बिचमा बाँधजस्तो बनाएर त्यसमाथि सडक बनाइएकोजस्तो पो लाग्यो । जहाँ सडक मात्र बनाउँन सम्भवै हुँदैन त्यस्तो ठाउँमा पुल हाल्ने गरेको होलाजस्तो लागिरह्यो । बाटाको वा पुलको कुनै एकापट्टि लाइन मिलाएर समद्रमा बिजुलीका पोल लाइन लाएर रमिता लाग्नेगरी ठड्याइएका छन् र ती बाटाबाट हेर्दा पनि मिलेका र आकर्षक देखिन्छन् ! कस्तो अचम्म ! कसरी सम्भव भएको होला ? पानीलाई वा समुद्रलाई नै अमेरिकीहरूले आफ्नो पूर्ण नियन्त्रणमा राखेकोजस्तो पो देखिने ! माइलका माइल लामा पुल ! बाटामा यस्ता माइलका माइल लामा पुल त पचासौँ ! बाटामा कतै एक तलामा र कतै कतै त दुई वा सोभन्दा बढी तलामा नाउ वा डुङ्गा बिक्री गर्न राखेकै देखियो ! जहाँ जे बिक्छ त्यसैको व्यापार गर्ने न हो । यस्तो पानी नै पानी हुने ठाउँमा बिक्ने भनेकै डुङ्गा वा नाउ न हुन्, त्यसैले यस्ता बिक्री केन्द्र स्थापना भएका होलान् । ठाउँ ठाउँमा आइल्यान्डजस्तो बनाएर घरहरू निर्माण भएका छन् तर तिनका दायाँबायाँ आफ्नै डुङ्गा वा नाउ बाँधेर राखिएका छन् गाडी पार्क गरेजस्तो तरिकाले ! ती डुङ्गा वा नाउ पनि सानादेखि ठुला र डरलाग्दासम्म ! मान्छेको आफ्नो हैसियतअनुसारका होलान् सायद । उता समुद्रमा त्यसैगरी नाउ वा डुङ्गा तैरिरहेका, दौडिरहेका कति हो कति देखिन्छन् ! हामी नदेखेका मान्छेलाई त सबै सबै रमिता ! सबै सबै तमासाजस्तो पो लाग्ने !

समुद्रको बिचबाट बनाइएको यही तमासायुक्त बाटामा दौडिरहँदा एउटा पुल त सात माइल लामो पो भेटियो ! दौडेको होइन उडेजस्तो गरी कुदेको गाडीलाई पार गर्न पनि साढेआठ मिनेट लागेको थियो ! आफूले नेपालमा सबैभन्दा लामो पुल भनेर झापाको कन्काई नदीको ७०३ मिटरको पुल देखेको थियो । मधेस प्रदेशमा पर्ने माहुली खोलाको पुल सबैभन्दा लामो मानिन्थ्यो तर त्यो पानी नै पानीमाथिको थिएन । यहाँ त एउटै पुल सात माइलको अर्थात् ११.२ किलोमिटर लामो ! हुन त चाइनामा संसारको सबैभन्दा लामो पुल १६४.८ किलोमिटरको बनाएर इतिहास निर्माण गरे रे भन्ने सुनेको थिएँ । पछिल्लो समयमा चाइनाले हरेक कुरा संसारका सबैभन्दा चमत्कारिक निर्माण गरेर अहिले विश्वलाई नै चुनौती दिइरहेको छ । यस्ता लामा पुलको इतिहास पनि चाइनामा नै सबैभन्दा बढी रहेको मानिन्छ । त्यसैगरी ताइवानमा १५७.३१७ किलोमिटरको पुल छ रे भनेर कता पढेको थिएँ । जापान त त्यसै पनि विकासनिर्माणमा कहिलएकै देश भइगयो, त्यहाँ पनि ११४.४२४ किलोमिटर लामो पुल छ रे भने कताकती पढेको हो कि सुनेको थिएँ । त्यही छिमेकी मित्रराष्ट्र बङ्गलादेशले समेत नेपाली इन्जिनियहरूलाई पनि निर्माणमा सहभागी गराएर ४५.७३ किलोमिटरेको पुल बनायो र त्यही पुल उक्त देशको विकासको नमुना बन्यो भनेर एकपटक हिमालय टेलिभिजनमा समाचार नै सम्प्रेषण गरिएको थियो । अमेरिकाले त झन् पानीमाथि नै ३८.४४२ किलोमिटर र ३६.७१ किलोमिटर लामा पुल निर्माण गरेको छ रे भन्ने पनि कतै पढेको हो कि सुनेको थिएँ मैले । तर आज सिधा पानीमाथि बनाइएको सात माइलको

पुल प्रत्यक्ष देखियो मात्र होइन त्यसमाथिबाट गाडीमा दौडिने अवसर नै प्राप्त भयो !

आफ्नो देशमा एउटा डेढ सय मिटर लामो पुल बन्न तीन वर्ष लाग्ने गरेको वा पुलको पिलर बनिसकेर स्ल्याब ढलानका लागि डन्डी बिछ्याइसकेपछि पुलको नक्सा मिलेनछ भनेर फेरि भत्काएर जिङ्रिङ्ङ पिलर मात्र खडा गराएर तमासा देखाउने अनि त्यो पुलको नक्सा बनाउने वा डिजाइन पास गर्ने कथित इन्जिनियरलाई कारवाहीसम्म नहुने देशको मजस्तो नागरिकका लागि त यहाँका पुलैपुल र यति लामो पुल आफैँमा सपनाजस्तो पो लाग्यो ! मनले प्रश्न गरिरह्यो, 'कति समय लाग्यो होला त यस्ता यस्ता पुल निर्माण गर्न ?' अनि मेरै मनले मैलाई जबाफ दियो, 'हामी त्यसै पछि परेका होइनौँ नि त भाइ !' रातारात काम नगर्ने हो भने यस्तो चमत्कारिक विकास सम्भव छ त ? के सम्भव हुनु ! सम्भवै छैन । दण्डहीनता र चाकरी फोहोरको मुला मौलाएजस्तो हलहली मौलाइरहेको मेरो देशमा त यो तहको विकासनिर्माण हाम्रो जुनीमा त के सम्भव होला र ! भन्ने पो ठान्यो मेरो मनले ।

जे होस्, हामीले नगरे पनि गर्नेहरूले गरेका रहेछन् ! तब न विकसित मुलुक ! गफले, भाषणले, भ्रमको खेतीले कहाँ यी मुलुक बनेका हुन् र ! म त यस्तै यस्तै कुरा खेलाउँदै बाहिरको रमिता गाडीको सिसाबाट हेर्दै हुइँकिरहेको थिएँ । छोरीले गाडी ठ्याक्कै अमेरिकाको दक्षिणी सिमाना अर्थात् क्युवासँगको सिमाना कि वेस्टमा पुऱ्याइन् । त्यहाँ त पर्यटकहरू ओइरो नै लागेका पो देखियो ! समुद्रको किनारमा क्युवा ९० माइल लेखिएको पोलजस्तो बनाइएको रहेछ, त्यही पोलमा समुद्रका छाल आएको आऐ गर्दा रहेछन् अनि पर्यटकहरू त्यहीँ उभिएर फोटो खिच्दा रहेछन् त्यसैले त्यहाँ फोटो खिच्नेको त झन्डै आधाकिलोमिटर लामो त लाइन पो छ त ! अब गाडी कहाँ पार्किङ गर्नु ? नजिकै त सम्भवै देखिएन । छोरीले 'लु गाडी पार्किङ त यहाँ सम्भव होलाजस्तै पो लागेन, मैले त नसक्ने भएँ' भनिन् । हामीलाई त्यहीँ ओरालेर 'लाइनमा उभिँदै गर्नू, म कतै गाडी पार्किङ गरेर आउँछु' भनेर ज्वाइँले गाडी लिएर जानुभयो । छोरी लाइनमा उभिइन्, हामी भने समुद्रलाई नियाल्न बारको डिलमा उभिएर हेर्नथाल्यौँ । आँखाले देखिनेजति टाढासम्म सबै समुद्र मात्रै ! हुन पनि आन्द्र महासागर पो हो त ! आधाघण्टाभन्दा केही बढी लाइनमा उभिएपछि हामी पनि फोटो खिचाउने ठाउँमा पुग्यौँ । फोटो खिच्यौँ, हामी चारैजनाको फोटो खिचिदिन लाइनमा उभिएको अर्को कोहीलाई अनुरोध गऱ्यौँ । धेरै बेर त्यहाँ उभिनु र फोटा खिचाएर समय खर्चिनु सम्भव थिएन किनभने त्यहाँ लाइन बढि नै रहेको थियो ।

समुद्रमा छाल आउँछ, वरपर वा नजिकका घरहरूलाई क्ष्यति पुऱ्याउँछ, समुद्री आँधी आउँछ, विनाश गर्छ भन्ने पो सुनेको थिएँ मैले त । तर त्यहाँ वरपरका घरहरू, तिनीहरूको चटक्क परेको संरचना, पर्यटकहरूको आकर्षणको केन्द्र त त्यही ठाउँ पो हुँदो रहेछ त ! हामी पनि तीन सय किलोमिटरभन्दा टाढाबाट त्यहाँ गएका हुँदा बारको किनाराबाटै भए पनि अघाउँजी समुद्रलाई हेऱ्यौँ, नियाल्यौँ, त्यहाँ गरिएको विकास, वातावरणीय संरक्षण, सुन्दरता नियाल्यौँ अनि आहा ! भन्यौँ । मैले आफ्नो देशसँग तुलना गर्न भने छाडिदिएँ । प्राकृतिक सुन्दरताको हिसाबले हेर्ने हो भने एउटा समुद्र मात्र न नभएको हो मेरो देशमा, अरू कुरामा त केमा कम छ र ? तर हामी पछाडि परेको भनेकै विकासनिर्माण नभएर

वा नगरेर हो नि । मुखले त हामी पनि तुरुन्तै सिङ्गापुर बनाइहाल्छौँ त ! बनाइरहेकै पनि छौँ !

त्यही समुद्रको किनारमा एउटा अत्यन्त आकर्षक, भव्य र सुन्दर स्टेट पार्क निर्माण गरिएको रहेछ। हामी पनि त्यतै लाग्यौँ। पार्क पनि यति सुन्दर ! यति हरियालीपूर्ण र आकर्षक कि त्यसको बयान गरेर साध्यै नहुने ! त्यहाँ हामीले एक फन्को लगायौँ। त्यसपछि त्यहाँको सानो तर व्यवस्थित एवम् पर्यटकीय आकर्षणको केन्द्र बनेको सहरलाई पनि फनक्क फन्को लगायौँ । त्यहाँको सुन्दरता र भव्यतालाई धेरै त आँखामा कैद गर्‍यौँ, केही मोबाइलको क्यामरामा कैद गर्‍यौँ । दिउँसोको दुई बज्नै लाग्यो । हामीलाई भोक पनि लागेको छ अनि फरि चार घण्टाभन्दा बढी गाडी दौडाएर फर्केर मायावी आइपुग्नु पनि छ। मैले हतार गरेँ र भनेँ, 'लौ ! अब फर्कौँ, भोक पनि लाग्यो; कतै खाने ठाउँ पाइयो भने बाटामा खानु पनि पर्छ र सबै फर्किने मात्र भएकाले बाटामा समय पनि लाग्नसक्छ, हामीलाई पुग्नु पनि त छ ।' त्यसपछि 'गाडीमा हामीसँग केही खानेकुरा पनि छन्, बाटामा यसो केही किनौँ पनि र खाँदै फर्कौं' भन्ने कुरामा छोरीले पनि सहमति जनाएपछि हामी बाटा लाग्यौँ।

अघि जाँदा हामीले देखेका कुरा फर्कँदा त पुराना भइगए नि ! हामीले जाँदाजस्तो उत्साहका साथ फोटो खिच्ने, भिडियो बनाउँने काम फर्कँदा गर्दै गरेनौँ ! गाडी रफ्तारमा गुडिरह्यो, फर्किँदा गाडी ज्वाइँले चलाउनुभएको थियो । साढेदुई घण्टा लगातार गाडी गुडिसकेपछि चाहिँ गाडी गुड्न छोड्यो ! अर्थात् बाटो जाम भइहाल्यो ! नक्सामा पनि जामैजाम मात्र देखाउँछ ! कतै साइड लागेर खाना खाऊँ न त भन्दा पनि त्यस्तो स्थान नै कतै छैन ! निकै बेरको जाम खेपेपछि अलि केही खुकुलो भएको हो किजस्तो लाग्यो। शौचालय जानुपर्ने पनि भयो अनि एउटा किनमेल केन्द्र भेटियो र त्यहीँ गाडी रोकेर शौचालय जाने काम भयो । नक्सामा खोज्दा एउटा 'नमस्ते रेस्टुरा' देखाएको जानकारी गराउनुभयो ज्वाइँले। छोरीले 'कतै नेपाली नै त होइन ! त्यतै लागौँ' भनिन् । तर त्यो निकै धेरै पर रहेछ, बाटो पनि उल्टो पो पर्‍यो भन्दै हुनुहुन्थ्यो ज्वाइँले । बल्ल बल्ल त्यहाँ पुगियो साँझ छ बजे ! गाडी पार्किङ गर्ने ठाउँ नपाएर तीन फन्का लगाउनुपर्‍यो । भित्र पस्दा त शौचालय पनि पो छैन भन्छ ! रेस्टुँरा पनि भारतीयले चलाएको रहेछ ! तैपनि आइ त हालियो, भोक पनि लागेको छ, खाना खाएर निस्किनुको विकल्पै रहेन । हामीले खाना अर्डर गर्‍यौँ, एकै छिन्मा ल्याइदियो, खायौँ, भोकले रन्थनिएका कारण खाना मिठो लाग्यो अनि पैसा तिरेर हिँड्यौँ ।

सवासात बजिहाल्यो । त्यहाँबाट फेरि नक्साले देखाएको बाटोबाट हिँड्दा बाटामा फ्लोरिडाको रातिको झिलिमिली भव्य देखियो, हामीले क्यामरामा कैद गर्‍यौँ । लगातार दौडेको दौडिऐ गर्दा पनि बल्ल राति ८.१५ मा मात्र हामी बस्ने घरमा आइपुग्यौँ । गाडीमा गुडेका भए पनि यति थाकियो कि कुरा गरेर साध्यै भएन । अब भने सुत्नुपर्छ, भोलि बिहान अर्थात् २८ अक्टोबर तदनुसार २०८१ कार्तिक १२ गते सोमवार बिहान ६ बजेको स्प्रिट एयरको उडान नं.एनके ३०५२ बाट फ्लोरिडा विमानस्थलको टर्मिनल एफ२ बाट हामीले टेक्सासको डालस अन्तर्राष्ट्रिय विमानस्थल उडनु पनि पर्ने र त्यसका लागि बिहान साढेतीन बजे नै उठिसक्नुपर्ने छ भन्ने योजनासहित हामी सुत्यौँ । बेलुकाको योजनामुताबिक नै हामी

उठ्यौँ, तयार भयौँ र विमानस्थल पुग्यौँ। रेन्टल कार सर्भिसको तोकिएको स्थानमा गाडीमा भरी इन्धन हालेर, किलोमिटर टिपेर, साँचो गाडीमा छाडिदिएर फोटो खिच्नुभयो र ज्वाइँले पठाइदिनुभयो। हामी विमानस्थलमा प्रवेश गऱ्यौँ। विमानमा प्रवेश गर्दा पूरा गर्नुपर्ने सुरक्षाजाँचका सबै प्रक्रिया पुनः पूरा गरेर हामी प्रतीक्षालयमा पुग्यौँ। अनि तोकिएको समयमै उडेको माथि उल्लेखित जहाजबाट उडेर दुई घण्टा पैँतालिस मिनेटमा हामी टेक्सासको डालस विमानस्थलमा आइपुग्यौँ। हामीसँग हातेब्यागबाहेक केही नभएकाले विमानस्थलबाट निस्कन हामीलाई समय लागेन। आफ्नो गाडी पार्क गरिएको स्थानमा गयौँ, ज्वाइँले गाडी चलाउनुभयो र हामी बिहानको ९.१५ बजे आफ्नो घरमा आइपुग्यौँ। हामीलाई घरले स्वागत गऱ्यो, हाम्रो यात्रा पनि टुङ्गियो।

❑ लघुकथा



❖ नारदप्रसाद आचार्य 'सुदामा'

# अदृश्य

"तिमीलाई दुइटा खबर छ।" एकाबिहान मलाई फोनले भस्कायो। धेरै दिनपछि अमरले सम्झेका थिए। उनी वेला वेला समीरका खुसी ल्याउँथे। समीर एक आदर्शवादी मित्र थिए। उनको प्रशंसा साथीभाइ माझमा चुलिएको थियो। अमेरिकी जीवन अति व्यस्त। साथीभाइसँग भेटघाट गर्ने मसँग फुर्सदै हुन्नथ्यो।

मैले जिज्ञासा राखेँ, "कस्तो खबर हो मित्र ?" हालखबर सोधनी गरेपछि उनले धेरै कुरा सुनाए। मनमा एक तमासको चौचौ बढ्यो। अन्त्यमा दुईवटा खबर रोज्न लगाए–सुखद र दुखद। समाचार सुन्ने उत्कण्ठाले एक्कासि मेरो मुखबाट दुःखद शब्द निस्कियो।

अमरले मलिन स्वरमा भन्यो, "आकाशले सहर छोडेछ।" जिज्ञासा लागेर मैले भनेँ, "ला... हो र ? के भएछ उसलाई ? अनि अर्को सुखद कुरा के हो यार ?"

थमथमाउँदै ऊ बोल्यो, "अस्ति पवित्र स्थलमा अश्लील शब्दले पुष्पवृष्टि गर्ने 'व्यक्तित्व' थाहा पाइयो नि ! वास्तविकता पत्ता लगाउँदा नररूपी नरपशु पो रहेछन्।"

म अचम्ममा परेँ। त्यो कुरा मेरो कानलाई विश्वास भएन किनभने विषय मेरो सहृदयी मित्रको थियो। अनि उनी आदर्शको पात्र पनि। जानी जानी मैले सोधेँ, "को रहेछन् ती भाग्यमानी महोदय ?" उताबाट उत्तर आयो, "हावाले भरिएको बेलुनजस्तो उडन्ते नबनी आदर्शवान् बन्दा के जान्थ्यो र ?"

*हेरिस्वर्ग, पेन्सिलभेनिया, संयुक्त राज्य अमेरिका*

# 'सत्र भोका काग'भित्रका कविता पढ्दा



❖ डा. घनश्याम न्यौपाने 'परिश्रमी'

'सत्र भोका काग' (२०८१) कवि विमल निभाद्वारा विरचित फुटकर कविताहरू समाहित सङ्कलन हो । रेडमान्डा बुक्सले प्रकाशित गरेको यस सङ्कलनमा निभाका दुई-तीन वर्षका अन्तरालमा रचिएका कविताहरू समवेत छन् । निभा नेपाली कविताको व्योममा बिसको दशकपछि उदाएका प्रगतिवादी कित्ताका कवि हुन् । यिनी मार्क्सवादी चिन्तन र चेतनाका कविका रूपमा चिनिन्छन् । यिनका 'आगोनेर उभिएको मानिस', 'एउटा बाहुला नभएको बुसर्ट', 'जोकरको बन्दुक र डेगेन्द्र राजवंशीको आत्महत्या' नामक कविता कृतिहरू प्रकाशित भइसकेपछि पाठकलोकमा आएको कविताको पाँचौँ किताब हो प्रस्तुत कृति अर्थात् 'सत्र भोका काग' । व्यङ्ग्य लेखनमा पनि विभिन्न पत्रपत्रिकाका स्तम्भहरूमा यिनको कलम सशक्त रूपमा चलेको देखिन्छ ।

'सत्र भोका काग'अन्तर्गत रेल, पसल, धरती, डकर्मीको छोरो, सातवटा बम, साँध, दुःसमय, अयोग्य सिपाही, आदिवासी कन्या, सुझाव, स्कुल बस, काउकुती, गणित, सेल्फीलीला, एउटी केटीले अघि आउनै पर्छ, बेस्टसेलर, बयलगाडा, खराब दिन, कभर, काव्य नायिका, भरोसा, अमेरिकाबारे विचार, शरणार्थी, सिर्सिया, उपियाँ, अनुपात, नुन, बाबु र छोरा, ग्रामोफोन, 'आखिरी गोली'-कविता, देवता, दुनियाँ र कविता, सुगिया, सत्र भोका काग, एउटा प्रेम कविता, पिङ्कहाउस, सुँगुर, अज्ञात गोली, परीक्षा, थुन, प्रश्नावली, स्याउ, ढुङ्गा, केक र ह्यान्डगन, रोडरोलर, सिकार, दोभाषे, सन्दिग्ध, घरबार र मृत्यु शीर्षकबद्ध समग्रतः पचासवटा कविता समाविष्ट छन् । अधिकांश कविता मुक्त एकपदात्मक शीर्षकमा रहेका छन् भने केही व्युत्पन्न एकपदात्मक शीर्षकमा रहेका देखिन्छन् । केही शीर्षकमा द्विपद, केहीमा त्रिपद देखिन्छन् भने चार पदले बनेको शीर्षक एउटा मात्रै छ ।

यसभित्रका धेरैजसो कविता थोरै थोरै शब्दले बनेका छन् । यिनको आयाम त्यसैले सानो हुनु स्वाभाविकै हो । केही मात्र कविता छन् जुन आकारमा लामा छन् । कवितामा प्रयुक्त शब्दहरू सरल अर्थवाहक छन् । तत्सम शब्दहरू पनि सहजबोध्य छन् अभिधार्थमा । तर यिनको ध्वन्यार्थ, वक्रोक्ति र प्रतीकार्थमा गहनता अन्तर्गर्भित रहेको पाइन्छ । कविता पढ्दा सरल लाग्ने तर भाव बुझ्न गारो पर्ने यी कविता सरल हुन् कि जटिल ? खुट्याउन सजिलो छैन । रेलमा सङ्घर्ष र जीवनको गतिशीलतालाई सङ्केत गरिएको छ भने पसलमा लोकतन्त्रभित्र हुने फासिज्मलाई प्रतिविम्बित गरिएको छ । धरतीमा आजको संसारमा हुर्केको आततायीहरूको शासन र त्यसप्रतिको विद्रोहको भाव मुखरण भएको छ । डकर्मीको छोरोमा कविले श्रमिकहरूलाई आफ्ना समकालीन मान्दै सम्मान प्रकट गरेका

छन् । यस्ता भावहरूको अभिव्यञ्जन भएका केही कवितांश द्रष्टव्य छन् -

*एउटा सङ्घर्षशील*
*कविको जीवन*
*र यही नै रेलको*
*एक मात्र अर्थ /(रेल-१२)*

*त्यहाँबाट अति*
*विज्ञापित लोकतन्त्रमा*
*मिसाएको छ उसले फासिज्म /(पसल-१५)*

*आततायी शासकहरूका*
*कब्जामा रहेका*
*बम, बन्दुक र बारुदको*
*तुलनामा लगभग*
*निहत्था नै रहेका छन्*
*तमाम विद्रोहीहरू/(धरती-१७)*

*वर्तमान समयका समस्त*
*डकर्मीका छोराहरू*
*हुन् मेरा समकालीन*
*समकालीनहरूलाई*
*लालसलाम/(डकर्मीको छोरो-२०)*

सातवटा बमले गरिबी र सन्त्रासको वातावरणलाई दर्साएको छ । साँध कवितामा साँधको फरक फरक सन्दर्भमा फरक फरक दुई अर्थ लागेको देखिन्छ । एउटा अर्थ सिमाना र अर्को अर्थ हतियारमा लगाउने धार । क्रान्तिको पक्षमा लेखिएको छ यो कविता । दुःसमयमा तानाशाहहरूको दुर्व्यवहारको चित्रण छ । अयोग्य सिपाहीमा जनयुद्धका लडाकुलाई अयोग्य सिपाही भनिएकोप्रति असन्तुष्टि व्यक्त भएको छ । यथा-

*अयोग्य सिपाहीको*
*के हो अयोग्यता ?*
*देश र जनताका लागि*
*लडेको थियो*
*अयोग्य सिपाही / (अयोग्य सिपाही -३४)*

आदिवासी कन्यामा आदिवासी जनजातिका छोरीचेलीहरूलाई अन्तर्राष्ट्रिय तस्करहरूसँग सतर्क रहन सुझाव दिइएको छ । सुझावमा साथीलाई दुस्मनसँग हात मिलाउने भुल नगर्न र आवश्यकता परेको वेला जुरुक्क उभिन आग्रह गरिएको छ । स्कुलबसमा आधुनिक स्कुले शिक्षाप्रति व्यङ्ग्य गरिएको छ । काउकुतीमा कविले आफ्नो मृत्यपश्चात् लास नजलाउन, बरु बगरमा त्यत्तिकै छाडिदिन भनेका छन् । भोका गिद्धहरूले लुछ्दा आफ्नो लासलाई काउकुती लाग्ने र बेसरी हाँस्न पाउने कविको चाहना यसमा व्यक्त भएको छ तर जिउँदा लासजस्तो हाँस्न चाहन्न् कवि । कवि भन्छन् -

*त्यसैले मेरो लासलाई*
*पनि अधिकार छ*
*हाँस्ने*
*तर त्यसरी होइन*
*जस्तो जिउँदा लासहरू*
*हास्ने गर्छन् यहाँ / (काउकुती-४२)*

गणितमा खलपात्रहरूका कारण गरिब नेपालीहरूले विदेसिनुपर्ने बाध्यताको चित्रण छ । सेल्फीलीलामा विविधखाले चरित्रसँग निकट हुनुपर्ने अवस्थाको चित्रण छ । एउटी केटीले अघि आउनै पर्छमा नारी सचेतनाको अर्थात् नेतृत्वको लागि आग्रह गरिएको छ । बेस्टसेलर व्यङ्ग्यात्मक छ । यसमा भ्रष्टाचारीका आख्यानले नलेखिँदैदेखि चर्चा पाउँछन् भन्न यसरी खोजिएको छ -

*आखिरीमा हल्ला के*
*चल्न थाल्यो भने*
*भ्रष्टाचारीको विशेष*
*आत्मकथात्मक पुस्तक हुने छ*
*बेस्टसेलर/(बेस्टसेलर-५२)*

बयलगाडामा सहयात्राको भाव अन्तर्भूत

छ । खराब दिनमा कविहरू दिन हेरेर कविता लेख्दैनन्, यद्यपि खराब दिनमा राम्रो कविता लेख्न गारो हुन्छ भन्ने आशय अभिव्यक्त भएको छ । कभरमा बमबारीमा निरीह निहत्थाहरू मरिन्छन् भन्ने भावसहित अमेरिकी नीतिमाथि व्यङ्ग्य प्रहार गरिएको छ यसरी-

*एक अमेरिकन*
*म्यागजिनको कभरमा*
*छापिएको शिशु*
*आतङ्कवादी/(कभर-५८)*

काव्य नायिकामा एउटा हातमा अदृश्य हतियार र अर्कोमा अलौकिक प्रेम बोकेर आउँदै गरेको नायकको प्रतीक्षामा रहेकी युवतीको अवस्थालाई देखाइएको छ । भरोसामा यद्यपि कविता आकाशमा उडिरहेका छन् तापनि ती धरतीका हुन् भनिएको छ । अमेरिकाबारे विचारमा कविले अमेरिकी रैथाने रेड इन्डियनहरूको अवस्थामाथि चिन्ता गरेका छन् । यसमा आज अमेरिका एकातिर आप्रवासीहरूको देश बनेको छ र अर्कातिर हिंस्रक, बर्बर र अमानवीय बनिरहेको छ भन्ने यथार्थको चित्रण गरिएको छ । शरणार्थीमा शरणार्थीको मनोभाव मुखरित भएको छ। कवि भन्छन्-

*शरणार्थीको कुनै*
*देश नभए पनि*
*संसार हुन्छ*
*मलाई हृदयबाट*
*नगर निर्वासित/(शरणार्थी-६६)*

सिर्सियामा कविभित्रको आत्मबलको भावना र सङ्घर्षको चेतना मुखरित भएको छ। उपियाँमा कविले रक्तजीवी किरा उपियाँ र शोषक मान्छेका बिच तुलना गर्दै उपियाँले भन्दा बढी मान्छेको रक्त शोषण मान्छेले गर्छ भनेका छन्। अनुपातमा मानव अधिकारले समानताको अर्थ द्योतन गर्छ तापनि धनी मुलुकका धनी मान्छेहरू सामान्य मान्छेभन्दा माथि हुन्छन् भनेर व्यङ्ग्य गरिएको छ । नुनमा नुनको महत्त्व र व्यापकताको प्रतीकात्मक व्याख्या छ भने अन्तमा यसले पसिनाको मूल्यलाई इङ्गित गरेको छ। बाबु र छोरामा आफ्नो क्रान्तिकारी पतिलाई गुमाएकी र छोरो पनि अपहरित भई बेपत्ता पारिएको अस्थामा सङ्ग्रामी उत्सर्गको साक्षी बनेर बसेकी एउटी नारीको आशावादी स्वर पोखिएको छ। ग्रामोफोनमा कविको घरको कुनामा रहेको पुरानो ग्रामोफोनलाई प्रतीक बनाइएको छ। ग्रामोफोन, पुरानै होस्, नबजोस् तर त्यसमा विचार रहेको होस् भन्ने भाव यसमा छ। 'आखिरी गोली'-कविता/मा युद्धको अन्त्य हुँदैन भन्ने कुरा कविले बुझ्नुपर्छ भन्ने सन्देश छ। यसबारे कवि यस्तो भन्छन्-

*कुनै पनि गोली*
*आखिरी हुन सक्छ त ?*
*मेरो विचारमा*
*कविले आखिरी गोली*
*पश्चात्का गोलीहरूका*
*विषयमा पनि*
*चिन्तन मनन गर्नुपर्छ*
*आगामी कवितामा ('आखिरी गोली'-कविता/८४)*

देवतामा ठुलाबडा मानिएकाहरू नै भ्रष्ट, पतित हुन्छन् भन्ने भाव छ। दुनियाँ र कवितामा कविले कविता शक्तिशाली हुन्छ भन्नखोजेका छन् । यद्यपि कवितामा दुनियाँ बदल्ने शक्ति हुन्छ तर अझै पनि पूर्णरूपमा दुनियाँ बदल्ने कविता लेख्न बाँकी नै छ भन्ने कविको धारणा यसमा अभिव्यक्त भएको छ । सुगियामा लज्जावती युवतीको प्रतिविम्ब छ । सत्र भोका काग यस

सङ्ग्रहको शीर्ष कविता हो । यसमा वैदेशिक रोजगारीको सिलसिलामा अरब भूमिमा पुगेका र नेपाली युवाहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ । एउटा प्रेम कविता आकारगत दृष्टिले यस सङ्ग्रहकै सबैभन्दा लामो कविता हो । यसमा सम्भवतः कविको प्रेमानुभव वा अनुभूतिसहित वामपन्थी विचारधाराप्रतिको स्पष्ट समर्पण भाव मुखरित भएको छ । यस कविताको अन्तका यी पङ्क्ति हेरौँ-

*स्वभावतः प्रेम अर्थात्*
*असमान दुनियाँलाई फेर्न*
*लालविचारधारा सँगसँगै*
*अघि बढ्यौ तिमी कवि /(एउटा प्रेम कविता-१०८)*

पिङ्कहाउसमा तानाशाहहरूमाथि व्यङ्ग्य गरिएको छ अन्ततः तानाशाह हतभागी हुन्छ भन्ने सङ्केत गरेको छ यस कविताले । सुँगुरमा प्रतीकात्मकता छ । आजको युगमा सुगुरको महत्त्व बढिरहेको तथ्यलाई यस कविताले प्रतिविम्बन गरेको छ । अज्ञात गोलीमा अज्ञात ढङ्गले भइरहेका मृत्युको प्रसङ्ग छ । परीक्षामा क्रान्ति चेतना छ । मुक्तिकामी सङ्घर्षमा योद्धाहरूले भोगेका र सहेका अनेक यातनाको चित्रण छ । थुनमा शोषणको प्रतिरूपण छ । यस कवितामा नक्कली वस्तुको बजारीकरणको चित्रण पनि छ । यहाँ रातो दुधले अत्यधिक शोषणलाई सङ्केत गरेको छ । प्रश्नावलीमा सहनुहुँदैन, सहीलाई सही र गलतलाई गलत भन्न सक्नुपर्छ भन्ने सन्देश छ । स्याउमा श्रम र प्रेम दुबैलाई महत्त्व दिइएको छ । यसमा प्रगतिवादी चिन्तन छ । विद्रोही चेतना पनि छ । हेरौँ यी पङ्क्तिमा -

*कुनै दिन*
*सामन्तीको बगैँचाबाट*
*बलपूर्वक टिपेर*
*खुवाउने छ ऊ*
*प्रेमिका मैनावतीलाई*
*रातो स्याउ/(स्याउ-१२४)*

ढुङ्गामा युद्धको सन्त्रास र विद्रोही भावको अभिव्यक्ति छ ।  केक र ह्यान्डगनमा गहिरो व्यङ्ग्य छ । पश्चिमा मुलुकहरूका शासकहरू एउटा हातमा केक र अर्को हातमा ह्यान्डगन बोकेर निर्धन मुलुकहरूमा पसिरहेका छन् अघिल्लो शताब्दीदेखि नै भन्ने भावको प्रकटन छ । रोडरोलरमा सभ्यताको विकाससँगै भएको सडकविस्तारले हाम्रो मौलिकता हराएको छ, पुरातनता लोप भएको छ र आफ्नोपन विस्मृतिमा पुगेको छ भन्ने भाव गुम्फित छ । सिकारमा मानवीय सिकारी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । दोभाषेमा खुसीका पलहरू खोसिएको नमिठो अनुभूति पोखिएको छ । यहाँ महुवाको फूल खुसीको प्रतीक हो भने नफुल्नु उदासीको सङ्केत हो । सन्दिग्धमा चुट्किलाको प्रसङ्ग छ । चुट्किला सुनेर पनि जो हाँस्दैन ऊ सन्दिग्ध देखिएको छ । घरबारमा माछाहरू र चन्द्रमा विम्बात्मक प्रतीकका रूपमा प्रयोग भएका छन् । शिष्ट भाषामा विद्रोही भाव मुखरित भएको छ यस कवितामा । यस सङ्ग्रहभित्रको अन्तिम कविता हो मृत्यु । यस कवितामा कविले मूलतः विगतदेखि वर्तमानसम्म संसारमा पटक पटक भएका क्रान्ति, द्वन्द्व, युद्ध आदिबाट भएको मानवीय क्षतिको प्रतिविम्बन गर्दै नेपालमा मानवीय क्षति हुने खालको क्रान्ति नहोस् भन्ने अभीप्सा प्रकट गरेका छन् । यस सन्दर्भमा अभिव्यक्त कवितांश हेरौँ -

*म आफ्नो मृत्युको*
*यो सिलसिला*
*जरुर रोक्ने छु अब*
*नेपालमा /( मृत्यु-१४०)*

यी कविता प्रगतिवादी चिन्तनबाट निःसृत अभिव्यक्ति हुन् । कविताका शीर्षक छोटाछरिता छन् भने कविताहरू पनि अपवादबाहेक धेरैजसो छोटा छन् । कविताका हरफ झन् छोटा छन् । यी कवितामा प्रयुक्त शब्दहरू प्रायः सरल र कोमल छन् । कवि खास गरी विभिन्न घटना र चरित्रबाट प्रभावित देखिन्छन् र मनमा फुरेका कुराहरू लेखिहाल्छन् । अनुभूतिगत प्रभावबाट जन्मिएका छन् यसभित्रका धेरै कविता । यी कविता सरलजस्ता प्रतीत हुन्छन् तापनि साँच्चिकै सरल छैनन् । भावको गहिराइमा नपसी यिनको आशय खुल्दैन । कारण, यी कवितामध्ये धेरै प्रतीकात्मक छन् । यसभित्रका धेरै कवितामा कविको मार्क्सवादी सौन्दर्य शास्त्रीय दृष्टिका विचार खुलेर प्रकट भएका छन् । कविको सामाजिक दायित्वको बोध यी कवितामा मुखरित भएको पाइन्छ । अधिकतर कवितामा कवि स्वयम् भोक्ता र समाख्याता बनेका छन् ।

❑ विलोम लघुकथा



# युवती र फूल

❖ दीपक लोहनी

बगैँचामा थिए-
फूल,
युवती,
र एक आधुनिक क्यामरा ।
सबै सुन्दरताको पारखी थिए ।
यतै कतै क्यामराले युवतीको समीप पुगेर सोध्यो, "मैया' ! सुन्दरता कहा' लुकेको हुन्छ ?"
युवतीले पोज दिँदै भनिन्, "चञ्चलतामा ।"
क्यामराले फूलको नजिक गएर सुस्तरी सोध्यो, "प्रिय ! सुन्दरतालाई कहा' भेटिन्छ ?"
फूलले केही बोलेन । मात्र चुपचाप बसिरह्यो ।
क्यामराले पुनः सोध्यो, "भन न मित्र, सुन्दरता कहा' लुकेको हुन्छ ?"
फूलले बडो गम्भीरताका साथ भन्यो, "मौनतामा ।"

*कुरिलो घर, काठमाडौँ ।*

❑ लघुकथा

# मेरो शान, मान र मर्यादा



❖ पद्मप्रसाद शर्मा

मेरोसामुमा कसैले केही भन्न नसके पनि पिठ्युपछाडिबाट मेरो नाम दलबदल राखेका छन् रे । हुन पनि मलाई अरू मानिसजस्तो ठानेका होलान् । म अरूभन्दा निकै फरक व्यक्ति हुँ किनकि म जुन पार्टीमा जान्छु त्यहाँ लाभको पद चाहिन्छ । यदि लाभको पद नभए पनि उच्च पद त चाहियो चाहियो । मलाई अरू जोकोहीभन्दा तलको पदमा बस्न मन लाग्दैन । यो सानो उमेरदेखिको मेरो रुचिको विषय हो ।

मलाई पार्टीले अङ्गीकार गरेको विचारभन्दा पनि आफ्नो पद र प्रतिष्ठाको बढता मतलव छ । यसैमा मेरो व्यक्तिगत स्वार्थले वास गरेको छ । पार्टी भूमिगत हुँदा मेरो एउटा पार्टी थियो । त्यो समयमा पार्टीको अगुवा भएर बस्ने अवसर मिल्यो, जुन राम्रै भयो । मेरो भूमिगत कार्य नाम मात्रको हो । म भूमिगत होइन मेरो पार्टी भूमिगत थियो । म सधैँ खुला भएर रहेँ । पार्टीमा रहेर अरू धेरै गर्नुभन्दा पनि समय समयमा रातमा भूमिगत बैठक बस्ने गरिन्थ्यो । भूमिगत बैठकमा सबैबाट रिपोर्ट लिइन्थ्यो । बैठकमा सबैले आफ्नो क्षेत्रका, आफूले गरेका कामको विवरण सुनाउनुहुन्थ्यो अनि नयाँ कमिटी विस्तार गर्ने भनेर निर्णय गरेर बैठक स्थगन गरिन्थ्यो । म रहेको पार्टीमा एक दशकसम्म पाँचजना सदस्यभन्दा बढाइएको होइन । एक दशकजति यस्तै गरेर बित्यो । माथिल्लो स्तरका नेता आए भूमिगत रूपमा एक स्थानबाट अर्को स्थानमा लिएर जाने गर्नुपर्दथ्यो । भूमिगत कालमा पार्टीमा लागेपछि अन्य लाभको पद प्राप्त नहुने भएकाले त्यही उच्च पदमा चित्त बुझाएर बसियो ।

जब निरङ्कुश व्यवस्था गयो त्यति वेला म बसेर सिद्धान्त मात्र छाँटन लागेँ । मलाई धेरैले उछिनेर अरूहरू धेरै नै माथि पुगे । उनीहरूले पद, प्रतिष्ठा हासिल गरे । मलाई त्यो दल मन परेन अनि अलि ठुलो अर्को दलमा प्रवेश गर्न पुगेँ । अरूलाई गुमराहमा पार्ने ममा पर्याप्त क्षमता थियो, अहिले पनि त्यो क्षमता छ । त्यसैले त्यहाँ राम्रै लाभको पद प्राप्त भयो । केही समयपछि पार्टी सत्ताबाट बाहिरियो मेरो पद पनि सँगै बाहिरियो । म पद र प्रतिष्ठाविना बस्न नसक्ने मानिस भएकाले जहाँ पद मिल्छ त्यहीँ पार्टी तलासीमा लागेँ ।


पार्टी केही समयपछि पुनः सरकारमा पुग्यो अनि त्यति वेला मैले ठुलो अपेक्षा गरेको थिएँ तर केही मिलेन । म नयाँ दलको खोजीमा लागिरहेँ । त्यही समयमा म रहेको पार्टीमा हलचल आयो । अब मेरो पार्टी लामो समय सत्तामा जाने कुनै सम्भावना थिएन त्यसैले मैले त्यो दल छोड्नका लागि खुट्टा उचालेँ । आफूले पार्टीलाई दिएको योगदानको बखान गरेर निकै पटक कलम चलाएँ । एक दिन त घुर्कीको भाषाले नै हिर्काएँ तर दलका नेताहरू कसैको कानमा पनि परेन । मैले पुनः दल त्यागको भाषा बोलेँ । मलाई जसरी पनि पदको राजनीति गर्नु थियो । तत्काल दल बदलेर पुनः लाभको पद हत्याएँ । त्यसपछि गोजीमा दाम पनि मनमा मान

र अरूको सामुमा शान पनि सबै जुर्न पुग्यो । आजभोलि यही पदले गर्दा धेरैलाई लत्याउन सिकेको छु र मुख मिठ्याउँदै भाषण पनि छाँट्न सिकेको छु । आजभोलि मेरो दल सरकारमा छैन तर मेरो पद केही समयका लागि सुरक्षित छ । अब अवधि सकिनासाथ अर्को दलमा हामफाल्नका लागि बिहान बिहान हामफाल्ने अभ्यास गर्ने गरेको छु। यहाँ योगदानको कुरा कहाँ छ र ? यहाँ त हामफाल्नेहरूको ठुलो मर्यादा छ जसरी मेरो शान, मान र मर्यादा बढेको छ। भोलि पनि यसैगरी मेरो पद, मान र शान बढिरहने छ मैले जतिसुकै दल बदले पनि।

*दाङ ।*

❑ कविता

# हेलिकप्टर



❖ **रामचन्द्र दाहाल**

हाम्रो गाउँको आकाशमा
दिनहुँ उड्छ हेलिकप्टर
हाम्रै बस्तीमा झरेर
चिलले चल्ला टिपेझैँ टपक्क टिप्छ युवाहरू
हाम्रो गाउँको युवातस्करी
गाउँलेको आँसुआतङ्क भएको छ
गाउँका वृद्धवृद्धा रुवाएर सधैँ
पैसाको बोट देखाएर दूरमा कतै
किन ओसार्छ तन्नेरीहरू ?
आज गाउँमा प्रश्नै प्रश्न छन्
अबोध गाउँ जान्दैन, सहर बोल्दै बोल्दैन
मानव तस्करले आतङ्क मच्चाइरहन्छ!
पूर्वी क्षितिजमा प्रभात नखुल्दै
अँध्यारो महलको इतिहास ब्युँझिएर
कालो रातको विगतले वर्तमान लेख्दै छ
हाम्रा युवाको बिक्री विनिमयले
हाम्रो आँसु विक्षिप्त भएर
एउटा महाशून्य यात्राको
स्मसान भएको छ!
कफिनमा छरिएका
फूलजस्तै मूल्यहीन मानवहरू
रेमिट्यान्समा साटिएको पुत्रअन्त्येष्ठी
परिवारको आँसु भएर आर्यघाटमा झरिरहेछ
बिदाइको माला घाँटीको पासो भएर
रुँदै छुट्टिए अङ्कमालका दुई किनारा
अबोध शिशुको रोदन च्यापेर
टाढिँदै छन् गन्तव्यहरू!

पङ्क्तिबद्ध पलायनका परिदृश्यमा
रङ्गीन सपना जलेर सुहाग सेतो भएको छ
अन्तिम बिदाइको शृङ्गार पहिऱ्याएजस्तो
एउटा रङहीन खादाको बिदाइ ओडाएर
कुटिल मुस्कानमा रङ भरेर
मङ्गलयात्राको उडान देखाउँदै
फेरि गाउँतिरै उडेको छ हेलिकप्टर!

*कपन, काठमाडौँ ।*



❖ डा. गोविन्दप्रसाद आचार्य

# पुजारी, पादरी, मुल्लाह

उडे विमानका यान माथि माथि कता कता
मान्छे आकाशमा उड्छ देउताभन्दा कता कता
देउताको स्वर्ग भेटिन्न जति माथि उडे पनि
माथिका कन्दराभित्र दृश्ययन्त्र पुगे पनि ।

ताराभन्दा पनि माथि पुग्छ मान्छे कुनै दिन
भन्ने छ देवता बस्ने बस्ने ठाउँ म भेट्दिन
पितृका वस्ती भेटिन्नन् जस्तै यन्त्र डुले पनि
भेटिन्नन् अन्नका फाँट जति माथि उडे पनि ।

पुजारी, पादरी, मुल्लाह कति माथि पठाउँछौ !
हावा पानी कहीँ छैन कति माथि बसाउँछौ !
माथिको ओखती के हो खाना के रोगभोकको ?
विज्ञान यानले खोजे छैन जीवन विकासको ।

खाई लाई बितेका हुन् बस्दैनन् भोकप्यासमा
खुला संसारको मान्छे बसेन अन्धकारमा
न भेटिन्छ कतै माथि स्वर्गको वासनावन
न भेटिन्छ कतै माथि मान्छेको सुकिलो मन !

पुजारी, पादरी, मुल्लाह क्या छट्टु कल्पना दियौ !
माथि काहीँ नभेटेको रहस्य कसरी दियौ !
पापधर्म जोखेका छौ समाई न्यायको तुलो
बल्दैन किन धर्तीमा श्रमिक जनको चुलो ?

संसारै दुःखमा पारे न्याय जोख्ने अदालत
न्यायमा जिन्दगी हारे आँखा बन्द अदालत
मेटो, चिल्लो खसीजस्तो बैंस घोले अदालत
न्यायमा आँसु वर्षाको दुःख घोल्ने अदालत !

पुजारी, पादरी मुल्लाह न्यायअड्डा समान हुन्
तुलोमा न्याय तौलेका छलका सरदार हुन्
उडे विमानका यान दृश्ययन्त्र जडानका
माथिको के कुरा गर्नु न देउता न स्वर्गका !

पुजारी, पादरी, मुल्लाह झुट हल्ला अति भयो
धर्तीमा न्यायका अड्डा भावमा तथ्य भासियो
हाँडीमा भुटियो चित्त माथि स्वर्ग सजाउने
मारियो चेतनाबीज सही बाटो हिँडाउने !

आँसुका रहमा डुब्नु मान्छेको न्याय हुन्छ र !
पीडाले प्राण मारेको अड्डाले न्याय दिन्छ र !
पुजारी, पादरी, मुल्लाह न्यायअड्डा कमाउका
व्यापारी ठग हुन् लुच्चा पैसावाद रमाउका !

सत्य संसारमा हुन्छ आजले छेक्न सक्छ र ?
आज न्याय नपाएको जाग्दैन भन्न हुन्छ र ?


हार्दिक श्रद्धाञ्जली



**प्रेमविनोद नन्दन**
जन्म : १ जेठ १९९२
निधन : १ भदौ २०८२

**कीर्तिशेष स्रष्टाप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनहरूप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।**

**शब्द-संयोजन परिवार**

# ४५६औं साहित्य सन्ध्या र सय रूपैयाँको पुस्तिका : सामान्य घटना कि एक संयोग ?



❖ डा. राजेन्द्रप्रसाद अधिकारी

धेरै भएको थियो साहित्य सन्ध्यामा कविता सुन्न जान नपाएको । यो पटक (साउन २०८२) त जसरी पनि जाने निधो गरेँ । चण्डोलदेखि हिँडेरै दिउँसोको एक बजे भृकुटीमण्डपस्थित आर.आर. क्याम्पस पुगेँ । ठिक एक बजे सुरु भयो कार्यक्रम । कार्यक्रम सुरु गर्ने मामलामा साहित्य सन्ध्या अनुशासित देखिन्छ एकाध अवस्थामा बाहेक । नेपालमा हुने कार्यक्रमहरूको सन्दर्भमा साहित्य सन्ध्याको समयप्रतिको यो अनुशासनलाई उल्लेखनीय मान्नुपर्छ । धेरैजसो साहित्यिक कार्यक्रमहरूमा बोलाइएको समयमा पुग्दा आयोजकहरू तुल टाँस्न सुरु गर्दै गरेको वा कार्यक्रमको खाका कोर्दै गरेको अवस्थामा भेटिन्छ । साहित्यकारहरू समयको बारेमा लेखहरू लेख्नुहुन्छ, अरूलाई व्यङ्ग्य पनि गर्नुहुन्छ तर आफू भने "हरियो रङको म सुगा"जस्तो ! सधैँ उस्तै, कुनै परिवर्तन देखिदैन ।

कार्यक्रमस्थल पुग्नेबित्तिकै शब्द संयोजनका कार्यकारी सम्पादक रमेश पोखरेलले शब्द संयोजनको साउन २०८२ अङ्क दिनुभयो । उहाँको परिश्रम देखिन्छ यसमा र पत्रिका दिने वेलामा उहाँको शालीनपना झल्किन्छ । यही लोकमा यस्ता मान्छे(हरू) पनि भेटिन्छन् र सङ्गत गर्नपाइन्छ त्यसैले त रमाइलो लाग्छ ।

दिनको एक बजे साहित्य सन्ध्याको कार्यक्रमस्थल आर.आर.क्याम्पसभित्रको भुइँतलाको उही पुरानो कक्षाकोठा । कोठाभित्र छिर्दा साउनको महिना, पानी नपरेकोले तालु सेक्ने चर्को घाम लागेको भए पनि साँझ पर्दै गर्दाको समयजस्तो, उज्यालो थिएन । अर्थात् निर्दलीय पञ्चायत नै अन्धकारमा गुटमुटिएर कतै बाँचिरहेजस्तो ! गणतन्त्र र त्यसको उज्ज्यालो त मन्त्री, सांसद र संसदभित्र मात्र हो । त्योभन्दा अलिकति बाहिर पुगेको भए त्यही प्रज्ञा-प्रतिष्ठान र प्राज्ञहरूसम्म पुगेको छ कि ? जे भए पनि आजपर्यन्त यही र यस्तै कक्षा कोठामा बसेर विद्यार्थीहरू पढिरहेका र प्राध्यापकहरूले पढाइरहेका नै छन् भने एक छिन बसेर कविता सुन्न आउने हामीजस्ता फिरन्तेले बढी कुरा के गर्नु र ? एकाएक मनमा कुरा खेल्यो, "कक्षाकोठामा झलमल्ल बल्ने बत्ती त होलान् कि ?" बत्तीको कुनै परीक्षण गरिएन, थाहा भएन ।

कक्षाकोठाको उत्तरतिरको झ्याल आधी मात्र बाँकी देखिन्छ र त्यसलाई खोल्न नमिल्ने गरी सिसा ठोकिएको छ । अर्थात् अलिकति उज्यालोबाहेक हावाको आवतजावत भने निषेध गरिएको छ। पश्चिमपट्टि ल क्याम्पससँग जोडिएको साइडमा खापा राम्ररी नलाग्ने र सिसाहरू फुटेका खापासहितको एउटा अर्को झ्याल देखिन्छ, त्यसले चाहिँ केही प्रकाश अनि हावा पनि दिने इमान्दार प्रयास गरिरहेको थियो । साहित्य सन्ध्याका आयोजकहरूले जस्तै अँध्यारै कोठामा छिरेर उज्यालो छर्ने निरन्तरको प्रयास ! धन्यवाद दिनै पर्छ साहित्य सन्ध्याका आयोजकहरूलाई ।

कविता वाचन हुँदै गर्दा उत्तरपट्टिको सिसाको झ्यालमा बाहिरपट्टि खेलिरहेको बलले पटक पटक हिर्काइरह्यो । भित्र कोठामा भने कविता वाचन चलिरह्यो । पश्चिमतिरबाट वेलाबखत मोटरबाइक ओहोरदोहर गरेको आबाज र निर्माणाधीन भवनबाट टायल काटेको तिखो आबाज आइ नै रह्यो । भित्र कोठामा भने कविता वाचन निरन्तर चलिरह्यो । हामी हाम्रो समयको अर्थात् २०४० तिरको परिवर्तनकारी कविता वाचनको परम्परा धानिरहेका हौँ कि ? हामी कसैलाई घुर्काइरहेका छौँ ? म एक छिन सोच्नमै मग्न भएछु । "ढ्याप्प" बल उछिट्टिएर फेरि झ्यालमा लागेछ । मेरो सोचाइ बिथोलियो । बाहिर बल खेलिरहेका युवाहरूलाई साहित्यकार गोपाल मैनालीले अलि पर गएर खेल्न आग्रह गर्नुभयो ।

साहित्यकार जयन्ती स्पन्दनले कविहरूलाई भूमिका र सम्बोधन नगरिकनै सिधै कविता वाचनको लागि पटक पटक आग्रह गर्नुभएकै थियो तर आफूलाई चेतनाका वाहक ठान्ने धेरैजसो कविहरूले भूमिका बाँध्न वा सम्बोधन गर्न छुटाउनुभएन ! आफूलाई कवि साहित्यकार ठान्नेहरूमा यो रोग प्रबल देखिन्छ। यहाँ पनि देखा पर्नुलाई अस्वाभाविक भन्न मिलेन । आफ्नो रचना वाचन गरेर हिँड्ने अधैर्य कविजीहरू पनि हुने नै भए । लगभग तिसवटा कविता सुन्यौँ । त्यसबाहेक प्राध्यापक ध्रुबकुमार घिमिरे र कार्तिकेय घिमिरेबाट बालसाहित्यमा प्रविधिको प्रयोगसँग सम्बन्धित महत्त्वपूर्ण मन्तव्य पनि सुन्यौँ । प्राध्यापक ध्रुबकुमार घिमिरेबाट वाचित कविताहरूमाथिको टिप्पणी पनि सुन्यौँ । कार्यक्रमपछि त्यहीँ नजिकैको चियापसलमा बसेर चियाखाजासमेत खाएर छुट्टियौँ ।

सिधै पुतलीसडक गएर अनि देब्रे मोडिँदै जाऊँ कि रेडक्रस भवन र वाल्मीकि क्याम्पसको बिचबाट छिरेर शंकरदेव क्याम्पस हुँदै जाऊँ भनेर सोच्दासोच्दै रेडक्रस भवन र वाल्मीकि क्याम्पसको बिचबाट छिरिसकिएछ । अगाडि गएर दाहिने मोडिनुपर्ने भएकोले म सडकको दाहिने साइडमा थिए । हातमा शब्द संयोजन र सम्पादक प्रवीण जोशीले दिनुभएको शृत्त ला मासिक हातमा थिए ।

"कार्यक्रमबाट आउनुभएको हो दाइ ?" गेरु रङको इष्टकोट लगाएका मानिसले बाटो छेकेर एकदम परिचितलाई झैँ सोधे र आफ्नो मुखमा लगाएको मास्क निकाले अनि मिठोसँग मुस्काए । पुरानो र अत्यन्तै परिचितझैँ तर मैले सम्झन सकिन । म अल्मलिएँ । "म पनि

कार्यक्रमबाटै आएको । त्यहाँ आउन पाइन ।" यस्ता फरासिला व्यक्तिलाई भने मैले राम्ररी ठम्याउनै सकिन । मेरो बाटो उनले राम्रैसँग छेकेका थिए । उनी निहुरिए र एउटा पुस्तिका निकाले ।

"ल दाइ यो लिइदिनुपऱ्यो ।" म छक्क परेँ । पातलो पुस्तिका पल्टाए र त्यसमा छापिएको मूल्य रु. तीन सय पनि देखाए । के गर्ने ? कुनै उपाय सुझिरहेको थिएन । एक उनलाई ठम्याउन सकिरहेको थिइन । दुई बिचैमा रोकेर तीन सयमा सामान्य पुस्तिका किनिदिनुपर्‍यो भनिरहेछन् र मलाई अगाडि बढ्नै नमिल्ने गरी आमनेसामने गरेर उभिएका छन् । अनुहार निर्दोष र भद्र देखिन्छ । मेरो अलमल अब उल्झनमा बदलिन थाल्यो ।

"तीन सय त मैले बोकेकै छैन त !" अचम्मसँग मेरो बोली फुट्यो । "हैन जति भए पनि हुन्छ दाइ, आज विमोचनकै दिन, भर्खर विमोचनबाटै आएको । दाइले बोनी त गर्दिनुपऱ्यो नि ।" निर्धक्क ! मलाई बोल्नै नदिई उनले आफ्नो कुरा राखे । म एक्लै थिएँ । साथी कोही थिएन । उम्कन सकिरहेको थिइन । वास्तवमा एक प्रकारले म लट्ठिइसकेको थिएँ । एकदम परिचितजस्तै गरी एउटा 'लेखक' आफ्नो 'सिर्जना' लिएर 'याचना' गर्दै हुनुहुन्छ कि कुनै व्यवसाय...? रनभुल्लमा पर्दापर्दै पनि अलिकति चेत पलाएछ खै कसरी ! आफ्नै मनले एकदमै सुस्तरी भन्यो, "फेला परिस्‌जस्तो छ है आज ?"

"दाइले जत्ति दिए पनि हुन्छ, हेर्नुस न...।" उनले मलाई खल्तीतिर हेर्न सुझाए । "दाइले किताब त लिइदिनै पर्छ" उनले मलाई फसाउँदै लगे । दाइ भन्न चाहिँ छोडेका छैनन् । भद्रता कायमै छ । "म अर्को दिन तपाईँको किताब पूरै पैसा तिरेर लिन्छु नि । आज त मैले पैसै बोकेको छैन ।" योपटक मैले आँटै गरेर प्रस्टसँग भनेँ तर उनले छोडेनन् । अब खल्तीतिर हेर्न म बाध्य भएँ । मैले पर्स झिकेँ र सय रुपैयाँ दिएँ । उनी मोलमोलाइमा उत्रिए, "अलिकति त थपिदिनुस् न । जति थपे नि हुन्छ ।" उनले बाटो अझै छोडेनन् ।

"त्योभन्दा बढी त मसँग छँदै छैन" भन्दै म जबरजस्ती नै अगाडि बढेँ । शंकरदेव क्याम्पसको गेटअगाडि पुगेपछि बल्ल म सामान्य भएँ । हातमा उनले दिएको पुस्तिका थियो । बाटोमा हिँड्दै हेरेँ त्यसलाई, नेपालको झन्डासहितको आकर्षक कभर । '...' कति राम्रो शीर्षक । भर्खर विमोचन गरेर आएको भनिएको पुस्तकको संस्करण तेस्रो लेखिएको र प्रकाशन भएको वर्ष २०८१ लेखिएको थियो । जम्माजम्मी कभरबाहेक ४४(+४) पृष्ठ रहेछ, मूल्य भने तीन सय रुपैयाँ । 'ठिकै हो कि ठगी हो ?' एकाएक मनमा कुरा खेल्यो । "यो घटना सामान्य हो कि एक संयोग मात्र ?" "लेखकहरूले बाँच्नका लागि गर्नुपरेको सङ्घर्षको कथा हो कि यो ! वा पैसाको लागि लेखक बनेकाहरूको कथा ?" प्रश्नहरू मनमा उठ्न थाले । जे होस् दाइ भनी सम्बोधन गर्नुभएकोमा लेखकभाइलाई भने धेरै शुभकामना ।

*काठमाडौँ ।*

# गाजाको एक बालक

❖ वासुदेव अधिकारी

हिजो
आमाको काखमा बस्थ्यो
बाबुको काँध चढ्थ्यो
सानो साइकल चढी बजार जान्थ्यो
कापी किन्थ्यो
बारुद धुवाँ सुँघ्थ्यो
देश हराएको कुरा सुन्थ्यो
तर बुझ्दैनथ्यो
स्वाभाविकै हो,
ऊ बम बारुदसँग डराउँथ्यो
तथापि
खेल्थ्यो
उफ्रिन्थ्यो
नाच्थ्यो
दाजुको हात समाइ समाइ
स्कुल जान्थ्यो
अब्दुल : गाजाको एक बालक।

समय फेरियो
आकाश अलग्गै देखियो
माटोले नयाँ सकस भोग्यो
आज
आमा आकाशमा
बाबु अलप
दाजु घाइते
बस्ती धुलोपिठो
किताब गायब
स्कुल गायब
स्कुलकी मिस गायब
कहाँ जाने अब ?
कोसँग जाने अब ?
पजल भएको छ अब्दुल
भिमल भएको छ बालक
आकाश नै ओत
भागाभागमा पुगिने ठाउँ नै सेल्टर
वर्तमानको विद्रुपतामा पाइला टेक्दै छ
अब्दुलः गाजाको एक बालक।

असिना बर्साउने आकाश
जून घाममार्फत माया बर्साउने आकाश
पलपल बमबारी गरिरहन्छ
जब बम खस्छ
घर आगो बन्छ
जब विष्फोट हुन्छ
घर धुलो बन्छ
त्यही धुलोमा छोपिन्छन् मानिस
जब बारुद बर्सिन्छ
हावा बिख बन्छ
पानी गायब हुन्छ
गाजामा पाइला पाइला
भेटिन्छन् युद्धका सर्प
युद्धका सर्पलाई
डोरी ठानेर समाउन खोज्छ बालक
अब्दुलः गाजाको अबोध बालक।
केही समययता
पलपल घरहरू ढले

पलपल छिमेकीहरू ढले
        आफ्नै आमा ढलिन्
ढलेकी आमा आकाश भइन्
        स्कुल खण्डहर भयो
कक्षामा हँसाइ हँसाइ पढाउने
        स्कुलकी मिस गायब भइन्
बस्ती बगर भयो
        बस्ती बगर भएकै वेला
बस्तीसँगै बालक सडकमा आइपुग्यो
        अब्दुलः गाजाको बालक ।

गाजा अब्दुलले टेकेको माटो
        जीवनको जरा भएको माटो
इतिहासको महक भएको माटो !
        त्यो मलिलो थियो
महनीय थियो
        छिमेकीडोजरले
आगोले
        क्षेप्यास्त्रले
बमले
        माटो लगातार
आगो भइरहेछ
        धुलो भइरहेछ
खरानी भइरहेछ
        अब्दुलले सिसाकलमले बनाएको घर
इरेजरले मेटेजस्तो
        इजरायली युद्धले
मेटिरहेछ गाजाको बस्ती
        धुल्याइरहेछ गाजाको जीवन
खुम्चिदै छ गाजा
        अग्लिदै छ लाशको पहाड
बढ्दै छ विलुप्त सङ्ख्या
बमबारीमा
        आफू भाग्ने कि
घरमा किचिनेलाई खोज्ने ?
        बढ्दो छ द्विविधा
गाजा मेटिँदा
        गाजा सिद्धिँदा
मर्न मार्न बाँकी रहेका व्यक्ति
        कहाँ जालान् ?
थाहा छैन गाजाबासीलाई
        थाहा छैन गाजाको बालक अब्दुललाई ।

एकोहोरो संवाद छ अब्दुलसँग मेरो
        एकोहोरो देखाइ छ अब्दुलसँग मेरो
हिजो हिजो पत्रकारले भेट्थे उसलाई
        र म स्क्रिनबाट हेर्थें
अहिले मनबाट हेर्छु
        विनाथाप्ने कचौरा
विनाकमिजको पोल्टो
        अर्धनग्न भई
भातको लाइनमा छ ऊ
        आफन्त गुमाएर
स्कुल गुमाएर
        घर गुमाएर
थाप्लोमा अरबी घाम थापी
        ऊ खडा छ सडकमा
पेटपूजाको लागि
        नाइल नदीतुल्य लामो लाइनमा छ ऊ
भोको लाइन
        बालकलाई ठाउँ छोड्दैन
घाइतेलाई माया गर्ने धैर्यता उमार्दैन
        'पहिला वृद्धवृद्धाको पालो' भन्न भ्याउँदैन
युद्धले थिचिरहेछ उसलाई

लाइनले किचिरहेछ उसलाई
अब्दुलः गाजाको बालकलाई ।

युद्धको नगरा बजिरहेको विकट समयमा
भीमकाय संयुक्त राष्ट्र सङ्घलाई
लाश गन्न फुर्सद छैन
छिमेकी अङ्कल नेतान्याहुलाई
गाजा सोत्तर पार्नेबाहेक कुनै ध्याउन्न छैन
तथापि
अकुपाइ गर्न बाँकी जग्गामा
युद्धका स्पोन्सरहरू
भात बाँडिरहेका छन्
युद्धको विरोध गर्न नसक्नेहरू
पाउरोटी बाँडिरहेका छन्
कताबाट छिरे कुन्नि ?
युद्ध नचाहनेहरू त्यस मैदानमा
उनीहरू पनि चना-सेल बाँडिरहेका छन्
गजब छ युद्ध र दानको सम्बन्ध !
गजब छ उन्माद र मानवताको अन्तर्द्वन्द्व !
लाइन पछ्याउँदै
लाइनमा ठेलिँदै/चेपिँदै
अघि बढिरहेको छ अब्दुल
उसको पेटको आगो
उसको मनको खरानी
उसको स्कुल जान नपाएको छट्पटी
कसले लेख्न सक्ला ?
कसले देख्न सक्ला ?
सके त लाइनबाट निस्केर
निर्धक्क उभिन्थ्यो
अब्दुलः गाजाको बालक ।
अब्दुललाई थाहा छैन
मानव अधिकार चार्टर
विकसित देशमा भइरहेको साउती
युरोपले खोक्ने मानवाधिकार
उसैले आफ्नो हतियारलाई
गाजा पस्न दिएको अधिकार
मात्र अब्दुलले देखेभोगेको छ
माटोको तातो
बस्तीको विनाश
भत्किएको घर
हराएका आफन्त
क्षतविक्षत स्कुल
पढ्न नपाइ बितेका केही महिना
र अङ्कल नेतान्याहुको रौद्र नाच ।

गाजामा रोयो मानवता
गाजामा खस्यो बित्यास
यस वित्यासमा
मन दुखाउने र रिसाउनेबाहेक
केही गर्नसकेनौँ हामीले
युद्धमा बाँचिरह्यो भने
खेदिँदा खेदिँदा कतै उभिएर
हाम्रा निरीहता पढ्यो भने
के भन्ला ?
अब्दुल : गाजाको एक बालकले ।

*२०८२ भदौ ५*

**'अविच्छिन्न प्रकाशित भइरहेको**
**साहित्यिक पत्रिका**
**शब्द-संयोजन**
**मासिक' पढ्नुहोस् ।**

# बजारमा कृति




कृति : नयाँ युगका नयाँ कुरा
लेखक : खेमराज निरौला
विधा : कथासङ्ग्रह
प्रकाशक : श्रीमती मातृकादेवी चापागाईं निरौला
प्रकाशन वर्ष : २०८२
मूल्य : रु.४९०।-




कृति : खेलौना
लेखक : गायत्रीकुमार चापागाईं
विधा : लघुकथासङ्ग्रह
प्रकाशक : शब्दयात्रा प्रकाशन
प्रकाशन वर्ष : २०८१
मूल्य : रु.२००।-




कृति : उही...
लेखक : माणिकरत्न शाक्य
विधा : कथासङ्ग्रह
प्रकाशक : भुँडीपुराण प्रकाशन
प्रकाशन वर्ष : २०८०
मूल्य : रु.२००।-




कृति : श्रीमान्जी भन्नुहुन्छ
लेखक : रमेश विकल
सङ्कलक/सम्पादक: माणिकरत्न शाक्य
विधा : हास्यव्यङ्ग्यसङ्ग्रह
प्रकाशक : भुँडपुराण प्रकाशन
प्रकाशन वर्ष : २०८०
मूल्य : रु.४५०।-

# २०८१ सालका साहित्य सन्ध्या पुरस्कार तथा सम्मान अर्पण

विगत त्रिचालिस वर्षदेखि अविच्छिन्नरूपमा मासिक साहित्यिक गोष्ठी गरिरहेको, समसामयिक विषयमा बहस तथा छलफल गरिरहेको र नेपाली साहित्यमा योगदान गरिरहेका विभिन्न स्रष्टालाई 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरिरहेको साहित्य सन्ध्याको ४६६ औँ शृङ्खला भदौ ७ गते १ बजे पद्मकन्या क्याम्पस बागबजारको डेनिस हलमा आयोजना गरी पाँचजना व्यक्तित्वलाई २०८१ सालका 'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान' अर्पण गरियो।

सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षता र उपाध्यक्ष रमेश पोखरेलको सञ्चालनमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथिका रूपमा साहित्यकार एवम् शिक्षामन्त्री माननीय रघुजी पन्त उपस्थित हुनुहुन्थ्यो भने विशेष अतिथिका रूपमा साहित्यकार शान्ता मानवीको उपस्थिति रहेको थियो । एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्य तथा साहित्य सन्ध्याका सल्लाहकार प्रा.डा.जीवेन्द्रदेव गिरी, प्रेमनाथ अधिकारी, साहित्य सन्ध्याका सल्लाहकारहरू वासुदेव अधिकारी, प्रा.जगत्प्रसाद उपाध्याय 'प्रेक्षित' र प्रा.डा.देवी नेपाल, 'साहित्य सन्ध्या-मन' र 'साहित्य सन्ध्या-कृबा' पुरस्कारका लागि अक्षयकोष स्थापनाकर्ता डा.मदनप्रसाद सत्याल र नर्मदेश्वरी सत्याल, 'साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईं नियात्रा पुरस्कार'का लागि अक्षयकोष स्थापक नियात्राकार पोषरमण चापागाईं, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानका अध्यक्ष डा.फणीन्द्रराज निरौला, डा.प्रदीप के.सी., डा.जया सत्याल, डा.नारायण रेग्मी, विजया सत्याल, माननीय शिक्षा मन्त्रीका स्वकीय सचिव राजेश थापा, प्रा.डा.यादवप्रकाश लामिछाने, साझा प्रकाशनकी सञ्चालक जयन्ता



पोखरेल, प्रा.डा.कपिल लामिछाने, प्रा.डा.ध्रुव घिमिरे, प्रा.डा.बद्रीविशाल पोखरेल, डा.मञ्जु दाहाल, भवानी खतिवडा, नवराज श्रेष्ठ, सरोज अधिकारी, डम्बर पहाडी, डा.हरिप्रसाद सिलवाल, डा.कृष्ण सुवेदी, त्रिलोचन आचार्य, उमेश उपाध्याय, तेजप्रकाश श्रेष्ठ, डा.सावित्री श्रेष्ठ, खेमराज निरौला, महेशराज खरेल, साधुराम नेपाल, शिक्षक सेवा आयोगकी सदस्य पवित्रा सुवेदी, नन्दु उप्रेती, नमुना शर्मा, गायत्रीकुमार चापागाईं, डा.पुरा सेढाईं, रामदेव पाण्डेय, डिल्लीरमण दाहाललगायत अतिथिका रूपमा उपस्थित हुनुहन्थ्यो।

उक्त समारोहको समुद्घाटन प्रमुख अतिथिले बिजुली बत्ती बालेर गर्नुभएको थियो भने उपस्थित सम्पूर्ण व्यक्तित्वलाई सन्ध्याकी सचिव जयन्ती स्पन्दनले स्वागत गर्नुभएको थियो । २०८१ सालका साहित्य सन्ध्या पुरस्कार तथा सम्मान अर्पण गर्ने प्रयोजनका लागि सल्लाहकार वासुदेव अधिकारीको संयोजकत्वमा नमुना शर्मा र प्रशान्त खरेल सदस्य रहेको 'स्रष्टा चयन समिति' गठन गरिएकोमा उक्त समितिले सम्मान तथा पुरस्कारका लागि व्यक्तित्व चयन गरी सिफारिस गरेको हुँदा स्रष्टा चयनको औचित्य तथा आधारका बारेमा संयोजकले पुरस्कृत हुने पाँचैजनाको व्यक्तित्व तथा कृतित्वका बारेमा प्रकाश पार्नुभएको थियो।

अहिलेको समयका अत्यन्तै क्रियाशील एवम् बौद्धिक स्रष्टा प्रा.डा.कपिल लामिछानेलाई २०८१ सालको रु.एक्काइस हजार एक सय राशिको

'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान'द्वारा सम्मानित गरियो। साहित्य सन्ध्याले यस वर्ष आयोजना गरेका पूरै बारैओटा गोष्ठीमध्ये एघारओटामा सहभागी हुनुका साथै दशओटा गोष्ठीमा कवितावाचन गरेको अभिलेखबाट देखिएकाले नवराज श्रेष्ठलाई २०८१ सालको रु.पाँच हजार राशिको 'साहित्य सन्ध्या सहभागिता पुरस्कार तथा सम्मान'द्वारा सम्मानित गरियो। नेपालको एक मात्र अकुपन्चर कलेज 'ग्रामीण स्वास्थ्य शिक्षा तथा सेवा केन्द्र'मा प्राचार्यको रूपमा कार्यरत चिकित्सक एवम शिक्षासेवी मञ्जु दाहाललाई २०८१ सालको रु.दश हजार राशिको साहित्य सन्ध्या-मन (मदनप्रसाद सत्याल-नर्मदेश्वरी सत्याल) पुरस्कार तथा सम्मानद्वारा सम्मानित गरियो। हाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत दाप्चा बहुमुखी क्याम्पसमा बिबिएस दोस्रो वर्षमा अध्ययनरत अत्यन्त अनुशासित, लगनशील र मिहिनेती पढाइमा अब्बल रहँदा रहँदै पनि विपन्न पारिवारिक पृष्ठभूमिका कारण जेहनदार भएर पनि व्यक्तित्व छायाँमा नपरोस् र भविष्यसम्मका परीक्षाहरूमा पनि उत्कृष्टता कायम गर्न/गरिरहन उत्प्रेरणा प्राप्त होस् भन्ने अपेक्षाका साथ सरोज अधिकारीलाई २०८१ सालको रु.दश हजार राशिको 'साहित्य सन्ध्या-कृबा (कृष्णचन्द्र-बालकुमारी) पुरस्कार तथा सम्मान'द्वारा सम्मानित गरियो। नेपाली नियात्रा साहित्यमा अविश्रान्त कलम चलाउँदै नियात्रा विधालाई समृद्ध पारिरहेकी भवानी खतिवडालाई २०८१ सालको रु.दश हजार राशिको 'साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईँ नियात्रा पुरस्कार तथा सम्मान'द्वारा सम्मानित गरियो।

पुरस्कृत सबै व्यक्तित्वलाई समारोहका अध्यक्ष राम विनयले माल्यार्पण गर्नुभएको थियो भने प्रमुख अतिथिले पुरस्कार राशि तथा सम्मानपत्र अर्पण गर्नुभएको थियो। शिक्षा, स्वास्थ्य, साहित्य र समाजसेवाका क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तित्वलाई 'साहित्य सन्ध्या-मन' र 'साहित्य सन्ध्या-कृष्णचन्द्र बालकुमारी सत्याल' सम्मान तथा पुरस्कार समर्पण गर्ने उद्देश्यले अक्षयकोषको स्थापना गरिएको जानकारी अक्षयकोष स्थापक नर्मदेश्वरी सत्यालले दिनुभएको थियो भने साहित्यकार पोषरमण चापागाईँले 'साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईँ नियात्रा पुरस्कार तथा सम्मान' अर्पण गर्ने प्रयोजनका लागि अक्षयकोषको स्थापना गरेको र अक्षयकोष रु.१,५०,०००।-को स्थापना गरेको जानकारी गराउनुहुँदै नियात्राका माध्यमबाट नेपाली साहित्यको श्रीवृद्धि गर्नु पुरस्कार स्थापनाको उद्देश्य भएको अनि यस वर्ष यो पुरस्कार पाउने स्रष्टा अत्यन्त योग्य हुनुभएको व्यहोरासमेत प्रकाश पार्नुभएको थियो।

'साहित्य सन्ध्या पुरस्कार तथा सम्मान'द्वारा सम्मानित प्रा.डा.कपिल लामिछाने र डा.मञ्जु दाहालले सम्मानित हुने अवसर प्राप्त भएकामा सिफारिशकर्ताहरू एवम् साहित्य सन्ध्याप्रति धन्यवाद प्रकट गर्नुभएको थियो । प्रमुख अतिथि माननीय शिक्षा मन्त्री रघुजी पन्तले चार दशकदेखि निरन्तर सक्रिय साहित्य सन्ध्या र सम्मानित व्यक्तिहरूलाई बधाई दिनुभएको थियो भने राम विनयले २०३३ सालमा राजबिराजमा गङ्गाप्रसाद उप्रेतीलगायतले साहित्यका माध्यमबाट नेपाली भाषा जोगाउने अभियानका रूपमा परिकल्पना गर्नुभएको र उहाँहरू तथा त्यहाँ अध्ययन गर्ने विद्यार्थी काठमाडौँ आएसँगै २०३९ पुस २ गते बुधवार नेपाल ल क्याम्पसको अनेरास्ववियु प्रारम्भिक कमिटीले साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको सोद्देश्यमूलक वैचारिक अभियानका रूपमा थालनी गरेको र एक वर्ष पछिदेखि नै वासुदेव अधिकारीलगायतले हाँकेको आन्दोलनका चार दशकभन्दा बढी समय व्यतीत भएको छ भन्नुहुँदै संस्थाको लामो इतिहास निर्माणमा योगदान गर्ने सबै सबैलाई धन्यवाद दिदै समारोहको समापन गर्नुभएको थियो।



# प्रविधिले कवितासिर्जनामै सङ्कट ल्याएको वर्तमानमा कवितालाई आक्रमणबाट बचाउनु आवश्यक छ

❖ प्रा. डा. रमेशप्रसाद भट्टराई

अविरल जनसाहित्य यात्राको यो सोद्देश्यमूलक अभियान ९८ औँ शृङ्खलामा पुगेको छ। यो अभियानअन्तर्गतको आजको यो भव्य समारोहमा उपस्थित भएर अहिलेको समयका अत्यन्त प्रखर, प्रगतिवादी स्रष्टा रामप्रसाद ज्ञवालीका एक दर्जन कविता सुन्ने र ती कवितामाथि टिप्पणी गर्ने अवसर पाउँदा खुसी पनि लागेको छ। नेपाली कविताको विकासमा छन्दसिर्जनाका माध्यमबाट उच्च र अनुकरणीय योगदान गरिरहेका प्रा.डा.रामप्रसाद ज्ञवालीको कविता सिर्जनायात्रा अफ्रिकन सशक्त कविसँग पनि निकट रहेको देखिन्छ। छन्दलाई सिर्जनामा ढाल्ने कविताको रचनागर्भले कविको लेखनी निर्धारण गर्दछ । कवि ज्ञवालीका कवितामा रचनादर्शन, विषयको गम्भीरता, श्रमको उच्चगान, प्रेमको सौन्दर्य, सृष्टिसौन्दर्य, पर्याचेतना अत्यन्त सशक्त रहेको पाइन्छ । कविता कविको भावनाले विचार पाउने विधा भएकाले कल्पनाक्षमताको उद्‌बोधन कवितामा हुन्छ। ज्ञवालीका कवितामा निरन्तरको कठोर यात्राको दार्शनिकता पाइन्छ भने सबै कवितामा कर्मशील जीवनको वकालत गरिएको पाइन्छ। पाब्लो नेरुदा, मायाको बस्कीका विचारजस्तै समयचेत कवितामा पाइन्छ । उनीहरूको विचारमा मस्तिष्कलाई सन्देश पठाएर सिर्जना जन्मिन्छ भन्ने मान्यता ज्ञवालीका कवितामा स्थापित भएको देखिन्छ। लैङ्गिक विभेदको पराकाष्ठाका उपजका रूपमा महिला बलात्कार तथा हत्याका घटना देखिएका छन् । नारीका पक्षको पुरुषको अनुभव पनि शक्तिशाली हुन्छ भन्ने कविताले स्थापित गरेको पाइन्छ।

पारिजात, देवकोटाले भनेझैँ विषयसँग संवाद गर्दै हिजो भरोसा गरिएकाहरू स्खलित भएकाप्रति कवितामा आक्रोश पनि व्यक्त गरिएको छ र सँगसँगै सशक्त चेतना सम्प्रेषण मात्र गरिएको छैन आशावादी क्रान्तिकारी चेतना पनि अभिव्यक्त गरिएको छ। समाजमाथि अनुभूतिजन्य व्यङ्ग्य पनि ज्ञवालीका कविताले गरेका छन्। मानवताको अन्तरतम अनुभूतिका साथ सिङ्गो मानवताको आग्रह कविताले गरेका छन् । परम्परागत दैहिक प्रेम होइन उदात्त वा आत्मिक प्रेमको आग्रह कवितामा गरिएको छ। प्रविधिले कवितासिर्जनामै सङ्कट ल्याएको वर्तमानमा कवितालाई आक्रमणबाट बचाउनु आवश्यक छ । कवि नागरिक समाजको जैविक बुद्धिजीवी पनि हो त्यसैले लैङ्गिक सहसम्बन्ध आवश्यक छ, मान्छेको रङ होइन अन्तर्य चेतना र सुन्दरता आवश्यक छ, उपभोक्तावादले सबै सबैलाई दास बनाएको भए पनि देशभक्तिको भाव र स्वाभिमान

आवश्यक छ, देशप्रतिको उच्चसम्मान आवश्यक छ; धर्म, लिङ्ग, जातका आधारमा विभेद होइन समानता आवश्यक छ र सार्वभौम चेतना आवश्यक छ भन्ने सन्देश ज्ञवालीका कविताले सम्प्रेषण गरेका छन् । कविको प्रतीकका रूपमा शालिग्राम कविता आएको छ। कवितामा संयम, सन्तुलन अत्यन्त उच्च रहेको देखिन्छ। कर्मशील जीवनका पक्षमा वकालत गरिएको राष्ट्रगानको गायन त्यत्तिकै सशक्त छ। भाषा, लय, भाव, संरचना र कलाको संयोजन ज्ञवालीका कवितामा उच्च रहेको पाइन्छ भन्ने धारणा राख्नुभयो।

*-रमेश पोखरेल (प्रा.डा.रमेशप्रसाद भट्टराईले अविरल जनसाहित्य यात्रा १८ औँ शृङ्खलामा व्यक्त मन्तवयमा आधारित)*

**❑ कविता**



**❖ केशव थापा**

# एउटा सेल्फी

सिंहदरबार!
सत्ताको कुरूप तुरूप कति फालिरहन्छौ ?
तिमी चौँरीखर्क कहिले बन्छौ ?
तिमी चौँरीखर्क बनेको दिन
तिमीलाई सुम्सुम्याएर
तिमीसँग एउटा सेल्फी खिच्नु छ।
ग्रन्थमा वर्णित
दुर्वासा कहिलेसम्म भइरहन्छौ ?
बन्चरो बोकेर पर्शुरामजस्तै कति दौडिरहन्छौ ?
दधीचि कहिले बन्छौ ?
तिमी दधीचि बनेको दिन
तिमीसँग एउटा सेल्फी खिच्नु छ।
सधैँ धनमा मग्न देख्छु
ध्यानमग्न कहिले हुन्छौ ?
तिमी ध्यानमग्न भएको दिन
तिमीसँग एउटा सेल्फी खिच्नु छ।
गोठ सम्झेर
जसरी गोधुलीमा फर्कन्छन् गाईहरू
तिमी त्यस्तै गोठ कहिले बन्छौ ?
तिमी गोठ भएको दिन
गोधुली साँझमा
तिमीसँग एउटा सेल्फी खिच्नु छ।
सधैँ झुसिल्किरा!
पुतली कहिले बन्छौ ?
तिमी पुतली भएको दिन
तिमीसँग एउटा सेल्फी खिच्नु छ।

कोआलाझजस्तै कति सुतिरहन्छौ ?
मौरी बनेर मह कहिले बनाउँछौ ?
तिमीले मह बनाएको दिन
तिमीसँग एउटा सेल्फी खिच्नु छ।
प्रिय सिंहदरबार
तिमीसँग एउटा सेल्फी खिच्नु छ
तर...।

*दाङ।*

# चाडपर्वका वेला सुरक्षित यात्रा गरौँ

**चाडपर्वमा यात्रुको चाप बढ्ने भएकाले,**

- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौँ,
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौँ र नचढौँ,
- आवश्यक सङ्ख्यामा सवारीसाधन सञ्चालन गरौँ,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौँ,
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौँ,
- मादकपदार्थ/लागुपदार्थ सेवन गरी सवारीसधान नचलाऔँ।


दुर्घटनाबाट आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ।


नेपाल सरकार

**विज्ञापन बोर्ड**

बबरमहल, काठमाडौँ

जि.प्र.का.का. द.नं. ९४/२०६०/०६१ म.क्षे.हु.नि. द.नं. २०/०६९/७०




'अविच्छिन्न प्रकाशन भइरहेको साहित्यिक पत्रिका शब्द-संयोजन मासिक'

**खोजी खोजी पढ्नुहोस्' ।**